# शिक्षक निर्देशिका

## सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा

## कक्षा ४

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© पाठ्यक्रम विकास केन्द्र

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधनमा उतार्न वा अन्य रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन । पाठ्यपुस्तक सम्बन्धमा सुझाव भएमा पाठ्यक्रम विकास केन्द्रमा पठाइदिनुहुन अनुरोध छ ।

प्रथम संस्करण : वि.सं. २०७९

(यो शिक्षक निर्देशिका पाठ्यक्रमले तोकेका विषयगत सिकाइ उपलब्धि पूरा गर्न तथा पाठ्यपुस्तकका क्रियाकलापको सहजीकरणमा शिक्षकलाई मदत पुगोस् भन्ने हेतुले विकास गरिएको हो । यसलाई अझ राम्रो बनाउन प्रयोगकर्ताका सुझाव भए केन्द्रको समन्वय तथा सम्पादन शाखामा उपलब्ध गराउनुहुन अनुरोध छ । )

मुद्रक तथा वितरक : सहयात्रा प्रिन्टर्स एण्ड पब्लिसर्स प्रा. लि.
बिराटनगर, मोरङ
मो. ९८५२०२६०९४, ९८५११९७६६५,
९८५२०३००९४

# हाम्रो भनाइ

शिक्षण एउटा कला हो। पाठ्यक्रम शिक्षण सिकाइको मूल आधार हो। पाठ्यपुस्तक विद्यार्थीमा अपेक्षित दक्षता विकास गर्ने एक मुख्य साधन हो। यही पाठ्यपुस्तकको सफल र अर्थपूर्ण कार्यान्वयनका लागि शिक्षकलाई सहजीकरण गर्ने सामग्री शिक्षक निर्देशिका हो। यस पक्षलाई दृष्टिगत गर्दै पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षालाई व्यावहारिक, समयसापेक्ष र गुणस्तरीय बनाउने उद्देश्यले पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यलाई निरन्तरता दिँदै आएको छ। आधारभूत शिक्षाले बालबालिकामा आधारभूत साक्षरता, गणितीय अवधारणा र सिप एवम् जीवनोपयोगी सिपको विकासका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नुपर्छ। आधारभूत शिक्षाका माध्यमबाट बालबालिकाहरूले प्राकृतिक तथा सामाजिक वातावरणप्रति सचेत भई अनुशासन, सदाचार र स्वाबलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नुपर्छ। यसले विज्ञान, वातावरण र सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास गराई कला तथा सौन्दर्यप्रति अभिरुचि जगाउनुपर्छ। शारीरिक तन्दुरुस्ती, स्वास्थ्यकर बानी एवम् सिर्जनात्मकताको विकास तथा जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास पनि आधारभूत शिक्षाका अपेक्षित पक्ष हुन्। दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान गरी समाधानका उपायको खोजी गर्नु पनि आधारभूत तहको शिक्षाका आवश्यक पक्ष हुन्। यी सबै पक्षको सहज प्राप्तिका लागि शिक्षण गर्न शिक्षकलाई उचित निर्देशन दिने कार्य शिक्षक निर्देशिकाले गर्ने भएकाल सोको प्रभावकारी कार्यान्वयनका लागि यस निर्देशिकाको विकास गरिएको हो।

यस शिक्षक निर्देशिकाको लेखन श्री .होमनाथ पौडेल, सिर्जना घिमिरेदहाल, सरस्वती भट्टराई, हेमराज खतिवडा संलग्न कार्यदलबाट भएको हो। निर्देशिकालाई यस रूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक श्री वैकुण्ठप्रसाद अर्याल,

श्री रेनुका पाण्डे भुसाल, प्रा.डा.रामकृष्ण तिवारी, डा. टीकाराम गौतम, श्री दीपिका शर्मा, श्री युवराज ढकालको योगदान रहेको छ। यस निर्देशिकाको भाषा सम्पादन श्री चिनाकुमारी निरौलाबाट भएको हो। यस निर्देशिकाको कला सम्पादन श्री श्रीहरि श्रेष्ठबाट भएको हो। यस निर्देशिकाको विकास तथा सम्पादन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ।शिक्षक निर्देशिका शिक्षकलाई कार्यगत प्रशिक्षण दिने र सिकाइ सहजीकरण प्रक्रियामा नवीन प्रविधिसँग सधैँ सक्रिय राख्ने पूरक सामग्री हो। यसमा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा निर्देश गरिएका सिकाइ सक्षकता, सिकाइ उपलब्धि, विषयवस्तुको विश्लेषण तथा सिकाइ सहजीकरणका क्रममा शिक्षकले अपनाउनु पर्ने विधि र तरिका उल्लेख गरिएको छ। यसबाट सिकाइ बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक, प्रयोगमुखी र क्रियाकलापमा आधारित हुने अपेक्षा गरिएको छ। यसमा दिइएका क्रियाकलापलाई शिक्षकले आधारका रूपमा उपयोग गरी उत्पादनमूलक क्रियाकलापका माध्यमबाट विद्यार्थीको ज्ञान, सिप र धारणको विकास गराई सिकेका विषयवस्तुलाई प्रयोगिक बनाउन सक्ने छन् भन्ने अपेक्षा गरिएको छ।

सिकाइ सहजीकरणका क्रममा शिक्षकलाई निरन्तर सहयोग पुऱ्याओस् भन्ने हेतुले यस निर्देशिकाको विकास गरिएको छ। कक्षामा सबै प्रकारका क्षमता भएका विद्यार्थीको सिकाइ उपलब्धिलाई वैयक्तिक रूपमै आकलन गर्न सहज होस भन्ने ध्येय यस निर्देशिकाको रहेको छ। सिकाइ र विद्यार्थीको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिकाको अपेक्षा यस निर्देशिकाले गरेको छ। यस निर्देशिकालाई अझ परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ।

**पाठ्यक्रम विकास केन्द्र**

# विषयसूची


| एकाइ | विषयक्षेत्र र पाठ | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | हामी र हाम्रो समुदाय | १ |
| २ | हाम्रो मानव मूल्य मान्यता | १८ |
| ३ | नागरिक चेतना | ३८ |
| ४ | सामाजिक समस्या र समाधान | ६२ |
| ५ | हाम्रो विगत | ७२ |
| ६ | हाम्रो आर्थिक क्रियाकलाप | ८२ |
| ७ | हाम्रो पृथ्वी | ९९ |

एकाइ १

# हामी र हाम्रो समुदाय

पाठ १

## छिमेकीसँग नाता सम्बन्ध

अनुमानित कार्य घण्टा : ४

### १. सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| ● निकट छिमेकीहरूको सम्बन्ध पहिचान गरी सहयोग आदानप्रदान गर्ने | – छिमेकीलाई नाता लगाएर सम्बोधन गर्न<br>– समुदायमा गरिने कामको सूची बनाउन<br>– सामुदायिक काममा सहभागी हुन<br>– छिमेकीहरूसँग सहयोग आदानप्रदान गर्न |

### २.पाठ परिचय

हरेक व्यक्तिलाई एक आपसमा सहयोगको आवश्यकता पर्छ। सहयोगबिना मानव जीवन कठिन हुन्छ । सहयोगको आवश्यकताका कारणले गर्दा मानिसले आपसमा सम्बन्धको विकास गरेका हुन् । यही सम्बन्धले छिमेकीपनको विकास गऱ्यो । छिमेकमा वर्षभरिमा विभिन्न प्रकारका काम र सरसहयोगको आवश्यकता पर्छ । कतिपय काम व्यक्तिगत मात्र नभएर सामूहिक हुन्छन् र ती सामूहिक काम गर्नका लागि छिमेकमा बस्ने सबै सदस्यको सहभागिता आवश्यक पर्छ भन्ने कुरा यस पाठले प्रस्ट्याएको छ । छिमेकीहरूले मिलेर काम गर्दा सबैको अपनत्व भएको, आपसमा मेलमिलाप कायम भएको, काम छिटोछरितो रूपमा सम्पन्न भएको जस्ता दृष्टान्तहरू देखाई विद्यार्थीमा छिमेकीको आवश्यकता प्रस्ट्याउन खोजिएको छ । छिमेकीहरूलाई विभिन्न नाता लगाएर सम्बोधन गर्दा सम्बन्धलाई अझै बलियो बनाउन सकिन्छ भन्ने सन्देशसमेत यस पाठले दिन खोजेको छ ।

### ३. शैक्षणिक सामग्री

छिमेक झल्काउने चित्र, फोटो वा भिडियो, नातासम्बन्ध लेखिएका शब्दपत्ती र मेटाकार्ड, विभिन्न काम गरेका तस्वीर र भिडियोहरू

## सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

विद्यार्थीलाई उनीहरूको टोल छिमेकमा बस्ने मानिसलाई के नाता लगाएर सम्बोधन गर्ने गरेका गरिएको छ पालैपालो भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका कुरा शिक्षकले सिकाइ पाटीमा टिप्दै जानुहोस् र छिमेकीलाई विभिन्न नाता सम्बन्ध लगाएर किन बोलाउनुपर्छ भन्ने सन्दर्भलाई उदाहरणसहित स्प्रष्ट पार्नुहोस् ।

### ❖ क्रियाकलाप नं. २

विद्यार्थीहरूलाई उनीहरूका छिमेकमा कुन कुन साथीको घर रहेको छ भनेर सोध्नुहोस् । ती छिमेकी घरका मुलीलाई समूहका बुबाआमा र समूहले के नाता लगाउनुहुन्छ भनेर सोध्नुहोस् र बोर्डमा तलको जस्तै तालिका बनाई लेख्नुहोस् :

| क्र.स. | छिमेकीको नाम | आमाबाट सम्बोधन गरिने नाता | बुबाबाट सम्बोधन गरिने नाता | समूहले सम्बोधन गर्ने नाता |
|---|---|---|---|---|
| | | | | |

### ❖ क्रियाकलाप नं. ३

- छिमेकीहरूले एकअर्कालाई के कस्ता कुराहरूमा सहयोग गर्ने गरिएको छ ? भन्ने प्रश्न गरी विद्यार्थीलाई बुँदागत रूपमा भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका बुँदाहरूमा छलफल गरी शिक्षकले सिकाई पाटीमा टिप्दै जानुहोस् ।
- छलफलको सिलसिलामा विद्यार्थीले अरूलाई के कस्ता कुराहरूमा सहयोग गरेका छन्, उनीहरूले के कस्ता कुराहरूमा अरूको सहयोग लिएका छन् र कस्तो कुरामा सहयोग लेनदेन गर्न चाहन्छन् भन्ने विषयमा छलफल गर्नुहोस् ।
- छलफलको बुँदाहरूलाई सिकाइ पाटीमा टिप्दै जानुहोस् र अन्तिममा आफ्नो निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

### ❖ क्रियाकलाप ४

शिक्षकले छिमेकमा एकआपसमा सहयोगको आदानप्रदान गरिएको चित्र, फोटा, भिडियो आदि प्रदर्शन गरी ती सामग्रीमा के कस्ता सहयोगहरू आदानप्रदान भएका छन् भनी छलफल गराउनुहोस् र छिमेकमा सहयोगको आवश्यकता सम्बन्धमा स्पष्ट पार्नुहोस् ।

## ❖ क्रियाकलाप नं. ५

पाठ अध्ययन गर्न लगाई त्यहाँ दिइएको रमिला र उनको छिमेकीसँगको सम्बन्ध सम्बन्धमा अभ्यासमा भएका र निम्नलिखित प्रश्नमा आधारित भई छलफल गराउनुहोस् :

(क) रमिलाका छिमेकीहरू को को हुन् ?

(ख) समूहको छिमेकीहरूको नाम भन्नुहोस् ।

(ग) रमिलाका छिमेकी र समूहका छिमेकीबिचको समानता के के छन् ?

(घ) असल छिमेकीले गर्नुपर्ने कुनै तीनओटा व्यवहार उल्लेख गर्नुहोस् ।



पाठ १ छिमेकीसँगको सम्बन्ध

मेरो नाम रसिला हो । म कक्षा चारमा पढ्छु । मेरो गाउँको नाम लामिडाँडा हो । मेरो छिमेकमा एलिसा, राजन, दोर्जे, हमिद र रामभरोसको घर छ । हामी गाउँको विद्यालयमा सँगै पढ्न जान्छौँ । मलाई छिमेकका साथीहरूसँग मिलेर पढ्न र खेल्न रमाइलो लाग्छ ।

हाम्रो घर गाउँको बिचमा पर्दछ । एक दिन बेलुकीपख हाम्रो घरको आँगनमा म र साथीहरू खेलिरहेका थियौँ । म खेलिसकेपछि घरमा गएर गृहकार्य गर्न थाले । बुबाले मलाई गृहकार्य गर्न सहयोग गरिरहनु भएको थियो । त्यसै समयमा कृष्ण काका र पल्लो घरका जेठाबा घरमा आउनुभयो । जेठाबाले मेरा बुबालाई भन्नुभयो 'ए, माइला वर्षा सुरु हुन लाग्यो । यसपालि गैरीखेतको कुलो बेलैमा खन्नुपर्छ ।' उहाँहरू दुवैले अरू गाउँलेहरूसँग पनि सल्लाह गर्ने कुरा गर्नुभयो । त्यसपछि मेरा बुबा टोलका सबैलाई खबर गर्न जानुभयो । मैले पनि हरि दाइ, रामु काका, मन्सुर ठुलाबा, चन्द्रकला बज्यैलगायतलाई बोलाउन सहयोग गरे । गाउँलेहरू सबै भेला भएपछि जेठाबाले आफ्ना कुरा राख्नुभयो ।' 'हामीहरू यहाँ किन भेला भएका छौँ भन्ने कुरा म स्पष्ट पार्न चाहन्छु ।' 'हामीलाई थाहा नै छ, अब वर्षा सुरु हुन लाग्यो । गैरीखेतको कुलो कहिलेबाट खन्ने, यस सम्बन्धमा सल्लाह गरौँ ।' जेठाबाको कुरा सुनेर मन्सुर ठुलाबाले भन्नुभयो, हुन्छ नि दाइ, अहिले काम पनि खासै केही छैन । बरु भोलिबाटै काम सुरु गरौँ । अरू साथीहरूलाई पनि आफ्ना कुरा राख्न उहाँले अनुरोध गर्नुभयो । सबैजनाले पालैपालो आफ्ना

२ सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा, कक्षा ४

## ❖ क्रियाकलाप नं. ६

छिमेकमा गरिने विभिन्न सामुदायिक कार्यहरू के के हुन्छन् समूह-समूहमा छलफल गर्न लगाउनुहोस् र निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

## ❖ क्रियाकलाप नं. ७

तल दिइएका कुन-कुन काम छिमेकमा गरिन्छन् । छिमेकमा गरिने काममा चिनो लगाउनुहोस् ।

- बाटो वा सडक मर्मत ✓
- विद्यालय भवन मर्मत
- स्वास्थ्य चौकीको निर्माण
- सामुदायिक भवनको निर्माण
- वन संरक्षण
- टोलमा सरसफाइ
- धारा पँधेरा सरसफाइ
- सार्वजनिक चउर वा खेलमैदानको संरक्षण

## ५.मूल्याङ्कन /स्वप्रतिविम्बन

पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ

अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

## ६. परियोजना कार्य

**पाठमा भएको परियोजना कार्यलाई निम्नानुसार ढाँचामा विवरण सङ्कलन गरी प्रस्तुतीकरण गर्न लगाउनुहोस्**

आफू सहभागी भएको सामाजिक कार्यको नाम : टोल सरसफाइ कार्यक्रम सामुदायिक कार्यमा सहभागी संख्या : २० सामुदायिक कार्यमा सरसफाइ गरिएको क्षेत्र : माथिल्लो जोइकाडको बोटदेखि तल्लो चौरसम्मको सडक र आसपासका क्षेत्र सरसफाइ

### सरसफाइका लागि भएका मुख्य गतिविधि

क) प्रत्येक घरबाट कम्तीमा एक जना सरसफाइमा सहभागी भएका

ख) सरसफाइमा महिला पुरुषको समान सहभागिता रहेको पाइयो ।

ग) सरसफाइमा आउँदा हरेक घरबाट कोदालो, कुचो, झाडु, चाँदे, साबेल हँसिया, डोका आदि लिएका आएका थिए ।

घ) दसैंको अवसर पारेर सरसफाइ कार्यक्रम गरिएको थियो ।

ङ) सरसफाइमा छिमेकका काका, काकी, हजुर बुबाहरू, दाइ, दिदीहरूको सहभागिता थियो ।

च) विमला, पेमा, राजीव मलगायत ६ जना साथीहरू सरसफाइमा संलग्न थियौं ।

### सरसफाइमा गरिएका मुख्य मुख्य कार्यहरू

- सडकमा उम्रिएका झार र आसपासका झाडी सफा गरेको
- सडकमा परेका खाल्डा-खुल्टीहरू पुरिएको
- सडक आसपासमा रहेका फोहोरहरू उठाएर फोहोर राख्ने खाल्टोमा राखेको
- म र मेरा साथीहरूले फोहोर बढार्न र फोहोर उठाउन सहयोग गरेका

**पाठ २**

# छिमेकमा सरसहयोग

**अनुमानित कार्य घण्टा : ४**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| आफ्ना छिमेकीहरूसँग उचित व्यवहार गर्न | – आवश्यक पर्ने सामग्रीहरू लेनदेन गरी प्रयोग गर्न र अरूका सामग्रीहरू प्रयोग गरिसकेपछि फिर्ता गर्न<br>– छिमेकी, साथी, नातेदार तथा अन्य मानिसहरू बिरामी परेको बेला वा अप्ठेरामा परेको बेला सहयोग गर्न<br>– सामूहिक कार्यमा सहभागिता जनाउन |

## २.पाठ परिचय

मानिसलाई आपसमा सहयोगको आवश्यकता पर्दछ । हामीले आवश्यकताअनुसार विभिन्न व्यक्तिहरूलाई सहयोग गर्नुपर्छ भने आवश्यक परेको बेला अरूबाट सहयोग पनि लिनुपर्छ। यस पाठले मानिस आफैँमा पूर्ण हुन सक्दैन, त्यसैले उसलाई अरूको सहयोगको आवश्यकता पर्छ भन्ने सन्देश दिन खोजेको छ। यस पाठमा कक्षाका विद्यार्थीहरूले छिमेकमा के कस्ता क्षेत्रहरूमा सहयोगको आवश्यकता पर्छ र के कसरी सहयोगको आदान प्रदान गर्न सकिन्छ भन्ने विषयमा चर्चा गरिएको छ। दुःखमा मात्र नभएर सुखमा पनि छिमेकी चाहिन्छन्। सामाजिक समारोहमा सबै मिलेर कार्य गर्नुपर्छ भन्ने कुरा यस पाठले जानकारी दिएको छ ।

## ३.शैक्षणिक सामग्री

सर-सहयोगका उदाहरण लेखिएका शब्दपत्ती र मेटाकार्ड, सरसहयोग गरेका तस्वीर र भिडियोहरू

## ४.सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

– कुनै एकजना विद्यार्थीलाई कक्षाका अरूले थाहा नपाउने गरी कलम हराएको अभिनय गर्न लगाउनुहोस् ।

- समूहको सङ्केतअनुसार ती विद्यार्थीले कक्षामा आफ्नो कलम हरायो भनी आतिदैँ बोल्नेछन् ।
- समूह केही नबोली कक्षाका सबै विद्यार्थीहरूलाई हेरिरहनुहोस्, ती कलम नभएका विद्यार्थीलाई कुन कुन विद्यार्थीले कलम दिएर सहयोग गर्छन् अवलोकन गर्नुहोस् ।
- यही अभिनयबाट आजको पाठको प्रसङ्ग जोड्नुहोस् ।

## ❖ क्रियाकलाप नं. २

पाठमा दिइएको सम्वाद हाउभाउ सहित पढन लगाउनहोस । अन्त्यमा छलफल गरी पाठको


मेकमा सरसहयोग

ा सुरु गर्दै भन्नुभयो, हाम्रो टोल छिमेकमा पनि विभिन्न
ा छन् । तपाईंको गाउँ/टोल र छिमेकमा पनि विभिन्न
होलान् । तपाईंहरूले छिमेकीहरूसँग हुने सहयोगका
ुभव
न ।
, म
फ्ना
हु ।
छ ।
हरू
सँगै
छौं । मेरो कलममा मसी सकिएका बेला साथीहरूबाट
रूको कापी नभएका बेला म कापी दिएर सहयोग गर्छु ।
ाथीहरूसँग एकआपसमा बाँडेर खान्छौं । विद्यालयमा

ाफुल्ला, म प्रशान तामाङ हुँ । हाम्रो समुदायमा सबै जना
वर्ष हाम्रा खेतमा धान रोप्दा कोदालो, कोदाली नपुगेर
एका थियौं । मैले धान रोपिसकेपछि उक्त सामान फिर्ता
ो करेसाबारीमा पानी लगाउन हाम्रो घरबाट पाइप लगेका
ो बिहेमा भोज गर्न हाम्रा घरबाट भाँडाकुँडा लानुभएको
रसामान फिर्ता ल्याइदिनुभयो ।
ई नमस्कार ! हामी पनि छिमेकमा मिलेर बसेका छौं ।

मूल्य शिक्षा, कक्षा ४ ५

एउटा छिमेकीलाई गाह्रो पर्दा अर्कोले सहयोग गर्ने हाम्रो बानी छ । अस्ति पल्लो घरकी जानुका दिदी टाउको दुखेर आउँदा मेरा बुबाले घरमा भएको औषधी दिएर सहयोग गर्नुभयो । उक्त औषधी खाएपछि उहाँलाई अलिक सन्चो भयो । हाम्रो टोलछिमेकमा कोही बिरामी पर्दा सबै मिलेर अस्पताल लैजाने ग

रमेश यादव : नमस्कार, म रमेश यादव । हाम्रो समुदायमा सबै
मनाउने चलन छ । यस वर्षको छठ पर्वमा साथीहरू प्रवेश,
मेरा घरमा आएका थिए । छिमेकी काकाले हाम्रा घरमा समेत
ल्याइदिनुभएको थियो । सबै छिमेकी मिलेर नजिकको तलाउ
जडान गर्ने र सरसफाइ गर्ने काम भएको थियो । यसरी एक
गर्दा समस्या समाधान गर्न सजिलो हुन्छ । आवश्यकता पू
एकआपसमा आत्मीयता र मेलमिलाप बढ्छ । दसैं, तिहार,
साथीहरूले मलाई पनि बोलाउँछन् । साथीहरूसँग मिलेर
रमाइलो हुन्छ ।

रोशन थापा : स
नमस्कार, मेरो घ
पर्दछ । हाम्रो टोल
मिलेर दसैंमा पिङ
छ । हामी पालैपाल
म दसैंमा सोनाम
ठुलाबुबाका घरमा

६ सामाजिक अध्ययन तथा मानव

जान्छु । उहाँहरूको हातबाट टिका लगाएर आर्शिवाद लिने गर्छु ।
पनि हाम्रो घरमा आमा बाबसँग टिका लगाउन आउँछन् ।

## ❖ क्रियाकलाप नं. ३

- बोर्डमा छुट्टा छुट्टै कोलम बनाई दुईओटा प्रश्नहरू लेख्नुहोस् र पालैपालो विद्यार्थीहरूलाई एक एक बुँदामा ती प्रश्नका जवाफ भन्न लगाउनुहोस् ।
- विद्यार्थीले भनेका बुँदालाई बोर्डमा लेख्दै जानुहोस् र छलफल गराउनुहोस् ।
- सकेसम्म धेरै विद्यार्थीहरूलाई सहभागी गराउनुहोस् ।

| समूहले साथीहरूलाई कसरी सहयोग गर्न सक्नुहुन्छ ? | समूहले के कस्ता अवस्थामा साथीहरूबाट सहयोग लिनुहुन्छ ? |
|---|---|
| | |

### ❖ क्रियाकलाप नं. ४

सहयोगका विभिन्न अवस्था झल्काउने  तस्वीर/भिडियोहरू देखाउनुहोस् र सहयोग किन गर्नुपर्दछ भन्ने सन्दर्भमा छलफल गराउनुहोस् र प्राप्त निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगा( उनुहोस् ।






### ❖ क्रियाकलाप नं. ५

विद्यार्थीले बताएका सहयोगसँग सम्बन्धित बुँदा, समूहले लगेका तस्वीर/भिडियो र शब्दपत्तीहरू देखाउँदै निम्न आधारमा सहयोगको वर्गीकरण गराउनुहोस्

- कृषि कार्य गर्दा गरिने सहयोग
- बिरामी पर्दा गरिने सहयोग
- चाडपर्व मनाउँदा गरिने सहयोग
- धार्मिक कार्यमा गरिने सहयोग
- अन्य सहयोग

## ५. मूल्याङकन/प्रतिविम्बन

क) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

ख) तलको जस्तै स्वमूल्याङ्कन तालिका भर्न लगाई विद्यार्थीको व्यवहार परिवर्तन, उनीहरूले यथार्थ विवरण प्रस्तुत गरे नगरेको मूल्याङ्कन गर्नुहोस् :

| व्यवहार | गरेको | नगरेको |
|---|---|---|
| आफ्नो सामान नभएको बेला साथीहरूसँगबाट सहयोग लिने | | |
| अरूका सामान प्रयोग गरेपछि धन्यवाद दिने | | |
| आफ्नो काम सकेपछि ती सामानहरू फिर्ता गर्ने | | |
| कुनै साथीलाई आफ्ना सामान दिएर सहयोग | | |
| अरूलाई दिएको सामान आफूले फिर्ता लिने | | |
| आफ्नो सामान अरूले फिर्ता गरेन भने रिसाउने | | |
| अन्य | | |

# पाठ ३ छिमेकीसँगको व्यवहार

**अनुमानित कार्य घण्टा : ४**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| आफ्ना छिमेकीहरूसँग उचित व्यवहार गर्दै उनीहरूको काम एवम् पेसा बताउन र सम्मान गर्न | – आफ्ना छिमेकीहरूको नाता र उहाँहरूको पेसा बताउन<br>– छिमेकमा मनाइने विभिन्न पर्वहरूमा सहभागी हुन<br>– आफ्ना मान्यजनलाई प्रयोग गरिने आदरार्थी शब्दहरूको उचित प्रयोग गर्न<br>– छिमेकी र साथीहरूलाई सहयोग गर्नुपर्ने अवस्था पहिचान गरी आवश्यक सहयोग गर्न |

## २.पाठ परिचय

हामीले हरेक मानिससँग असल र सभ्य व्यवहार गर्नुपर्छ । हाम्रो असल व्यवहार गरेमा अरूले पनि हामीप्रति सकारात्मक व्यवहार गर्छन् । यस पाठले साथी र अन्य मान्यजनप्रति गर्ने व्यवहारको उदाहरण दिँदै असल व्यवहार सिकाउन खोजिएको छ । त्यस्तै विभिन्न पर्वमा साथीलाई बोलाउने, साथीले निम्तो स्विकार गर्ने र टोलछिमेकका मानिसलाई नाता लगाएर बोल्ने आदि सामाजिक पक्षको उदाहरण दिँदै सामाजिकीकरणको भावना विकास गर्न खोजिएको छ । शिष्ट भाषाको प्रयोग गर्न सिकाउने र सहयोगी भावनाको विकास गराउने यस पाठको अर्को सन्देश हो ।

## ३.शैक्षणिक सामग्री

चाडपर्वसँग सम्बन्धित चित्र, फोटा वा भिडियो, आदर सम्मानका शब्द लेखेका शब्दपत्तीहरू, दैनिक व्यवहारसम्बन्धी चित्र, तस्वीर, भिडियो आदि तथा अस्पताल, बिरामी, स्वयम् सेवक लेखेका प्लेकार्डहरू

## ४.सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

आफ्ना छिमेकीसँगको नाता सम्वन्धमा जानकारी लिनुहोस् ।

छिमेकीलाई विद्यार्थीले कसरी नाता लगाएर बोलाउने गरेका छन् । सबैका अनुभवहरू सुन्नुहोस् । अन्त्यमा छिमेकीसँग नाता लगाएर बोलाउनु पर्ने, उहाँहरूलाई उचित शिष्टाचारको पालना गर्ने कुरा विभिन्न उदाहरण वा क्रियाकलापमार्फत स्पष्ट पार्नुहोस् ।

### ❖ क्रियाकलाप नं. २

छिमेकीले गर्ने विभिन्न पेसा सम्वन्धमा समूह-समूहमा छलफल गरी पेसाको सूची तयार पार्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । कुन पेसा वा कामगर्ने बढी र कुन पेसा वा काम गर्ने कम रहेछन्, पत्ता लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

छिमेकमा मनाइने कुन कुन पर्वमा समूहहरू सहभागी हुनु भएको छ भनी विद्यार्थीहरूलाई प्रश्न सोध्ने, उनीहरूका जवाफलाई सिकाइ पाटीमा टिप्दै जानुहोस् । यस्ता पर्वमा सहभागिताले आत्मियता, सहयोग, सहकार्यको वृद्धि हुने कुरा स्पष्ट पारिदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. ४

छिमेकमा भएको पर्वमा मेरो सहभागिता शीर्षकमा एक पेज लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ५

छिमेकमा गरिने विभिन्न सहयोगसम्बन्धी भूमिका अभिनय गराउनुहोस्, जसका लागि

- कक्षालाई ४ समूहमा विभाजन गर्नुहोस् । पहिलो समूहलाई अस्पताल वा स्वास्थ्य संस्थाको जिम्मेवारी दिनुहोस् ।
- दोस्रो समूहलाई स्वयम् सेवकको जिम्मेवारी दिनुहोस् ।
- तेस्रो समूहका विद्यार्थीहरू बिरामी परेको अभिनय गर्नुहोस् ।
- चौथो समूहले तेस्रो समूहलाई नआत्तिने सान्त्वना दिँदै स्वयम् सेवक समूहसँग सहयोग माग्न लगानुहोस् ।
- स्वयम् सेवक समूहले बिरामीहरूलाई स्वास्थ्य संस्था वा अस्पताल लैजान र अस्पतालले बिरामी जाँचेर उपचार गर्न लगाउनुहोस् ।
- अन्त्यमा यो क्रियाकलापको उद्देश्य के होला भनी विद्यार्थीलाई सोध्नुहोस् र विद्यार्थीले दिएका उत्तरलाई बोर्डमा लेख्दै कक्षामा छलफल गराउनुहोस् ।

## ५.मूल्याङ्कन / प्रतिविम्बन

क) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

पाठ ४

# हाम्रा छिमेकीका काम र पेसा

अनुमानित कार्य घण्टा : ४

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| विभिन्न पेसा तथा व्यवसायमा प्रयोग हुने सामग्रीहरूको पहिचान र सुरक्षित प्रयोग गरी तिनीहरूको हिफाजत गर्न | – विभिन्न पेसा र आयस्रोतहरूको पहिचान गर्न<br>– विभिन्न पेसाका मानिसले प्रयोग गर्ने सामग्रीको नाम पहिचान गरी सूची बनाउन<br>– आफ्नो र परिवारको पेसासँग सम्बन्धित सामग्री पहिचान गरी तिनको प्रयोग गर्ने विधि बताउन<br>– छिमेकीका विभिन्न पेसा पहिचान गरी आफूले उचित ठानेको पेसा चयन गर्न |

## २. पाठ परिचय

पेसा मानिसको आयआर्जनको प्रमुख आधार हो । हाम्रा छिमेकमा बसोबास गर्ने मानिसले विभिन्न पेसा अवलम्बन गरेका छन् । ती पेसा कुनै कृषिसँग सम्बन्धित पेसा ( खेतीपाती, पशुपन्छी पालन), उद्योग व्यवसायसँग सम्बन्धित पेसाहरू (अचार बनाउने, तालिम दिने, पसल चलाउने, होटल चलाउने, बेतबाँसका सामान बनाउने), नोकरीसँग सम्बन्धित पेसाहरू (विद्यालयमा पढाउने, अदालतमा काम गर्ने, स्वास्थ्य चौकीमा काम गर्ने, सेना तथा प्रहरीसेवा) आदि रहेका छन् । छिमेकमा अवलम्बन गरिने यस्ता पेसाहरूको उदाहरण दिँदै हरेक पेसा बराबर महत्त्वका रहेका छन् र सबै पेसाको सम्मान गर्न सिकाउनु यो पाठको उद्देश्य हो ।

## ३.शैक्षणिक सामग्री

नाता सम्बन्ध लेखिएका शब्दपत्ती र मेटाकार्ड, विभिन्न काम गरेका  तस्वीर र भिडियोहरू, विभिन्न पेसाका नाम लेखेका स-साना चिटहरू ।

## ४.सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

- सिकाइ पाटीमा "पेसा भनेको के हो ?" भन्ने प्रश्न लेख्नुहोस् र विद्यार्थीहरूलाई पालैपालो जवाफ दिन लगाउनुहोस् ।
- विद्यार्थीलाई "समूहको परिवारमा गरिने पेसाहरू के के हुन् ?" भन्ने प्रश्न गरी पालैपालो जवाफ दिन लगाउनुहोस् ।
- त्यसैगरी छिमेकीका पेसा सोध्नुहोस् र विद्यार्थीहरूलाई पालैपालो जवाफ दिन लगाउनुहोस् ।
- विद्यार्थीले दिएका जवाफहरूलाई छलफल गर्दै छिमेकमा गरिने विभिन्न पेसा र तिनको महत्त्व बारे बताइदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. २

- विद्यार्थीहरूलाई विद्यालयको चौरमा लैजानुहोस् । यदि सम्भव छैन भने कक्षाकोठाभित्रै यो क्रियाकलाप गराउनुहोस् ।
- चौर वा कक्षाकोठामा कृषि समूह, व्यवसाय समूह र नोकरी समूह गरी तीन समूहका लागि निश्चित ठाउँ तोकिदिनुहोस् ।
- समूहसँग लगेको पेसाको नाम लेखेका कागजको चिटहरू पालैपालो सबै विद्यार्थीहरूलाई तान्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले चिट तान्दा कुन पेसा समूहसँग सम्बन्धित चिट तान्दछन् सोही समूहमा सामेल हुन लगाउनुहोस् ।
- कुन विद्यार्थीलाई के पेसा परेको छ यकिन गरी सो पेसाको महत्त्वका विषयमा बोल्न लगाउनुहोस् ।
- एक जना विद्यार्थीले बोलेपछि सो विषयमा अरू विद्यार्थीहरूले केही कुरा थप्न वा कुनै प्रतिक्रिया दिन चाहन्छन् भने उनीहरूलाई बोल्न दिनुहोस् ।
- प्रत्येक विद्यार्थीले बोलेपछि सबैजनालाई ताली बनाउन लगाउनुहोस् ।
- अन्त्यमा पेसाको महत्त्वका विषयमा समूहले छोटकरीमा बताइदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

तल दिइएका कुन-कुन पेसा समूहका छिमेकीले गर्नुहुन्छ ? पहिचान गर्नुहोस् र तलको तालिका भर्नुहोस् ।

कृषि पेसा, शिक्षण , व्यापार, साना पसल सञ्चालन, पशुपालन, सवारी चालक, नर्सिङ, फलफूल खेती, सरकारी कर्मचारी, संघसंस्थामा काम गर्ने

| छिमेकीले गर्ने पेसा | छिमेकीले नगर्ने पेसा |
|---|---|
| | |
| | |
| | |

### ❖ क्रियाकलाप नं. ४

क्रियाकलाप ३ मा चर्चा गरिएको कुन पेसामा कुन कुन काम गरिन्छ, तलको जस्तै तालिमा भर्न लगाउनुहोस् ।

| कृषि | शिक्षण | व्यापार | साना पसल | पशुपालन | सवारी चालक | फलफुल खेती |
|---|---|---|---|---|---|---|
| | | | | | | केरा खेती |
| | | | | | | स्याउ खेती |
| | | | | | | मेवा खेती |
| | | | | | | एभोकाडो |
| | | | | | | ड्रयागन फ्रुट्स खेती |

### ❖ क्रियाकलाप नं. ५

कक्षामा विद्यार्थीहरूलाई दुइटा घेरामा उभिन लगाउनुहोस् । बाहिरी घेरा र भित्री घेरामा बराबर विद्यार्थी राख्नुहोस् । भित्री घेरा अचल हुन्छ भने बाहिरी घेराका विद्यार्थीहरूलाई भित्रीघेराकासँग एक एक जना आमन सामने हुने गरी राख्नुहोस् । अब कुनै एक प्रश्न सोधी एक मिनेट समयमा सो प्रश्न वा विषयवस्तु सम्बन्धमा साथीसँग छलफल गर्न लगाउनुहोस् । जस्तै सवारी चालक पेसासँग सम्बन्धित रही छलफल गर्ने । विद्यार्थीले सुरुमा आफ्नो सम्मुखमा भएको साथीसँग सवारी चालक पेसाको बारेमा एक मिनेटमा दुवैले पालैपालो आफ्नो विचार राख्नेछन् ।

सवारी चालक एउटा पेसा हो । मेरो छिमेकी काका सवारी चालक हुनु हुन्छ । सवारी चालकमा पनि बस चालक, टक चालक, ट्याक्सी चालक,डोजर चालक, एम्बुलेन्स चालक आदि हुन्छन् । सवारी चालकले सुरक्षित साथ सवारी चलाउनुपर्छ ।

समय सकिएपछि बाहिर घेराका साथीहरू घडी घुम्ने दिशामा एक कदम अगाडि बढ्नुपर्ने छ र नयाँ साथीको सम्मुख पुग्नुहुने छ । अब शिक्षकले नयाँ विषयवस्तुमा फेरि छलफल गराउनुपर्ने छ । जस्तै व्यापारमा कुन कुन क्रियाकलाप वा कार्यहरू पर्छन्, सम्मुख रहेको साथीसँग छलफल गर्नुहोस् । छलफलको समय एक मिनेट हुने छ । यसै गरी पालैपालो घुम्दै सबैसँग फरक-फरक विषयवस्तुमा छलफल गर्ने अवसर प्रदान गर्नुहोस् । यो विधिको नाम स्पिड डेटिङ हो ।

## ५.मूल्याङकन प्रतिविम्बन

क) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

## थप प्रश्नहरू

(क) समूहको परिवार र छिमेकीका पेसाहरू के के हुन् ?

(ख) समूहको छिमेकीका कुनै पाँच पेसाहरू बताउनुहोस् ।

(ग) समूहलाई कुन पेसा मनपर्छ ? त्यो पेसा किन मन परेको हो ?

(ङ) हामीले पेसाहरूको सम्मान किन गर्नुपर्छ ?

ख) स्पिड डेटिङ क्रियाकलापमा विद्यार्थीको सक्रियता, सहभागिता, विषयवस्तुको जानकारी आदिको आधारमा मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

# पाठ ५ पेसा र व्यावसायमा प्रयोग हुने सामग्रीहरू

**अनुमानित कार्य घण्टा : ४**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
| --- | --- |
| ● विभिन्न पेसा तथा व्यवसायमा प्रयोग हुने सामग्रीहरूको पहिचान र सुरक्षित प्रयोग गरी तिनीहरूको हिफाजत गर्न. | – कृषिको लागि आवश्यक पर्ने सामग्रीहरूको पहिचान गरी तिनीहरूको नाम बताउन (हँसिया, हलो, कुटो, कोदाला, डोको, नाम्लो, टोकरी, खर्पन, आरा, हथौडा, तराजु आदि)<br>– विभिन्न औजारहरू कुन कुन प्रयोजनका लागि प्रयोग गरिन्छन् भन्ने कुरा बताउन ।<br>– आफ्ना विभिन्न सामग्रीहरू काम सकिएपछि सुरक्षित तबरले राख्न तरिकाको अभ्यास गर्न ।<br>– औजारहरूको सुरक्षा गर्नुपर्ने कारण र फाइदा बताउन |

## २.पाठ परिचय

पेसा हरेक मानिसको जीवनको आवश्यकता हो । जीवनलाई सरल बनाउनका लागि प्रत्येक व्यक्तिले विभिन्न पेसाहरू अवलम्बन गर्नुपर्ने हुन्छ । हाम्रो समुदायका मानिसहरूले अवलम्बन गर्ने पेसा एकै प्रकारका छैनन् । आफ्नो इच्छा, क्षमता, सिप आदिको आधारमा मानिसहरूले पेसाको चयन गर्छन् । विभिन्न पेसाका लागि फरक फरक प्रकारका औजार र सामग्रीहरूको आवश्यकता पर्छ । यस पाठमा कृषि, फर्निचर उद्योग र किराना पसल गरी तीन पेसाका विषयमा छलफल गर्दै ती पेसाका लागि आवश्यक पर्ने सामग्री, कच्चा पदार्थ र औजारका विषयमा चर्चा भएको छ। यही छलफलका माध्यमबाट विभिन्न पेसामा प्रयोग हुने सामग्रीहरूको परिचय, प्रयोग तथा सुरक्षाका उपायहरू सिकाइएको छ। यस पाठले विभिन्न पेसा अवलम्बन गरी स्वरोजगार बन्न सकिन्छ भन्ने सन्देश दिएको छ भने सामानाहरू प्रयोग गर्दा तिनीहरूको मात्रा, गुणस्तर तथा प्रयोग गर्न मिल्ने अवधिका विषयमा समेत हेक्का राख्नुपर्ने जानकारी दिएको छ ।

## ३. शैक्षणिक सामग्री

विभिन्न पेसा लेखेका शब्दपत्ती र मेटाकार्ड, विभिन्न काममा प्रयोग हुने सामग्रीका नमुना, विभिन्न काम गरेका तस्वीर र भिडियो आदि

## ४.सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

शिक्षकले विभिन्न पेसामा प्रयोग हुने सामग्रीको चित्र वा वास्तवित सामग्री प्रदर्शन गरी ती सामग्री चिन्न र कहाँ कहाँ प्रयोग हुन्छ भन्न लगाउनुहोस् । उनीहरूले गलत उत्तर दिएमा सुधार गरीदिनुहोस् ।

### ❖ क्रयाकलाप २

कक्षाको सिकाईपाटीमा तलको जस्तै तालिका बनाउनुहोस् ।

| पेसा | प्रयोग हुने सामग्री | सुरक्षाका उपाय |
|---|---|---|
| सूचीकार | | |
| ....... | | |
| ....... | | |

- आफूले लगेका विभिन्न पेसा लेखेका मेटाकार्डलाई पालैपालो पेसाको कोलममा टाँस्नुहोस् । (उदाहरणका लागि सूचीकार)
- विद्यार्थीमध्ये केही जनालाई सो पेसामा प्रयोग हुने सामग्रीको नाम भन्न लगाउनुहोस् र केही जनालाई ती सामग्रीको सुरक्षाका उपायहरू सोध्नुहोस् ।
- विद्यार्थीले भनेका कुरामा छलफल गर्दै ती बुँदाहरू टिप्दै जानुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

- शिक्षकले आफूसँग लगेका सामग्रीहरू देखाउँदै तिनीहरूको प्रयोग कुन पेसाका लागि कसरी गरिन्छ भनी प्रश्न सोध्नुहोस् । (जस्तै हँसियाको प्रयोग किसानहरूले घाँसदाउरा काट्नका लागि गर्छन् । )
- विद्यार्थीलाई ती सामग्रीको प्रयोग गर्न लगाउनुहोस् । (जस्तै करौँतीले घाँस काट्ने)
- आफूले प्रयोग गरिसकेपछि ती सामग्रीहरू सुरक्षित तरिकाले राख्न लगाउनुहोस् ।
- विद्यार्थीले सामग्री प्रयोग गर्दा र राख्दा कत्तिको होसियारी अपनाएका छन् भन्ने अवलोकन

गर्नुहोस् र तत्काल सुझाव दिनुहोस् ।

- धारिला औजार तथा खतरनाक सामग्री प्रयोग गराउँदा चोटपटक लाग्न सक्ने कुरालाई ध्यानमा राख्नुपर्ने कुरा बताइदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. ४

कुन सामग्री कसरी सुरक्षित राख्न सकिन्छ समूह समूहमा छलफल गरी पहिचान गर्न लगाउनुहोस् ।

हसिँया, खुकुरी, हलो, कोदालो, नाम्लो, सिलाइ मेसिन, स्टेथेस्कोप, नाप्ने टेप, थर्मोमिटर, हाते करौँती, बसिला, गल, ढक तराजु,

### ❖ क्रियाकलाप नं. ५

म को हो ? भन्ने क्रियाकलाप गराउनुहोस् । यसका लागि कुनै एक हिफाजत गर्ने तरिका वा सुरक्षाको उपाय भन्न लगाउने र चिन्न लगाउने गर्न सकिन्छ ।

जस्तै मलाई वेला वेलामा अर्चाप्न पर्छ र म खुर्पोटमा बस्न मन पर्छ ? म को हुँ ? यसको सही जवाफ आएमा ( जस्तै हँसिया वा करौती भनेमा ) अर्को विद्यार्थीलाई अर्को यस्तै प्रश्न गर्न लगाउनुहोस् । म दाममा रहँदा मानिसले सुरक्षा महसुस गर्छन् ? म को हुँ ? खुकुरी भन्ने जवाफ सही जवाफ हो । यसरी नै अरू पेसागत सामग्रीको सुरक्षित राख्ने उपाय वा साधन सम्बन्धमा प्रश्नोतर गर्दै छलफल गराउन सकिन्छ ।

## ५.मूल्याकन/ प्रतिविम्बन

क) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

ख) तलको जस्तै वा उचित प्रकारको रुजुसिट बनाई विद्यार्थीको अवलोकन मूल्याङ्कन गर्नुहोस् ।

| क्र.सं. | विद्यार्थीको नाम | मूल्याङ्कन | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पेसासँग सम्बन्धित सामग्रीको नाम भन्न | | सुरक्षाका उपायहरू बताउन | | देखाइएका सामग्रीको नाम भन्न | | सामग्रीको उचित प्रयोग गर्न | | प्रयोग गरेका औजारहरू सुरक्षासाथ राख्न | |
| | | सक्ने | नसक्ने | सक्ने | नसक्ने | सक्ने | नसक्ने | सक्ने | नसक्ने | सक्ने | नसक्ने |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

एकाइ २

# हाम्रा मानव मूल्य मान्यता

पाठ १

## मान्यजनको सम्मान र प्रेरणा

अनुमानित कार्य घण्टा : ३

### १. सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| ● मान्यजनको सम्मान गरी उनीहरूबाट प्रेरणा प्राप्त गर्न | – आफू बसोबास गर्ने स्थानका समाजसेवीहरूको पहिचान गरी उहाँहरूको योगदान बताउन<br>– समाज सेवीका योगदानबाट प्रेरणा प्राप्त गरी आफ्नो व्यवहारमा परिवर्तन ल्याउन<br>– वातावरण संरक्षणमा व्यक्तिको योगदानको महत्व बताई आफू पनि वातावरण संरक्षणप्रति सचेत रहन । |

### २.पाठ परिचय

मानिसले एक अर्काको सम्मान गर्नुपर्छ । हामीले अरूको सम्मान गरेमा मात्र अरूले पनि हामीलाई सम्मान गर्छन् । असल काम गर्ने, समाजसेवा गर्ने, देश र जनताको भलो चिताउने व्यक्तिलाई सबैले सम्मान गर्छन् । हाम्रा परिवारका अग्रज, नातेदार र समाजसेवी व्यक्ति समुदाय/समाजका मान्यजन हुन् । यस्ता मान्यजन तथा समाजसेवीका असल कामबाट हामीले प्रेरणा प्राप्त गर्न सक्छौँ । समाजसेवीको ख्याती एक परिवारमा मात्र सीमित हुँदैनन् । उसका योगदानका सिँगो समाज र देशले लाभ लिइरहेको हुन्छ । यस पाठको माध्यमबाट विद्यार्थीहरूलाई समुदायका मान्यजनहरूको सम्मान गर्ने, मान्यजनहरूले गरेका राम्रा कामहरूको अनुसरण गर्ने, आफूले पनि राम्रा कामहरू गर्ने प्रेरणा प्राप्त गर्ने अपेक्षा राखिएको छ । विद्यार्थीहरूलाई समुदायप्रति जिम्मेवारी बोध गराई व्यवहारमा परिवर्तन ल्याउनु यस पाठको उद्देश्य हो ।

### ३.शैक्षणिक सामग्री

- मान्यजनलाई सम्मान गरेका तस्वीर
- समाजसेवीको परिचय/परिभाषा लेखेको चार्ट

- समाजसेवीले योगदानका क्षेत्रहरू लेखेका चार्ट, मेटाकार्ड
- मान्यजनलाई कसरी सहयोग र सम्मान गर्न सकिन्छ ? भन्ने प्रश्न लेखेको चार्ट पेपर
- सम्मानजनक शब्दहरूका शब्दपत्ती
- सम्मानसँग सम्बन्धित भिडियो क्लिपहरू आदि

## ४.सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

- "मान्यजन कसलाई भनिन्छ भनी प्रश्न गर्नुहोस् ?" उनीहरूको जवाफ सिकाई पाटीमा टिप्नुहोस् । आफूले मान्यजनको परिभाषा लेखिएको चार्ट वा कार्ड प्रदर्शन गर्दै मान्यजनको अवधारणा स्पष्ट पार्नुहोस् ।
- विद्यार्थीले मान्यजनलाई कसरी अभिवादन गर्ने गरेका छन् ? मान्यजनप्रति कस्तो व्यवहार देखाउने गरेका छन् ? आदि प्रश्न गर्दै मान्यजन प्रति गरिने व्यवहारको टिपोट गर्न लगाई कक्षामा छलफल गराउनुहोस् ।

### ❖ क्रियाकलाप नं. २

समूहको समुदायमा अरू मानिसलाई धेरै सहयोग गर्ने कुनै व्यक्तिको नाम थाहा छ ? उहाँले कस्तो सहयोग गर्ने गर्नुभएको छ ? आदि प्रश्न सोध्दै समुदायमा रहेका समाजसेवीको बारेमा छलफल गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

तलका मध्ये कुन कुन काम समाजसेवा अन्तर्गत पर्छन् ? पहिचान गर्न लगाउनुहोस् :

- अप्ठेरो परेको वेला गाउँटोलका मानिसलाई सहयोग गर्ने
- गाउँको विकासका काममा सहयोग गर्ने
- वनमा फँडानी गर्ने
- नाङ्गा पाखाहरूमा वृक्षारोपण गर्ने
- गाउँमा चेतना फैलाउने काम गर्ने
- समाजमा रहेका अन्धविश्वास र विकृति हटाउन सक्रिय भूमिका खेल्ने

### ❖ क्रियाकलाप नं. ४

विद्यार्थीहरूलाई समुदायमा रहेको बाटोघाटो वनाउन सक्रिय रहने, चौतारा बनाउने व्यक्ति, विद्यालय बनाउन जग्गा उपलब्ध गराउने व्यक्ति, गाउँका व्यक्तिलाई अप्ठेरो पर्दा सहयोग गर्ने व्यक्तिको नाम थाहा छ भनी सोध्नुहोस् र थाहा छ भने पालैपालो भन्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ५

- समुदायका समाजसेवीको सूची तयार पार्न लगाउनुहोस् ।
- बोर्डमा २ ओटा कोलमहरू बनाई एउटामा समाजसेवीको नाम र अर्कोमा योगदान लेख्न लगाउनुहोस् ।

| समाजसेवीको नाम | योगदान |
|---|---|
| | |
| | |

### ❖ क्रियाकलाप नं. ६

- मान्यजन तथा समाजसेवीलाई सम्मान र सहयोग गरेको चित्र, फोटो, भिडियो आदि प्रदर्शन गरी मान्यजन प्रति गरिएको सम्मान र सहयोग सम्वन्धमा छलफल गराउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ७

- मान्यजन र समाजसेवीलाई कसरी सहयोग र सम्मान गर्न सकिन्छ ? भन्ने प्रश्न लेखेको चार्ट पेपर बोर्डमा टाँस्नुहोस् ।
- विद्यार्थीहरूलाई मान्यजनलाई सहयोग र सम्मान गर्ने तरिका कापीमा लेख्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ८

- मान्यजन तथा समाजसेवीबाट प्रेरणा प्राप्त गरेको कुनै कथा वा सन्दर्भ वा उदाहरण प्रस्तुत गर्दै उनीहरूले पनि मान्यजन तथा समाजसेवीबाट प्राप्त गरेका प्रेरणा बताउन प्रेरित गर्नुहोस् ।

## ५.मूल्याङ्कन/प्रतिविम्बन

क) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

## केही नमुना प्रश्नहरू

(क) मान्यजन भन्नाले कस्ता व्यक्तिलाई चिनिन्छ ?
(ख) समाजसेवीले के कस्ता क्षेत्रमा योगदान दिन्छन् ?
(ग) समूहलाई समाजसेवी किन मनपर्छ ?
(घ) समुदायका सबै मानिसहरूलाई किन समाजसेवी नमानिएको होला ?

## ६.परियोजना कार्य

स्थानीय समाजसेवीलाई भेटी उहाँले गरेका राम्रा कामहरूको टिपोट गर्न लगाई कक्षामा छलफल गराउनुहोस् । यसका लागि आवश्यक प्रश्नावली कक्षामा छलफल गरी अन्तिमरूप दिई सोही प्रश्न सोधेर जवाफ टिप्नुपर्ने कुरा बताइदिनुहोस् ।

पाठ २

# क्षमाशील बनौं

**अनुमानित कार्य घण्टा : ३**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| मान्यजनको सम्मान गरी उनीहरूबाट प्रेरणा प्राप्त गर्न | – क्षमाशील बानी बसाल्न<br>– क्षमाशील व्यवहार प्रदर्शन गर्न |

## २.पाठ परिचय

क्षमाशील हुनु मानिसको महत्त्वपूर्ण गुण हो । कहिलेकाहीँ जान वा अन्जानमा कसैले गल्ती गरेमा उसले आफ्नो गल्ती महसुस गरी क्षमा माग्नुपर्छ । यसरी क्षमा मागिसकेपछि वा गल्ती स्वीकारी सकेपछि उसलाई गल्तीको सिकार भएको व्यक्तिले क्षमा दिनुपर्दछ । यस्ता गुण र व्यवहारले व्यक्तिमा मानव मूल्यको भावना र व्यवहारलाई अभ्यास गर्न मदत पुग्छ । हामीले पनि हाम्रो जीवनमा क्षमाशील व्यवहार प्रदर्शन गर्नुपर्दछ । जसले व्यक्तिप्रतिको सद्भाव वृद्धि हुन्छ । उ प्रति हेरिने दृष्टिकोण सकारात्मक हुन्छ । समाजमा असल व्यक्तिको रूपमा आफ्नो पहिचान स्थापित गर्न मदत गर्छ । यस पाठमा क्षमाशील आचरण र यसको महत्त्व सम्वन्धमा चर्चा गरिएको छ ।

## ३.शैक्षणिक सामग्री

- क्षमाशील आचरणको परिभाषा लेखिएको कार्ड
- क्षमाशील आचरणको महत्त्वको सूची

## ४.सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

कक्षा वा कुनै ठाउँमा कुनै साथीले गल्ती गरेको र अर्को साथीले क्षमा दिएको कुनै अनुभव सुनाउन लगाउनुहोस् र ती अनुभवलाई टिपोट गर्दै छलफल गराउनुहोस् ।

### ❖ क्रियाकलाप नं. २

– क्षमाशील व्यवहार देखाएको कुनै चित्र वा कथा, भिडियो प्रदर्शन गरी क्षमाशील व्यवहारको फाइदाहरू सम्वन्धमा छलफल गराउनुहोस् ।

– **क्षमाशील व्यवहारका फाइदाहरू**

व्यक्तिप्रति सकारात्मक सोच र भावनाको विकास हुन्छ ।

क्षमादिने व्यक्तिलाई सबैको प्रिय हुन्छ ।

समाजमा समानता र सहिष्णुता र समभावको विकास हुन्छ ।

सामाजिक सद्भावको वृद्धि हुन्छ ।

सामाजिक द्वन्द्व व्यवस्थापनमा सहयोग हुन्छ ।

शान्ति, सहयोग र एकताको भावना वृद्धि हुन्छ ।

## ❖ क्रियाकलाप नं. ३

विद्यार्थीहरूलाई कक्षामा कुनै विद्यार्थीले गल्ती गरेको, पछि गल्ती महसुस गरी क्षमा मागेको र अर्को साथीले क्षमाशील व्यवहार प्रदर्शन गरेको भूमिका अभिनय गर्न लगाउनुहोस् । यो अभिनयबाट समूहले के बुझ्नुभयो भनी कक्षाका विद्यार्थीहरूलाई पालैपालो सोध्नुहोस् र उनीहरूले भनेका कुराहरू छलफल गर्दै बोर्डमा टिपोट गर्नुहोस् । अन्तिममा–क्षमाशील व्यवहारको महत्त्व स्पष्ट पारिदिनुहोस् ।

## ❖ क्रियाकलाप नं. ४

तलका कुन कुन व्यवहारले –क्षमाशील व्यवहार प्रस्तुत गरेको छ, पहिचान गर्नुहोस् :

- कक्षामा हिड्दा राजुको खुट्टा टेक्न पुगेको हरिले माफी मागेको र राजुले पनि हरिलाई माफी दिएको
- सरिता दगुर्दै गर्दा मनोजले खाँदै गरेको टिफिन खसेर भुइँमा छरिएको, सरिताले गल्तीको महसुस गरी क्षमायाचना गरेको र मनोजले सरितालाई ठिक छ, कहिलेकाही यस्तो भइहाल्छ नि, तिमीले क्षमा माग्यौँ म क्षमा दिन्छु भनेर भनेको ।
- रविनाले सीताको कलम तान्दा खेरी भाँचिएको तर रविनाले उल्टै सितालाई गल्ती देखाएको

## ❖ क्रियाकलाप नं. ५

पेज ४३ र ४४ मा दिइएको स्वप्रतिविम्बन खण्डको कथा शिक्षकले वाचन गरी बिच बिचमा रोकिँदै प्रश्न गर्ने जस्तै पहिलो र दोस्रो अनुच्छेद पढी सकेपछि नम्नानुसार प्रश्न गर्ने, जस्तै :

- राजाले मन्त्रीलाई बोल्न नदिएको तिमीलाई कस्तो लाग्यो ?
- राजालाई मन्त्रीलाई किन बोल्न नदिएका होलान् ?

– के समूह राजा भएको भए मन्त्रिलाई बोल्न दिनुहुन्थ्यो ?

अव ४३ पेजका दोस्रो अनुच्छेद पछिका ४ ओटा अनुच्छेदका संवाद पढ्दै जानुहोस् र निम्नानुसारको प्रश्न सोध्दै विद्यार्थीको विचार सङ्कलन गर्नुहोस्, जस्तै

– मन्त्रीले आफ्नो अन्तिम इच्छा के भन्छन् होला ?

– त्यस्तो बेलामा समूह भएको भए आफ्नो अन्तिम इच्छा के भन्नुहुन्थ्यो ?

शिक्षकले अब बाँकी विषयवस्तु पढ्दै जानुहोस् र निम्नानुसारको प्रश्न बिच बिचमा सोध्दै पनि जानुहोस् ।

– जङ्गली कुकुरले मन्त्रीलाई देख्दा किन पुच्छर हल्लाएको होला ?

– राजाले मन्त्रीलाई किन माफी दिएका होलान ?

## ५.मूल्याङकन/ प्रतिविम्बन

क) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

ख) तल दिइएको रुजुसूचीको आधारमा विद्यार्थीको स्वभावको मूल्याङ्कन गर्नुहोस् ।

| **स्वभावहरू** | **गरेको** | **नगरेको** |
|---|---|---|
| अरूका सामान लुकाइदिने | | |
| आफूसँग कुनै साथी ठोक्किएमा रिसाउने | | |
| आफूले गल्ती गरेको बेला साथीसँग माफी माग्ने | | |
| साथीले माफी माग्दा माफी दिने | | |
| विवाद भएमा शिक्षकलाई भन्ने | | |
| आजसम्म कुनै साथीसँग झगडा | | |
| अन्य | | |

पाठ ३

# असल बानी व्यवहार

**अनुमानित कार्य घण्टा : 8**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| असल बानी बसाल्न र व्यवहार गर्न | – समयको सदुपयोग गर्ने बानीको विकास गर्ने<br>– समूहमा मिलेर काम गर्ने बानीको विकास गर्ने<br>– आफ्नो काम समयमै पूरा गर्ने बानीको विकास गर्ने<br>– जेष्ठ नागरिक, अशक्त र अपाङ्गप्रति सम्मान गर्न<br>– सामाजिक सञ्जालको सही उपयोग गर्न<br>– आफ्ना सरसामानको सुरक्षा गर्ने र स्वविवेकको प्रयोग गर्ने क्षमता विकास गर्ने |

## १.पाठ परिचय

समाजमा विभिन्न प्रकारका क्रियाकलापहरू भइरहेका हुन्छन् । यस्ता क्रियाकलापहरूमा सहभागी हुनु र सामाजिक मूल्य र मान्यताको अनुसरण गर्नु हाम्रो कर्तव्य हो । मानिस मन, वचन र कर्मले असल हुनुपर्छ । सामाजिक क्रियाकलापमा हुने सहभागिताले मानिसमा सकारात्मकता वृद्धि गर्छ । परिवार, समुदाय र सामाजिक क्रियाकलापबाट मानिसले बोल्ने सिपको विकास गर्छ । मानिसको बोलीले हरेक कुरामा प्रभाव पार्दछ । अतः बोलीमा विचार पुऱ्याउनुपर्छ । त्यस्तै प्रौढ, अशक्त, वृद्धको मानसम्मान गर्नुपर्छ, आफ्ना सामानको जतन गर्नुपर्छ भन्ने कुरा पनि यस पाठमा उल्लेख भएको छ। छोटकरीमा भन्नुपर्दा यस पाठको मूल उद्देश्य विद्यार्थीमा स्वविवेकको विकास गराउनु र हरेक ठाउँमा अनुशासनको प्रयोग गर्ने बानीको विकास गराउनु रहेको छ। लयबद्ध गीतको रूपमा यो पाठको प्रस्तुतीकरण भएको छ । यस पाठले मानिसका असल बानीको चर्चा गरेको छ । समय निकै बलवान् छ र सोही समयको सदुपयोग गर्न सकेमा हामीले आफ्नो जीवनमा सफलता पाउन सक्छौँ ।

## २.शैक्षणिक सामग्री

पाठ्यपुस्तकमा दिइएको कविता लेखेको ठुलो चार्ट पेपर, असल बानीहरू लेखेका शब्दपत्ती, मेटाकार्ड/चार्ट पेपर, असल बानीसँग सम्बन्धित तस्वीर/भिडियोहरू, “मेरा असल बानीहरू” लेखेको मेटाकार्ड

## सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

पाठ्यपुस्तक भएको गीत हाउभाउ र लय मिलाउँदै गाउनुहोस र विद्यार्थीलाई एकल र सामूहिकरूपमा गाउने अभ्यास गराउनुहोस् ।

### ❖ क्रियाकलाप नं. २

विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी गीतको सन्देश लेख्न लगाउनुहोस् । समूहको प्रस्तुतिपछि शिक्षकले गीतले दिने सन्देश चार्ट वा तालिकाको माध्यमबाट स्पष्ट पार्नुहोस् ।

#### गितले दिने सन्देश

समय खेर फाल्नु हुँदैन् ।
समयको महत्त्व सबैले बुझ्नुपर्छ ।
समयमा काम सक्ने मानिस जीवनमा सफल हुन्छ र
उसको नाम सफल व्यक्तिको रूपमा चिनिन्छ ।
हामीले नराम्रो काम गर्नुहुँदैन ।
अरू व्यक्ति सदैव असल व्यवहार गर्नुपर्छ ।
असल व्यवहार गर्ने व्यक्तिलाई सबैले मनपराउँछन् ।
असल बोलीवचनले सभ्यताको परिचय दिन्छ ।
सामूहिक रूपमा गरिएको कामले एकता कायम हुन्छ ।
जेष्ठ नागरिक र असक्तको सेवा र सम्मान गर्नुपर्छ ।
सबै प्रति समान व्यवहार गर्नुपर्छ, कसैप्रति पनि विभेद गर्नुहुन्न ।
घरायसी सामानको जतन गर्नुपर्छ ।
मोबाइल टिभीमा धेरै समय फाल्नु हुँदैन ।
फेसबुक र भाइवरको लत राम्रो हुँदैन ।
सामाजिक सञ्जाललाई सिकाइमा सदुपयोग गर्नुपर्दछ ।

### ❖ क्रियाकलाप नं. ३

विद्यार्थीलाई जोडी जोडीमा बस्न लगाई साथीका ४ ओटा असल बानीहरू लेख्न लगाई छलफल गराउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ४

गीतमा भएका असल व्यवहार र आफ्नो र साथीका कुन असल व्यवहार मिल्न गयो सोसमेत भन्न लगाउने ।

### ❖ क्रियाकलाप नं. ५



स्पाइडर वेब (माकुरी जालो) खेल खेल्न लगाई असल व्यवहार भन्न लगाउनुहोस् र असल आचरणको पालना गर्न प्रतिबद्धता व्यक्त गर्न लगाउनुहोस् ।

यो खेल खेल्दा सुरुमा विद्यार्थीहरूलाई गोलो घेरामा उभिन लगाउनुहोस् । एउटा धागोको लरियो वा डल्लो लिनुहोस् र कुनै एक असल व्यवहार गर्ने प्रतिबद्धता जनाई धागोको टुप्पो आफैले राखी डल्लो कुनै एक विद्यार्थीलाई पास गर्ने, विद्यार्थीले पनि कुनै एक असल व्यवहार गर्ने प्रतिबद्धता जनाई धागोको एक भाग समाई धागोको डल्लो फेरी अर्को अर्को गरी सबै विद्यार्थीलाई दिई पालैपालो असल व्यवहार गर्ने प्रतिबद्धता व्यक्त गर्न लगाउनुहोस् । सबैले प्रतिबद्धता व्यक्त गरेपछि सबैको धागो तन्काउन लगाउनुहोस् र हामी आजबाट सधै असल व्यवहार गर्छौं भनी सामूहिक प्रतिबद्धता व्यक्त गर्न लगाउनुहोस् ।

## ५.मूल्याङकन/प्रतिविम्बन

क) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

ख) स्पाइडर वेभमा भएका क्रियाकलापलाई निम्न आधारमा मूल्याङ्कन गर्नुहोस् ।

- विद्यार्थीको सक्रियता
- प्रश्न सोध्ने तरिका
- जवाफ र विषयवस्तुको तादाम्यता
- सामूहिक प्रतिबद्धता

**पाठ ४**

# हाम्रा भाषा र रहन सहन

**अनुमानित कार्य घण्टा : ४**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
| --- | --- |
| आफ्नो समुदायका विभिन्न भाषा, वेषभूषा, रहनसहनको पहिचान र सम्मान गर्न | – भौगोलिक क्षेत्रअनुसारका भाषा, वेषभूषा, खानपान र रहनसहनको परिचय दिन<br>– विभिन्न भौगोलिक क्षेत्रमा फरक-फरक प्रकारका भाषा, वेषभूषा, खानपान र रहनसहन हुनाका कारणहरू पहिचान गर्न<br>– विभिन्न भाषा, वेषभूषा, रहनसहनको सम्मान गर्न |

## २.पाठ परिचय

नेपाल अनेकतामा एकता भएको मुलुक हो । यस मुलुकमा धेरै जातिका मानिसको बसोबास रहेको छ । जातिअनुसारका आफ्ना आफनै प्रकारका भाषा, पहिरन, परिकार आदि रहेका छन् । नेपालको भौगोलिक विविधताले यहाँको सांस्कृतिक विविधतामा पनि प्रभाव पारेको छ । भौगोलिक क्षेत्रअनुसार मानिसका रहनसहन, आहारविहार आदिमा पनि भिन्नता पाइन्छ । यस पाठको प्रस्तुतीकरण वक्तृत्वकला प्रतियोगिताका आधारमा गरिएको छ र यसमा विद्यार्थीको सहभागितालाई जोड दिइएको छ । वक्तृत्वकलामा सहभागी विद्यार्थीलाई हिमाल, पहाड र तराईका विद्यार्थी मानेर आआफ्नो भौगोलिक क्षेत्रका विषयमा बोल्न दिइएको छ । यस पाठमा वक्ताहरूको भौगोलिक तथा लैङ्गिक समावेशीकरण र सहभागिता पनि भएको छ। यस पाठको माध्यमबाट आफ्नो क्षेत्रका पोसाक, भाषा, परिकार, रहनसहनको सम्मान गर्न सिकाउने लक्ष्य राखिएको छ। हरेक विद्यार्थीले अरूका चालचलनको सम्मान गर्दै आफ्ना चालचलनको रक्षा र अभ्यास गर्नुपर्छ भन्ने सन्देश यस पाठले दिन खोजेको छ।

## ३. शैक्षणिक सामग्री

- आफ्नो स्थानीय क्षेत्रका पहिरन र गहनाका नमूना र चित्र
- विभिन्न परिकारका तस्वीर
- देशका विभिन्न भौगोलिक क्षेत्रका पोसाक, परिकार, गहनाका चित्र

- भौगोलिक क्षेत्र र जातजातिअनुसारको पोसाक लगाएका मानिसका तस्वीर र भिडियोहरू, विभिन्न क्षेत्र र जातिका मानिसहरूका पोसाक, भाषा, परिकार आदिका शब्दपत्ती,
- केही जाति र भौगोलिक क्षेत्रका केही शब्दहरू, स्थानीय तहमा बसोबास गर्ने विभिन्न जातिका भाषाहरूको उदाहरण (विभिन्न भाषामा नमस्कार शब्दको उदाहरण आदि ।

## ४.सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

- कक्षामा विभिन्न मातृभाषा भएका विद्यार्थीहरू हुन्छन् । ती विद्यार्थीहरूलाई आआफ्नो स्थानबाट उठेर आफ्नो मातृभाषामा नमस्कार गर्न लगाउनुहोस् ।
- यदि कक्षाका विद्यार्थीको मातृभाषा नेपाली वा अन्य कुनै एउटा मात्र भएमा समूहले विभिन्न भाषामा नमस्कार भन्न सिकाउनुहोस् र विद्यार्थीलाई पालैपालो विभिन्न भाषामा नमस्कार भन्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. २

- विद्यार्थीहरूलाई आफ्नो जातिको भाषा, मुख्य पोसाक, गहना र परिकारका आदि सम्वन्धमा आफूलाई थाहा भएका कुरा भन्न लगाउनुहोस् ।
- शिक्षकले चित्र, चार्ट भिडियो आदिको माध्यमबाट, पहिरन, परिकार आदि प्रदर्शन गरी तिनको परिचय , प्रयोग र महत्व सम्बन्धमा जानकारी गराउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

- सिकाइ पाटीमा ३ ओटा कोलम बनाउनुहोस् र ती कोलमलाई हिमाल, पहाड र तराई गरी ३ नाम दिनुहोस् । त्यसपछि आफूले तयार गरेका विभिन्न भौगोलिक क्षेत्रको भाषा, पोसाक, गहना, जाति तथा परिकारसम्बन्धी तथ्यहरू कोलमअनुसार प्रदर्शन गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ४

विद्यार्थीलाई प्रश्न बल खेलमार्फत पाठमा सिकेका कुराहरूको अझ सबलीकरण गर्नुहोस् ।

## ५.मूल्याङकन/ प्रतिविम्बन

क) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ

अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

ख) तल दिइएको व्यवहारको आधारमा स्वभावको मूल्याङ्कन गर्नुहोस् ।

| व्यवहार | गरेको | नगरेको |
|---|---|---|
| आफ्नो मातृभाषा बोल्ने | | |
| अरूले मातृभाषामा बोलेको सुन्दा जिस्काउने | | |
| आफ्नो भाषा अरूलाई सिकाउने | | |
| बेलाबेलामा आफ्नो परम्परागत पहिरन लगाउने | | |
| अरूका भाषा, पहिरन, भोजन, रहनसहनलाई सम्मान गर्ने | | |
| आफ्नो परम्परागत खाना खाने | | |
| अन्य | | |

# पाठ ५ चाडपर्वमा सहभागिता र सहयोग

**अनुमानित कार्य घण्टा : ४**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| ◆ आफ्नो समुदायका विभिन्न चाडपर्वको पहिचान र सम्मान गर्न | – समुदायमा मनाउने गरिएका चाडपर्वहरूको नाम बताउन<br>– चाडपर्वमा गरिने गतिविधिहरू पहिचान गर्न<br>– चाडपर्वका सकारात्मक पक्षहरू पहिचान गर्न<br>– समुदायमा मनाउँदै अरूका चाडपर्वहरूमा सहभागी हुन् र सम्मान गर्न |

## २.पाठ परिचय

नेपाल बहुसांस्कृतिक मुलुक भएको हुनाले यहाँ विभिन्न प्रकारका चाड पर्वहरू मनाउने गरिन्छ । कतिपय चाडवर्पहरू धर्मसँग सम्बन्धित हुन्छन् भने कतिपय चाडपर्वहरू संस्कृतिसँग सम्बन्धित हुन्छन् । धार्मिक चाडपर्वहरू निश्चित धर्मका मानिसहरूले मनाउँछन् तर सांस्कृतिक पर्वहरू भने कुनै समाजमा बसोबास गर्ने सबै जातिका मानिसले मनाउने गर्छन् । यस  पाठमा विभिन्न धर्मअनुसार मनाइने धार्मिक र सांस्कृतिक चाडपर्वका उदाहरणहरू दिइएको छ । चाडपर्वका सकारात्मक पक्ष र ती चाडपर्व मनाउँदा गरिने गतिविधीहरू पनि पाठमा उल्लेख भएका छन् । आफ्ना चाडपर्वमा भएका नराम्रा पक्षहरू नियन्त्रण गरी सकारात्मक पक्षलाई निरन्तरता दिन प्रेरित गर्नु यस पाठको उद्देश्य हो । विभिन्न प्रकारका चाडपर्वहरूमा सहभागी हुने, अरूका चाड पर्वको सम्मान गर्ने जस्ता बानीको विकास गराउने लक्ष्य यस पाठले लिएको छ । आफन्त र साथीभाइलाई निमन्त्रणा गर्ने, अरूको सेवा र सत्कार गर्ने, टोलछिमेक, धार्मिक स्थल सफा गर्ने जस्ता कार्यमा पनि हामी सहभागी भएर सक्दो सहयोग गर्ने जस्ता बानीको विकास गर्नु पनि यस पाठको अर्को उद्देश्य रहेको छ । चाडपर्वको माध्यमबाट समाजमा सद्भाव र मेलमिलाप कायम गराउन पनि यस पाठको मुख्य अभिप्राय हो ।

## ३. शैक्षणिक सामग्री

– विभिन्न चाडपर्वहरूका नाम लेखेका शब्दपत्ती, चार्ट तथा मेटाकार्डहरू
– चाडपर्व मनाएका तस्वीर र भिडियो क्लिपहरू
– हाजिरी जवाफका प्रश्नहरू

## ४.सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

चाडपर्व सँग सम्बन्धित विभिन्न चित्र, भिडियो देखाउँदै यि कुन कुन चाडपर्वमा समूहहरू सहभागी हुन भएको छ ? ती चाडपर्वमा सहभागी हुँदा के कस्ता क्रियाकलाप गरिएका थिए ? आदि प्रश्न गर्दै विषयवस्तुसँग सम्बन्धित रही छलफल गराउनुहोस् ।

### ❖ क्रियाकलाप नं. २

आफ्नो समुदायमा मनाइने विभिन्न चाडपर्वहरूको सूची तयार पार्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

विद्यार्थीलाई ५ / ६ समूहमा विभाजन गरी प्रत्येक समूहलाई एक एकओटा चाडपर्वको नाम लेखिएको मेटाकार्ड दिने र मेटाकार्डमा लेखिएको चाडपर्वमा आधारित भई सो चाडपर्व कुन धर्मसँग सम्बन्धित छ ? ती चाडपर्वमा कुन कुन क्रियाकलाप गरिन्छन् ? कुन कुन परिकारहरू खाइन्छ ? आदि विषयमा छलफल गर्न लगाई समूहगत प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ४

साथीको घरमा मनाइने चाडपर्वमा को को सहभागी भएका छन् ? सहभागी भएकालाई आफ्नो अनुभव सुनाउन लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ५

चाडपर्वमा घरपरिवारमा, आफन्तहरू कहाँ गएर अभिभावकले वा आफूले कुनै सहयोग गरेको वा आफन्तले आफ्नो घरमा आएर कुनै सहयोग गरेको अनुभव आदानप्रदान गर्न लगाई चाडपर्वमा सहयोग र सम्मान गर्न प्रेरित गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ६

कक्षामा विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी चाडपर्वमा विभिन्न क्रियाकलाप गरेको भूमिका अभिनय गर्न लगाउनुहोस् र अभिनय कस्तो रह्यो र सुधार गर्नुपर्ने पक्ष के के रह्यो ? पृष्ठपोषण प्रदान गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ७

शिक्षक साथी कक्षालाई ४ समूहमा विभाजन गर्नुहोस् । त्यसपछि कक्षाका ४ समूहका बिचमा हाजिरी जवाफ गराउनुहोस् । हाजिरी जवाफ गराउँदा केही प्रश्न पाठ्यपुस्तकभित्रबाट

बनाउनुहोस् । केही श्रव्यदृश्य प्रश्नहरू पनि बनाउनुहोस् । विजेता समूहलाई पुरस्कारको व्यवस्था गर्नुहोस् ।

## ५.मूल्याङकन/ प्रतिविम्बन

क) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

## नमुना प्रश्नहरू

(क) समूहको समुदायमा मनाइने कुनै ४ चाडपर्वहरूको नाम भन्नुहोस् ।

(ख) समूहलाई कुन चाड सबैभन्दा बढी मन पर्छ, किन ?

(घ) चाडपर्वमा समूह परिवार र छिमेकमा कसरी सहयोग गर्नुहुन्छ ?

(ङ) चाडपर्व किन मनाउनुपर्छ ? कुनै २ ओटा कारण उल्लेख गर्नुहोस् ।

# पाठ ६ मेरो जन्मस्थान

**अनुमानित कार्य घण्टा : ३**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| आफ्नो जन्मस्थानको महत्व बोध गरी अपनत्व प्रदर्शन गर्न | – आफ्नो जन्मस्थानको नाम, जिल्ला र अवस्थिति बताउन<br>– आफ्नो जन्मस्थानको भूस्वरूप बताउन<br>– आफ्नो जन्मस्थानका मानिसको पेसा र प्राकृतिक स्रोत सम्वन्धमा बताउन<br>– आफ्नो जन्मस्थानका धार्मिक तथा पर्यटकीय क्षेत्रको जानकारी दिन<br>– आफ्नो जन्मस्थान महत्त्व पहिचान गर्न |

## २. पाठ परिचय

यो पाठ ओखलढुङ्गा जिल्लाको कटुञ्जे गाउँलाई केन्द्रमा राखेर तयार पारिएको छ। यस पाठमा त्यस गाउँमा रहेका नदी, ताल, पोखरी, वन आदिको उल्लेख गरी तिनको सदुपयोग भएका उदारहण प्रस्तुत गरिएको छ। यो पाठको अध्ययन गर्दा विद्याथीले कटुञ्जे र आफ्ना जन्मस्थानका विषयमा तुलना गर्छन् । कटुञ्जेमा के कस्ता पूर्वाधार रहेका छन् र आफ्नो जन्मस्थानमा के कस्ता पूर्वाधारहरू निर्माण भएका छन् भनेर तुलना गर्न सिकाउनु यस पाठको अर्को उद्देश्य हो । यस पाठको अध्ययनपछि विद्यार्थीले आफ्नो जन्मस्थान र कटुञ्जेका मानिसका धार्मिक विश्वास, अभ्यास, सम्पदा, आदिको विषयमा तुलना गर्न सक्नेछन् । आफ्नो स्थानमा रहेका प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्न योगदान दिनु पनि यस पाठको अर्को उद्देश्य हो । आफ्नो जन्मस्थान प्रति गर्व गर्नु, जन्मस्थानका लागि योगदान दिन जिम्मेवारी बोध गराउनु पनि यस पाठको मूल मर्म हो ।

## ३. शैक्षणिक सामग्री

- आफ्नो विद्यालय रहेको पालिका वा स्थानको नक्सा
- स्थानीय प्राकृतिक सम्पदाहरूको नामको सूची
- स्थानीय सम्पदाहरूको सदुपयोगको तरिकाको सूची

- समूहको विद्यालय रहेको स्थानमा रहेका प्राकृतिक सम्पदा, त्यहाँका मानिसहरूका पेसा आदि

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

विद्यार्थीहरूलाई पालैपालो हाल बसोबास गरेको स्थान र आफ्नो जन्मस्थानको ठेगाना सोध्नुहोस् । विद्यार्थीहरूलाई ठेगाना बताउन कठिन परेको अवस्थामा सहजीकरण गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. २

विद्यार्थीलाई समूहमा पढाइ र सारांश (Pair reading and summerising) क्रियाकलापमार्फत पाठ पढ्न लगाउनुहोस् । यसका लागि निम्न चरणहरू अवलम्बन गर्नुहोस् । सुरुमा शिक्षकले एक जना विद्यार्थीलाई स्वयम्सेवकका रूपमा अगाडि बोलाई पहिलो अनुच्छेद आफूले पढ्नुहोस् र सारांश बताउनुहोस् । स्वयम्सेवक विद्यार्थीलाई प्रश्न सोध्न भन्नुहोस् र उसले सोधेको प्रश्नको जवाफ दिनुहोस् । विद्यार्थीलाई जोडी जोडीमा बस्न लगाई जोडीका एकजनालाई अगि समूहले पढेर सारांश बताए जस्तै गरी दोस्रो अनुच्छेद पठी सारांश भन्न लगाउनुहोस् । जोडीको अर्को साथीलाई प्रश्न सोध्न लगाउनुहोस् । केही जोडीलाई समूहले के बताउनुभयो, सारांश के भन्नुभयो र अर्को साथीलाई के के प्रश्न सोध्नुभयो भनेर सोध्नुहोस् । तेस्रो अनुच्छेद अगि प्रश्न सोध्नेलाई पढ्न र सारांश भन्न लगाउनुहोस् र अघि पढ्नेलाई प्रश्न सोध्न लगाउनुहोस् । यसरी सिङ्गो पाठ पढिसकेर निम्न प्रश्नको आधारमा छलफल गराउनुहोस् :

- समूहको जन्मस्थानको नाम र त्यहाँको प्राकृतिक सम्पदाहरू उल्लेख गर्नुहोस् ।
- समूहको जन्मस्थानको के के उब्जनी हुन्छ ?
- त्यहाँको जङ्गलमा कुन कुन वनस्पति र जनावर पाइन्छन् ।
- समूहलाई आफ्नो जन्मस्थान किन रमाइलो लाग्छ ?
- आफ्नो जन्मस्थान प्रति गर्व गर्न लायक पक्षहरू के के छन् ।

### ❖ क्रियाकलाप नं. ३

पाठ पढिसकेपछि कटुन्जे गाउँ र आफ्नो जन्मस्थान वा बसोबास गरेको स्थानको विभिन्न अवस्था तुलना गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ४

"समूहको जन्मस्थानका प्राकृतिक सम्पदा" भन्ने विषय परेमा समूहको जन्मस्थानमा के कस्ता नदी, ताल, वन आदि रहेका छन् ? तिनीहरूलाई के के कामका लागि प्रयोग गरिएको छ ? तिनीहरूबाट के कस्ता फाइदा भएका छन् ? तिनीहरूको संरक्षण कसरी गरिएको छ ? जस्ता प्रश्नहरू बनाई सोध्नुहोस्

### ❖ क्रियाकलाप नं. ५

अब मेरो पालो ( Pens in the middle) क्रियाकलापमार्फत विद्यार्थीलाई आफ्नो जन्मस्थानका कुनै एक प्राकृतिक सम्पदाको नाम भन्न लगाउनुहोस् । त्यसपछि दोस्रोपटक आफ्नो जन्मस्थानको गौरव गर्ने कुनै एक पक्ष बताउन लगाउनुहोस् । तेस्रोपटक आफ्नो जन्मस्थानमा भविष्यमा कसरी योगदान पुऱ्याउने सोच छ भनी प्रश्न गरी एक एकओटा योगदान बताउन लगाउनुहोस् ।

## ५.मूल्याङ्कन/ प्रतिविम्बन

क) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

# पाठ ७ हाम्रा राष्ट्रिय विभूतिहरू

**अनुमानित कार्य घण्टा : ५**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| • राष्ट्रिय विभूतिको सामान्य परिचय दिन र प्रेरणा प्राप्त गर्न | - राष्ट्रिय विभूतिको परिचय दिन<br>- नेपालका राष्ट्रिय विभूतिहरूको नाम बताउन<br>- राष्ट्रिय विभूतिहरूको योगदान बताउन<br>- राष्ट्रिय विभूतिलाई सम्मान गर्न<br>- राष्ट्रिय विभूतिको योगदानबाट प्रेरणा प्राप्त गर्न |

## २.पाठ परिचय

नेपालको गौरव बढाउन योगदान पुऱ्याउने १८ जना राष्ट्रिय विभूतिहरूमध्ये जनक, सीता, गौतम बुद्ध, अंशु वर्मा, अरनिको र राम शाहको योगदानका विषयमा छोटकरीमा चर्चा गरिएको छ। यस पाठको माध्यमबाट राष्ट्रिय विभूतिहरूको योगदानको कदर गर्ने, अनेकतामा एकता कायम गर्ने, राष्ट्रिय हितलाई प्राथमिकतामा राख्ने जस्ता सन्देश दिन खोजिएको छ।

## ३.शैक्षणिक सामग्री

- राष्ट्रिय विभूतिहरूका तस्वीर
- राष्ट्रिय विभूतिका योगदान लेखेका चार्ट पेपर
- राष्ट्रिय विभूतिको नाम लेखेका मेटाकार्ड, भिडियो क्लिपहरू

## ४.सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

राष्ट्रिय विभूतिका तस्वीर वा चित्र विद्यार्थीलाई देखाई पहिचान गर्न लगाउनुहोस्।

### ❖ क्रियाकलाप नं. २

विद्यार्थीले राष्ट्रिय विभूतिका नाम थाहा पाएपछि उहाँहरू नेपालका राष्ट्रिय विभूति हुनुहुन्छ भन्ने जानकारी दिनुहोस्।

### ❖ क्रियाकलाप नं. ३

राष्ट्रिय विभूति भनेको के हो ? भनी बोर्डमा लेख्नुहोस् र विद्यार्थीहरूलाई प्रश्न सोध्नुहोस् । उनीहरूबाट प्राप्त जवाफ सिकाईपाटीमा लेख्दै राष्ट्रिय विभूतिको परिचय दिनुहोस् ।

### ❖ क्रियाकलाप नं. ४

कक्षालाई ३ समूहमा विभाजन गरी दुई दुईओटा राष्ट्रिय विभूति सम्बन्धमा छलफल गर्न लगाउनुहोस् । विभूति कुनै पनि समूहमा नदोहोरिने कुरा सुनिश्चित गर्नुहोस् । पढ्नका लागि समय तोकिदिनुहोस् । हरेक समूहमा टोली नेता छनोट गर्न लगाउनुहोस् । अब विद्यार्थीलाई हरेक समूहमा टोली नेता मात्र बस्ने अरू साथीहरू अरू समूहमा पालैपालो जानुपर्ने र त्यहाँको टोली नेताले सिकाएको कुरा टिप्नुपर्ने कुरा बताउनुहोस् र घडी घुम्ने दिशामा अरू समूहमा जान भन्नुहोस् । टोली नेताले अगि समूहमा छलफल गरेका कुरा त्यहाँ आएका साथीहरूलाई बताउनुपर्ने कुरा सम्झाउनुहोस् । सबै समूहमा छलफलपछि आफ्नो समूहमा गएर सबैले टोलीनेतालाई आफूले सिकेका कुरा सिकाउन भन्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ५

पात्र पहिचान गर्ने क्रियाकलाप गराउनुहोस् ।

कुनै विद्यार्थीलाई अगाडि आउन भन्नुहोस् । उसको ढाडमा सबैले देख्नेगरी कुनै एक जना विभूतिको नाम लेखिएको कागज टाँस्नुहोस् । जस्तै :सीता

अब ती व्यक्तिलाई आफ्नो ढाडमा टाँसिएको पात्र अनुमान गर्न सक्नुपर्छ । अनुमान गर्दा थोरै विकल्पले सही पात्र पहिचान गर्ने गरी प्रश्न सोध्न भन्नुहोस् । जस्तै के यी विभूति पुरुष हुन ? अरू विद्यार्थीले होइन भन्ने जवाफ दिने छन् ? उनले अब यी विभूति महिला होला भनी सहजै अनुमान गर्न सक्नेछन् । के यि विभूति सीता हुन ? हो भन्ने जवाफ प्राप्त भएमा यिनले थोरै विकल्पमा सही जवाफ दिएको ठहरिन्छ ? त्यस्तै अर्को व्यक्तिलाई त्यसैगरी शङ्खधर साख्वाको वा अन्य कुनै व्यक्तिको नाम लेखी विभिन्न प्रश्न सोधी सही अनुमान गर्न लगाउन सकिन्छ । यस्ता क्रियाकलाप कक्षाका केही विद्यार्थीलाई गराउन सकिन्छ ।

## ५. मूल्याङ्कन/प्रतिविम्बन

पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

एकाइ ३

# नागरिक चेतना

पाठ १

## हाम्रो सुरक्षा

अनुमानित कार्य घण्टा : ३

### १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका कक्षागत सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
| --- | --- |
| व्यक्तिगत र पारिवारिक सुरक्षाको आवश्यकता बताउन र सुरक्षाका उपायहरू अपनाउन | – सुरक्षाको परिचय दिन<br>– व्यक्तिगत र पारिवारिक सुरक्षाको आवश्यकता बताउन<br>– व्यक्तिगत र पारिवारिक सुरक्षाका उपायहरूको सूची बनाउन |

### २. पाठ परिचय

दैनिक जीवनमा हामी विभिन्न कार्यमा संलग्न भैरहेका हुन्छौँ । यस्ता कार्यमा विभिन्न समस्याहरू पनि आउने गर्दछन् । सामान्यतया: केही समस्या थाहा नपाएर आउने गर्दछन् भने केही समस्या होसियारी नअपनाउँदा असावधानीका कारण आउने गर्दछन् । जसका कारण हामी असुरक्षित हुन पुग्दछौँ । त्यसैले कुनै पनि काम गर्नुभन्दा पहिला हामीलाई सुरक्षाको आवश्यकता पर्दछ । जसका लागि व्यक्तिगत र पारिवारिक सुरक्षाका सम्बन्धमा विभिन्न उपायहरूको बारेमा जानकारी राखी राख्नुपर्दछ । कुनै समस्या वा आपत् विपत् पर्दा समयमा नै सचेत रही सुरक्षाका उपायहरू अपनाई पूर्व तयारीका साथ होसियारी भएर सुरक्षित रहन सकिन्छ भने साथमा अरूलाई समेत सचेत गराउन सकिन्छ । यसपाठमा हामी व्यक्तिगत र पारिवारिक सुरक्षाका कुरा गर्दै होसियारी अपनाई सुरक्षित जीवन बिताउन सकिन्छ भने मानिसहरूका बिच सहयोगी भावना बढाई जिउधनको समेत सुरक्षा गर्न सकिन्छ भन्ने किसिमका विषयवस्तु यस पाठमा रहेका छन् ।

### ३. शैक्षणिक सामग्री :

- विभिन्न प्रकारका सुरक्षा र असुरक्षाका अवस्था तथा सुरक्षाको आवश्यकता झल्कने चित्र, फोटो, भिडियो ।
- सुरक्षासँग सम्बन्धित घटना झल्कने समाचारका कटिङ एवम् घटना अध्ययन
- व्यक्तिगत एवम् परिवारिक सुरक्षाका उपायहरू उल्लिखित चार्ट

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १ :

सर्वप्रथम विद्यार्थीहरू माझ व्यक्तिगत र पारिवारिक सुरक्षाका सम्बन्धमा अपनाइएका सावधानी र असावधानीका चित्र फोटो तथा भिडियो प्रदर्शन गर्दै त्यहाँ के के भइरहेको छ भनी छलफल गराउनुहोस् र हामी स्वयंबाट र हाम्रो वरपर यस्ता घटनाहरू हुने गरेका छन् कि भनी छलफल र अन्तरकृया गर्दै सुरक्षाका बारेमा प्रष्ट पारिदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. २

परिवारमा सुरक्षित रहन सुरक्षाको आवश्यकता किन पर्दछ होला भन्ने सन्दर्भमा विद्यार्थीहरूसँग प्रश्न गर्नुहोस् । उनीहरूबाट आएको जवाफलाई सेतोपाटीमा लेख्दै विद्यार्थीहरूबाट आएको जवाफलाई समाजमा प्रचलित विभिन्न किसिमका सुरक्षा सावधानीहरूका चित्र, फोटो तथा भिडियो देखाउँदै अझ प्रष्ट हुने गरी बताइदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

केही विद्यार्थीहरूलाई पाठ्यपुस्तकमा दिइएको संवादमा भएका पात्रहरूको भूमिका तोकेर हाउभाउसहित पाठको संवाद वाचन गर्न लगाउनुहोस् । शिक्षकले कठिन शव्दको अर्थ बताइदिनुहोस् । पाठमा दिइएको संवादका आधारमा के यस्ता सावधानीका बारेमा हामीले पनि हाम्रो परिवारमा जानकारी गर्ने गराउने गरेका छौँ ? कतै हामी पनि आफूभन्दा ठुलाले भनेका कुरा नमानेर दुर्घटनामा पो परेका छौँ कि ? जस्ता प्रश्न गर्दै छलफल गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ४

विद्यार्थीहरूबाट सुरक्षाका कस्ता कस्ता उपायहरू अपनाई परिवारलाई अझबढी सुरक्षित बनाउन सकिन्छ भन्ने सम्बन्धमा छलफल गर्नुहोस् साथमा आफ्नो परिवार, समुदाय वा विभिन्न सञ्चार माध्यममा सुनेका सुरक्षासँग सम्बन्धित घटनाहरूमा सुरक्षाका उपायहरू नअपनाइएर दुर्घटनामा परेका घटनाहरू साथीभाइसँग छलफल गरी पालैपालो कक्षामा सुनाउन लगाउनुहोस् र छलफल गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ५

व्यक्तिगत र पारिवारिक सुरक्षाका उपायहरू लेखिएको चार्ट स्लाइड प्रदर्शन गर्दै यस्तै अन्य घर परिवारको सुरक्षाका विभिन्न उपायहरूको छलफल गरी सूची बनाउन लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ६

विद्यार्थीहरूका विभिन्न समूह बनाई प्रत्येक समूहलाई एक एकओटा व्यक्तिगत तथा पारिवारिक सुरक्षाका उपायहरू अपनाइएका व्यवहारहरू झल्कने भूमिका अभिनय गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण र पृष्ठपोषण दिनुहोस् ।

## ५. मूल्याङ्कन/ प्रतिविम्बन

क. तलको तालिका भर्न लगाई स्वमूल्याङ्कन गर्न लगाउनुहोस् ।

| सुरक्षाका उपाय | गरेको | नगरेको |
| --- | --- | --- |
| एक्लै जथाभावी हिँड्ने | | |
| कतै जाँदा राम्रोसँग झ्याल ढोका बन्द गरेर मात्र जाने | | |
| आगोजन्य पदार्थहरूलाई जथाभावी चलाउने | | |
| धारिला औजार तथा हातहतियारहरू चलाउने | | |
| अपरिचित व्यक्तिले दिएको खानेकुरा खाने | | |
| बिजुली चम्कदा लाइनका स्विच बन्द गर्ने | | |
| पारिवार, छरछिमेकमा राम्रो सम्बन्ध कायम गर्ने | | |
| असुरक्षित अवस्थामा प्रहरीलाई खबर गर्ने | | |

| विद्यार्थीको नाम | सक्रियता | अभिव्यक्ति शैली | विषयवस्तुको बुझाइ |
| --- | --- | --- | --- |
| | | | |
| | | | |
| | | | |

(ख) तलको श्रेणीमापनका आधारमा भूमिका अभिनय क्रियाकलापको मूल्याङ्कन गर्नुहोस् :

धेरै राम्रो = ३ राम्रो = २ ठिकै = ३

(ग) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

पाठ २

# हाम्रो अधिकार र कर्तव्य

अनुमानित कार्य घण्टा : ३

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| ◆ आफ्नो अधिकारप्रति सजग रही कर्तव्य पूरा गर्न | – बाल अधिकारको पहिचान गर्न<br>– आफ्नो अधिकारप्रतिको सचेतता अपनाउन<br>– बाल अधिकारको उपयोग गर्ने तरिका बताउन<br>– बालबालिकाले आफ्नो कर्तव्यको पहिचान गर्न<br>– बालबालिकाले आफ्नो कर्तव्य पूरा गर्ने तरिका बताउन |

## २. पाठ परिचय

जन्मदेखि शारीरिक रूपमा परिपक्व हुने वेलासम्मका सबैलाई बालबालिका भनिन्छ। हाम्रो देशको सन्दर्भमा बालबालिका भन्नाले १६ वर्षभन्दा कम उमेर समूहका व्यक्तिलाई बुझाउँछ । बालबालिका अबोध, कोमल र परनिर्भर हुन्छन् । कुनै कुराको सही निर्णय लिन सक्ने क्षमता विकास नहुने हुँदा उनीहरू विभिन्न किसिमका शोषण र हिंसाका पर्न सक्ने डर पनि हुन्छ । त्यसकारण बालबालिकाका लागि परिवार र समुदायको संरक्षण, रेखदेख र स्नेहको जरुरत पर्दछ । त्यसैले बालबालिकाका लागि लागु हुने गरी विषेश अधिकारको व्यवस्था गरिएको छ। जसलाई बाल अधिकार भनिन्छ । बाल अधिकार बालबालिकाको जन्मसिद्ध वा नैसर्गिक अधिकार हो । बालबालिकाको सामाजिक सुरक्षा, शिक्षा, दिक्षा, माया, स्नेह, शान्ति, समक्षदारी, बालमैत्री वातावरण पोसिलो खानपान नैसर्गिक अधिकार हो। आजका बालबालिका भोलिका देश विकासका जिम्मेवारी बोक्ने बाहक हुन् । त्यसैले आज उनीहरूलाई उचित स्याहार, संरक्षण एवम् विकासको अवसर प्राप्त हुनुपर्दछ। बालबालिकाले बाल अधिकारको उपभोग गर्दा कर्तव्यको पनि पालना गर्नुपर्ने हुन्छ । उमेरअनुसारको काम गर्नुलाई कर्तव्य भनिन्छ। यसरी बालबालिकाको कर्तव्य भन्नाले उनीहरूको उमेरअनुसारको काम वा जिम्मेवारी भन्ने बुझिन्छ । अधिकार र कर्तव्य एकअर्काका पूरक हुन् । आफ्नो अधिकारको प्रयोग गर्दा वा खोज्दा आफूले गर्ने कर्तव्य पनि बिर्सनु हुँदैन । अनि मात्र बालबालिकाको चौतर्फी विकास हुन गई राज्य प्रति कर्तव्य निष्ठ नागरिक तयार हुन सक्छन् । यस पाठमा यिनै बाल अधिकार र कर्तव्यहरूलाई उदाहरण दिएर

विद्यार्थीमा अधिकार र कर्तव्यहरूको पहिचान गर्न लगाई त्यसको पालना गर्न प्रेरित गर्ने उपायहरू समेटिएका छन् ।

## ३. शैक्षणिक सामग्री :

- बालबालिकाको अधिकारसँग सम्बन्धित विभिन्न प्रकारका अवस्था झल्कने चित्र, फोटो तथा भिडियो
- बालबालिकाको अधिकारअर्न्तगत पर्ने अधिकारहरू उल्लिखित चार्ट
- बालबालिकाले आफ्नो कर्तव्य पालना गरेका चित्र, फोटो भिडियो
- बालबालिकाको कर्तव्यहरू उल्लिखित चार्ट

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

बालबालिका विद्यालय गइरहेका, खेलिरहेका, खाना खाइरहेका, नाचिरहेका, खोप लगाइरहेका, आमाबाबुसँग कुरा गरिरहेका, टि.भि./रेडियो हेरिरहेका, सुनिरहेका जस्ता चित्र, फोटो भिडियो प्रस्तुत गरी कुन कुन कार्य आफूले गर्न पाएको, कुन कार्य बढी मन पर्छ जस्ता प्रश्न गर्दै छलफल गर्न लगाउनुहोस् र बाल अधिकारका सम्बन्धमा प्रष्ट पारीदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. २

पाठमा दिइएको कविता लय मिलाई वाचन गर्ने र विद्यार्थीलाई पनि एकल र सामूहिक वाचन गर्न लगाउनुहोस् । कवितामा भनिए जस्तै अधिकार समूहले घरपरिवार, छरछिमेक विद्यालयबाट पाउनु भएको छ कि छैन, अधिकारसँगै जोडिएर आएका कर्तव्यहरू पनि पूरा गर्नु नै भएको होला भनी प्रश्न गर्दै छलफल गर्नुहोस् र पहिले बाल अधिकारको उपयोग गर्न नपाएर दुःख पाएको वा समस्यामा परेको र पछि बाल अधिकारको उपयोग गरेर सुख पाएको वा सन्तुष्टि बढेको कथा प्रस्ततु गर्दै बाल अधिकारको उपयोग र महत्त्व सम्बन्धमा प्रष्ट पारीदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

बाल अधिकारअन्तर्गत पर्ने अधिकारहरू उल्लिखित चार्ट प्रस्तुत गर्दै यसरी आफ्नो अधिकार प्राप्त गर्न वा प्रयोग गर्न प्रत्येक बालबालिकाले कर्तव्य पनि पालना गर्नुपर्ने कुरामा सधैँ सचेत, सजग, जागरुक र इमान्दार रहनुपर्छ भन्ने कुरा प्रष्ट पारीदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. ४

विद्यार्थीहरूलाई उनीहरूले दैनिकरूपमा गर्दै आएका कार्यहरूका सम्बन्धमा चित्र, फोटो तथा

पोस्टरहरू प्रदर्शन गरी प्रश्नोत्तर र छलफलमार्फत कर्तव्यको अवधारणा सम्बन्धमा प्रष्ट पारिदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. ५

अधिकार र कर्तव्य एक अर्कामा अन्तर्सम्बन्धित कुरा हुन् भन्ने प्रष्ट पार्न विद्यार्थीहरूलाई अधिकार र कर्तव्यका एक एकओटा उदाहरण प्रस्तुत गर्न लगाउनुहोस् । जस्तै पढ्न पाउनु बाल अधिकार हो भने मिहिनेत गरेर पढ्नु कर्तव्य हो । विद्यार्थीबाट आएका जवाफ उदाहरणका रूपमा अगाडि सिकाइ पाटीमा लेखिएको तलको जस्तै तालिकामा भर्दै जानुहोस् :

| अधिकार | कर्तव्य |
|---|---|
| विद्यालय जान पाउनु | ज्ञानी भई पढ्नु |
| माया ममता पाउनु | सम्मान र आदर प्रकट गर्नु |
| विभिन्न कार्यक्रमहरूमा सहभागी हुन पाउनु | नियमको पालना गर्नु |
| | |
| | |

### ❖ क्रियाकलाप नं. ६

कक्षामा विभिन्न समूह बनाउनुहोस् । अधिकार र त्यससँग सम्बन्धित कर्तव्य उल्लेख भएको वाक्य पत्ती छ्यासमिस गर्नुहोस् र हरेक समूहमा कर्तव्य र अधिकारको जोडा मिलाउन लगाउनुहोस् । जुन समूहले छिटो सक्छ सो समूहलाई विजयी घोषणा गर्नुहोस् ।

## ५. मूल्याङ्कन/ प्रतिविम्बन

क. समूह छलफलका लागि निम्नअनुसार मूल्याङ्कन गर्न सकिन्छ :

| क्र.सं. | समूहको नाम | समूहमा सहभागिता/ सक्रियता | एक अर्कामा सहयोग | जिम्मेवारी वोध | कक्षामा प्रस्तुतीकरण |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

ख. तलका जस्तै छोटा प्रश्न सोधेर मूल्याङ्कन गर्नुहोस् :

पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ

अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस्

## ६.थप अध्ययन सामग्री

बालबालिकाको अधिकारको सुनिश्चिता गर्न संयुक्त राष्ट्रसङ्घबाट सन् १९८९ मा बालअधिकार महासन्धी पारित भएको छ । यस बालअधिकारसम्बन्धी संयुक्त राष्ट्सङ्घीय महासन्धि १९८९ ले व्यवस्था गरेका बाल अधिकारहरू :

१. बाँच्न पाउने आधिकार

२. विकासको आधिकार

३. संरक्षणको आधिकार

४. सहभागिताको आधिकार

त्यसै गरी नेपालको संविधानको भाग ३ को धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । नेपालको संविधानले मौलिक हकअन्तर्गत व्यवस्था गरेको बालबालिकाको हकहरू निम्नानुसार छन् :

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुने छ ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने छ ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुने छ ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

(८) प्रत्येक बालबालिकालाई बालअनुकूल न्यायको हक हुने छ ।

(९) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

# पाठ ३

# बाल सहभागिता

अनुमानित कार्य घण्टा : ३

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| आफ्नो अधिकारप्रति सजग रही कर्तव्य पूरा गर्न | – बाल सहभागिताको परिचय दिन<br>– बालक्लबको परिचय दिन<br>– बालक्लबले गर्ने कार्यहरू बताउन<br>– घरपरिवार, छरछिमेक, समुदाय तथा विद्यालयका विभिन्न कार्यक्रममा बालबालिकाको सहभागिताको अवश्यकता बताउन |

## २. पाठ परिचय

बालक्लब बालबालिका स्वयम् सहभागी भएर बालबालिकाको हकहितका लागि खोलिएको सङ्गठन वा संस्था हो । बालबालिकाले आफ्नो साझा उद्देश्यका लागि स्थापना गरिएको सङ्गठनलाई बालक्लब भनिन्छ। बालबालिकाहरूलाई उनीहरूको हक अधिकार प्राप्तीका लागि सचेत गराउने उद्देश्यका साथ बालक्लब गठन गर्न थालिएसँगै हरेक विद्यालयमा बालबालिकाको वृत्ति विकासका लागि र हक अधिकारको सुनिश्चितताका लागि बाल क्लब गठन गर्नुपर्ने प्रावधान रहेको छ। सो प्रावधानअनुसार नै विद्यार्थीहरू बालक्लबमा आबद्ध भएर आफ्नो हक हितका लागि विभिन्न काम गरिरहेका हुन्छन् । । यसो गरिनुको मूल कारण केलाउने हो भने बाल सहभागितालाई जोड दिनु अर्थात बालबालिका निर्धक्क भएर आफ्ना साथीभाइहरू र समुदायसँग आफ्ना मनमा लागेका कुराहरू गर्न पाउन भन्ने पनि एक हो। त्यसैले बालबालिकाको क्षमता विकास र संरक्षणका लागि बाल सहभागिता अपरिहार्य रहेको छ । जसका लागि विद्यालयमा स्थापना हुने बालक्लब एउटा जिम्मेवार सङ्गठन बन्न सक्छ भन्ने उद्देश्यका साथ बालबालिकाहरू यस बालक्लबमा आबद्ध भएर क्षमता विकास गर्न सकून् भन्ने विषयवस्तु यस पाठमा समावेश छन् ।

## ३. शैक्षणिक सामग्री

– बाल सहभागितासँग सम्बन्धित चित्र तथा फोटोहरू

– बालक्लबले गरेका गतिविधि समेटिएको चित्र तथा तस्वीरहरू

– बालक्लबले गर्ने कामहरू लेखिएको चार्टपेपर

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

सबैभन्दा पहिला बाल सहभागितासँग सम्बन्धित तस्वीरहरू तथा भिडियो प्रदर्शन गर्नुहोस् । विद्यार्थिहरूलाई पालैपालो यी के केका तस्वीर तथा भिडियो हुन् ? यहाँ के गरिएको देख्नु भयो ? तस्वीर तथा भिडियोमा देखिए जस्तै कार्यमा समूहहरूले पनि सहभागिता जनाउनु भएको छ ? सहभागी भएर कस्ता कस्ता कार्य गर्नु भएको छ ? जस्ता प्रश्नोत्तर र छलफल गराउँदै यी सबै बाल सहभागिता हुन् भनी प्रष्ट पारीदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. २

शिक्षकले तस्वीर तथा भिडियोमा देखाइएका जस्ता धेरै कार्यक्रम विद्यालयमा आयोजना हुने र यस्ता कार्यक्रम विद्यालयले मात्र आयोजना गर्छ कि ? समूहहरूले पनि गर्ने गर्नु भएको छ भनी प्रश्न गर्दै यस्ता कार्यहरूको महत्वका सम्बन्धमा विद्यार्थीहरूका अनुभवहरू आदान प्रदान गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

बालक्लबको सम्बन्धमा आफूलाई थाहा भएका कुराहरू पालैपालो एक एकओटा भन्न लगाउनुहोस् र शिक्षकले बोर्डमा टिप्दै जानुहोस् । विद्यार्थीबाट आएको जवाफमा बालक्लबसँग सम्बन्धित अनुभव र विचारलाई जोड्दै शिक्षकले बालक्लबको परिचय दिनुहोस् ।

### ❖ क्रियाकलाप नं. ४

बालक्लबले गर्ने कामहरू लेखिएको चार्टपेपर प्रदर्शन गर्दै बालक्लबका कार्यहरू सम्बन्धमा छलफल गराउनुहोस् र विद्यार्थीहरूलाई आफ्नो क्षमता विकासका लागि बालक्लबमा आबद्ध हुन अभिप्रेरित गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ५

विद्यालयको बालक्लबको अध्यक्ष र सचिवलाई कक्षामा आमन्त्रण गरेर विद्यालयमा बालक्लबले गरेका गतिविधिहरूको बारेमा अन्तर्क्रियात्मक छलफल गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ६

विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी बालक्लबले गर्ने कार्यहरूका विभिन्न पक्ष झल्काउने भूमिका अभिनयको तयारी गर्न लगाउनुहोस् । सबैको तयारी सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्दै छलफल गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ७

विद्यार्थीहरूलाई समूहहरूले कक्षा मनिटर वा समूह नेता छनोट गर्दा आपसी छलफल र सहमतिमा कसरी कक्षा मनिट वा समूह नेता छनोट गर्ने गर्नु भएको छ भनी प्रश्न गर्ने, उनीहरूबाट आएको कुराहरूलाई समेट्दै कक्षा मनिटर/ समूह नेता सर्वसम्मतिबाट वा बहुमतीय प्रक्रियाबाट छनोट गर्न सकिन्छ भन्ने कुराको जानकारी गराउँदै कक्षामा अभ्यास गराउनुहोस् ।

## ५. मूल्याङ्कन/ प्रतिविम्बन

क. विद्यार्थीहरूले भूमिका अभिनयका क्रममा गरेका कार्य र सहभागिताको अवलोकन गरी आवश्यक पृष्ठपोषण गर्नुहोस् ।

| विद्यार्थीको समूह | सिर्जनात्मकता | विषयवस्तुमा स्पष्टता | सक्रियता |
|---|---|---|---|
| क | | | |
| ख | | | |
| ग | | | |
| घ | | | |

ख. पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

# पाठ ४ हाम्रो प्राकृतिक सम्पदा

**अनुमानित कार्य घण्टा : ४**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| २. स्थानीय क्षेत्रका सार्वजनिक सम्पदाहरूको पहिचान गरी तिनीहरूको उचित उपयोग र संरक्षणमा सहभागी हुन | – प्राकृतिक सम्पदाहरू, जस्तै : जलसम्पदा, वनसम्पदा र माटो आदिको पहिचान गर्न<br>– प्राकृतिक सम्पदाहरूको उपयोग गर्ने तरिका बताउन<br>– प्राकृतिक सम्पदाहरू संरक्षण उपायहरूको सूची बनाउन |

## २. पाठ परिचय

प्राकृतिक सम्पदा प्रकृतिका अमूल्य उपहार हुन् । मानिसको श्रमबिना प्रकृतिले स्वयम् दिएका त्यस्ता स्रोत साधन र सम्पदालाई प्राकृतिक सम्पदा भनिन्छ । वनजङ्गल, नदी, ताल तलैया, खानी, जमिन आदि प्राकृतिक सम्पदा हुन् । प्राकृतिक सम्पदा निःशुल्क रूपमा प्राप्त उपहारहरू हुन् जसको हामी सबै मिली संरक्षण गर्नुपर्छ । प्रकृति र मानिस एक अर्काका परिपूरक हुन् प्रकृतिबिना मानिसको अस्तित्व रहन सक्दैन र मानिसद्वारा नै प्रकृतिको संरक्षण, संवर्धन, प्रवर्धन र सदुपयोग हुन सक्छ । त्यसैले प्राकृतिक सम्पदाको महत्त्वलाई सबैले मनन् गर्दै विद्यार्थीहरूलाई आफ्नो स्थानीय क्षेत्रमा रहेका प्राकृतिक सम्पदाको पहिचान गरी तिनीहरूको उचित उपयोग र संरक्षणमा सहभागी गराउनु यस पाठको मुख्य उद्देश्य रहेको छ ।

## ३. शैक्षणिक सामग्री

- प्राकृतिक सम्पदासँग सम्बन्धित विभिन्न प्रकारका सम्पदाहरू झल्कने चित्र, फोटो तथा भिडियो
- प्राकृतिक सम्पदाको परिचय र यसअन्तर्गत पर्ने सम्पदाहरू उल्लिखित चार्ट
- प्राकृतिक सम्पदाहरूको उपयोग गर्ने तरिकासँग सम्बन्धित चित्र, फोटो भिडियो
- प्राकृतिक सम्पदाहरूको संरक्षण गर्ने उपाएहरू उल्लिखित चार्ट

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

हाम्रो वरपर रहेका प्राकृतिक सम्पदाहरूको (जस्तै : जलसम्पदा, वनसम्पदा र माटो आदि) विभिन्न चित्र वा भिडियो देखाउँदै देखाइएको चित्र वा भिडियोको सम्बन्धमा छलफल गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. २

विद्यार्थीहरूलाई प्राकृतिक सम्पदाहरूमा के के पर्दछन् होला भन्ने प्रश्न गर्दै उनीहरूबाट आएको जवाफलाई सिकाइ पाटीमा टिपोट गर्दै विद्यार्थीलाई प्राकृतिक सम्पदा भनेको के हो भनी छलफल गराउनुहोस् र अन्तिममा प्राकृतिक सम्पदाको परिचय बताइदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

पुस्तकमा दिइएको हाम्रो प्राकृतिक सम्पदाहरू विद्यार्थीहरूलाई टिपोट गरेर भन्न लगाउनुहोस् । विद्यार्थीहरूले टिपोट गर्न छुटाएका प्राकृतिक सम्पदासम्बन्धी बुँदालाई थप गरेर पूरा गर्नुहोस् र अन्य प्राकृतिक सम्पदासमेत थप गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ४

सम्पदाहरूको अवलोकन भ्रमण गराई सोको आधारमा विद्यार्थीहरूलाई प्राकृतिक सम्पदाको उपयोगिता बताउन लगाउनुहोस् । शिक्षकले प्रत्येक सम्पदाको उपयोग गर्ने तरिकाका सम्बन्धमा पालैपालो केही बुँदाहरूको सूचीलाई प्रस्तुत गर्नुहोस् र हरेक बुँदालाई पुष्टि गर्ने चित्र वा भिडियोसमेत प्रस्तुत गर्नुहोस् तथा हरेक बुँदालाई व्याख्या गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ५

विद्यार्थीहरूलाई प्राकृतिक सम्पदाहरूको संरक्षणमा समूहहरूले कसरी सहयोग गर्न सक्नु हुन्छ भन्ने प्रश्न गर्दै संरक्षणका केही उपायहरू उल्लिखित चार्ट प्रस्तुत गर्नुहोस् र त्यसमा अन्य बुदाँहरू पनि थप गर्न लगाइ सूची बनाउन लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ६

विद्यार्थीहरूको समूह निर्माण गर्नुहोस् । हरेक समूहलाई उनीहरूको ठाउँमा भएका माटो, पोखरी, वनजङ्गल, हिमाल, खोला तथा नदी र अन्य प्राकृतिक सम्पदाहरूमा भएको अवस्थाको सन्दर्भमा समूहमा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**शीर्षक :** मेरो गाउँको प्राकृतिक सम्पदाको अवस्था

**विगतको अवस्था :**

**अहिलेको अवस्था :**

**संरक्षणमा भएको प्रयास :**

### ❖ क्रियाकलाप नं. ७

विद्यार्थीहरूलाई स्थानीय तहमा विद्यालयनजिक रहेका प्राकृतिक सम्पदा भएको क्षेत्रमा अध्ययन भ्रमणका लागि लैजानुहोस् । त्यहाँ रहेका प्राकृतिक सम्पदा र ती सम्पदाहरूको संरक्षणमा हुने गरेका र भएका मुख्य मुख्य कुराहरू छलफल, सोधपुछ, प्रश्नोत्तर र प्रत्यक्ष अवलोकनका आधारमा टिपोट गर्न लगाउनुहोस् र कक्षामा पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ८

विद्यार्थीहरूलाई दिइएको तालिकामा आफ्नो ठाउँ वरपर रहेका प्राकृतिक सम्पदाहरू र तिनको संरक्षणमा आफूले गर्न सक्ने कामहरूको सूची बनाउन लगाउनुहोस् ।

| **आफ्नो ठाउँमा रहेका** प्राकृतिक सम्पदाहरू | यिनको संरक्षणमा आफूले गर्न सक्ने कामहरू |
|---|---|
| | |
| | |

## ५. मूल्याङ्कन/ प्रतिविम्बन

क. निम्न आधारमा प्रतिवेदन लेखनको मूल्याङ्कन गर्नुहोस् :-

| शीर्षक | उत्कृष्ठ | मध्यम | सामान्य |
|---|---|---|---|
| विषयवस्तुको ज्ञान | | | |
| प्रस्तुतीकरण शैली | | | |
| सहकार्य सिप | | | |

ख. पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

# पाठ ५ हाम्रो सांस्कृतिक सम्पदाहरू

**अनुमानित कार्य घण्टा : ४**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| स्थानीय क्षेत्रका सार्वजनिक सम्पदाहरूको पहिचान गरी तिनीहरूको उचित उपयोग र संरक्षणमा सहभागी हुन | – ऐतिहासिक र सामाजिक/सांस्कृतिक सम्पदाहरू, जस्तै : मन्दिर, गुम्बा/विहार, मस्जिद, आदि ऐतिहासिक दरबारहरू, विभिन्न जातजातिसँग सम्बन्धित गीत, नाच र बाजाहरू आदिको खोजी गर्न<br>– ऐतिहासिक र सामाजिक/सांस्कृतिक सम्पदाहरूको उपयोग गर्ने तरिका बताउन<br>– ऐतिहासिक र सामाजिक /सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्ने उपाएहरूको सूची बनाउन |

## २. पाठ परिचय

सांस्कृतिक सम्पदा भन्नाले मठ, मन्दिर, गुम्बा/विहार, मस्जिद, चर्च आदि ऐतिहासिक दरबारहरू, विभिन्न जातजातिसँग सम्बन्धित लोकगीत, लोकनाच र लोकबाजाहरू आदि सबैलाई बुझिन्छ । हाम्रो सांस्कृतिक सम्पदा हाम्रो परिचय र पहिचान पनि हो । सांस्कृतिक सम्पदाले हाम्रो रीतिरिवाज, संस्कार र संस्कृतिलाई जीवन्त बनाई राखेका छन् । विद्यार्थीहरूलाई आफ्नो स्थानीय समुदायमा अवस्थित धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको पहिचान गरी तिनीहरूको उचित उपयोग र संरक्षणमा सहभागी गराउनु यस पाठको मुख्य उद्देश्य रहेको छ ।

## ३. शैक्षणिक सामग्री

- ऐतिहासिक र सामाजिक /सांस्कृतिक सम्पदाहरू, जस्तै : मन्दिर, गुम्बा/विहार, मस्जिद, आदि ऐतिहासिक दरबारहरू, विभिन्न जातजातिसँग सम्बन्धित गीत, नाच र बाजाहरू आदिको खोजी गर्न
- ऐतिहासिक र सामाजिक /सांस्कृतिक सम्पदाहरूको उपयोग गर्ने तरीकासँग सम्बन्धित चित्र, फोटो भिडियो

– ऐतिहासिक र सामाजिक /सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्ने उपायहरू उल्लिखित तालिका

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

समूहहरूको समुदायमा के कस्ता सांस्कृतिक सम्पदाहरू छन् ? भनी विद्यार्थीहरूलाई आआफ्नो समुदायमा भएका सांस्कृतिक सम्पदाहरूको नाम भन्न लगाउनुहोस् । समूह यस्ता सम्पदाको भ्रमणमा जाने गर्नु भएको छ ? आदि प्रश्न गरी उनीहरूका अनुभवहरू आदान प्रदान गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. २

विभिन्न ऐतिहासिक र सामाजिक /सांस्कृतिक सम्पदाहरूको ( जस्तै : मन्दिर, गुम्बा/विहार, मस्जिद, आदि ऐतिहासिक दरबारहरू, विभिन्न जातजातिसँग सम्बन्धित गीत, नाच र बाजाहरू आदिको ) चित्र, तस्वीर तथा भिडियो प्रदर्शन गर्नुहोस् ।

उक्त चित्र, तस्बीर तथा भिडियोमा के देख्नुभयो ? प्रश्नोत्तर, छलफल गराउँदै यिनीहरू सबै हाम्रा ऐतिहासिक, धार्मिक र सामाजिक / सांस्कृतिक सम्पदा हुन् भनी प्रष्ट पारिदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

समुदायमा रहेका यस्ता सांस्कृतिक सम्पदाहरू (जस्तै : मन्दिर, गुम्बा/विहार, मस्जिद, आदि ऐतिहासिक दरबारहरू, विभिन्न जातजातिसँग सम्बन्धित गीत, नाच र बाजाहरूआदि) को खोजी गर्न लगाई तिनीहरूको नाम बुदाँगत रूपमा टिपोट गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ४

नेपालका प्रचलित सार्वजनिक (ऐतिहासिक, धार्मिक र सामाजिक /सांस्कृतिक) सम्पदाहरूको नाम र स्थान लेखिएको चार्ट र धार्मिक स्थलहरू देखाइएको नेपालको नक्सा विद्यार्थीहरू सबैले देख्ने ठाउँमा टाँसी प्रदर्शन गर्नुहोस् ।

विद्यार्थीहरूलाई पालै पालो गरी अवलोकन लगाउनुहोस् र नक्सामा ती विभिन्न धार्मिक स्थलहरू कुन स्थानमा पर्दा रहेछन् खोज्न लगाउनुहोस् ।

त्यसपछि समूहहरू यी धार्मिक सम्पदामध्ये कुन कुन ठाउँमा जानु भएको छ ? ती कस्ता ठाउँ थिए ? तिनको के महत्त्व रहेको छ ? जस्ता प्रश्नहरू गर्दै छलफल र अन्तर्क्रिया गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ५

विद्यार्थीहरूलाई समूहहरूको समुदायमा रहेका सांस्कृतिक सम्पदाहरूको किन महत्त्व छ ? त्यस्ता सम्पदाहरूको संरक्षणका लागि के के गर्नु भएको छ ? जस्ता प्रश्नहरू गर्दै छलफल गर्ने र उनीहरू बाट आएका उत्तरहरूलाई सिकाइ पाटीमा टिपोट गर्ने । त्यस्ता ऐतिहासिक, धार्मिक र सामाजिक /सांस्कृतिक सम्पदाहरूको संरक्षण कार्यमा सरिक हुने उपायहरू उल्लिखित चार्ट प्रदर्शन गरी उनीहरूले पहिला दिएको उत्तरसँग मेल खाए नखाएको छलफल गर्दै स्पष्ट पारिदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. ६

विद्यार्थीहरूलाई व्यक्तिगतरूपमा सांस्कृतिक सम्पदाको कुनै एक उपयोग गर्ने तरिका लेख्न लगाउने, जोडीजोडीमा छलफल गरी व्यक्तिगत विचारलाई जोडीको साझा विचार बनाउने ।

जोडीका विचारलाई पालैपालो भन्न लगाउनुहोस् र शिक्षकले बोर्डमा टिप्दै जाने र उनीहरूले व्यक्त गरेका विचारलाई जोड्दै शिक्षकले सांस्कृतिक सम्पदाको उपयोग गर्ने तरिका लेखिएको चार्ट प्रदर्शन गरी सांस्कृतिक सम्पदाको उपयोग गर्ने तरिका स्पष्ट पारिदिने

यस विधिलाई सोच जोडीमा छलफल आदान प्रदान (Think- Pair- Share) अर्थात छोटकरीमा TPS विधि भनिन्छ ।

### ❖ क्रियाकलाप नं. ७

विद्यार्थीहरूलाई विद्यालय नजिकै स्थानीय समुदायमा रहेको वा सम्भव भएको कुनै एक सार्वजनिक सम्पदाहरू (ऐतिहासिक, धार्मिक र सामाजिक /सांस्कृतिक) को स्थलगत भ्रमण गराई तिनीहरूले त्यहाँ प्रत्यक्ष अवलोकनमा देखिएका कुराहरू टिपोट गर्न लगाउनुहोस् । साथमा ती सम्पदाको पहिचान गरी त्यहाँका मुख्य-मुख्य विशेषताको पहिचान गर्न लगाउनुहोस् र कक्षामा छलफल गराउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ८

विद्यार्थीहरूलाई स्थानीय स्तरमा रहेका सार्वजनिक सम्पदाहरूको चित्र तथा पोस्टरहरू सङ्कलन गरी कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ९

विद्यार्थीहरूलाई विद्यालय नजिक रहेको कुनै एक सम्पदाहरूको सरसफाइ कार्यमा सहभागी हुन लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. १०

स्थानीय समुदायमा रहेका आफूले अवलोकन गरेका कुनै एक धार्मिक तथा सांस्कृतिक सम्पदाका बारेमा लेख्न लगाउनुहोस् र छलफल गर्नुहोस् ।

## ५. मूल्याङ्कन/प्रतिविम्बन

क. विद्यार्थीहरूले विद्यालय वा समुदाय वरपर रहेका ऐतिहासिक, धार्मिक र सामाजिक /सांस्कृतिक सम्पदाहरूको संरक्षण कार्यमा सहभागी भए वा नभएको सम्बन्धमा तल दिइए जस्तै रुजु सूचीको प्रयोग गरेर पनि विद्यार्थी स्वयम्लाई मूल्याङ्कन गर्न लगाउन सकिन्छ ।

विद्यार्थीको नाम

| | | |
|---|---|---|
| १. सम्पदा क्षेत्र वरपर सफा सुग्घर | गर्छु | गर्दिन |
| २. सांस्कृतिक सम्पदाको प्रचार प्रसार | गर्छु | गर्दिन |
| ३. सांस्कृतिक सम्पदाको संरक्षण कार्यमा सहभागी | भएको छु | भएको छैन |
| ४. सम्पदाको वरपर सरसफाइ कार्यमा सहभागी | भएको छु | भएको छैन |

ख. पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

**पाठ ६**

# समान व्यवहार

**अनुमानित कार्य घण्टा : ३**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| आफ्नो समुदायमा भएका विभिन्न व्यक्तिहरूसँग समान व्यवहार गर्न | – आफ्नो समुदायमा भएका विभिन्न भाषिक समुदाय, लैङ्गिक विविधता, अपाङ्गता भएका व्यक्ति, विभिन्न क्षेत्र र पेसाका मानिसलाई समान व्यवहारका गर्न<br>– समान व्यवहार गर्दा हुने फाइदाको सूची बनाउन<br>– समान व्यवहार नगर्दा हुने बेफाइदा बताउन |

## २. पाठ परिचय

नेपाल विविधताले भरिपूर्ण मुलुक हो । यहाँ विभिन्न जातजाति, भाषाभाषी, धार्मिक, सांस्कृतिक, लैङ्गिक विविधता, अपाङ्गता भएका व्यक्ति, विभिन्न क्षेत्र र पेसा व्यवसायका मानिसहरू बसोबास गर्दछन् । सामाजिक विविधता हाम्रो समाजको खास विशेषता हो । सामाजिक विविधता युक्त समाजमा सामाजिक एकता कायम गर्न समान व्यवहारको महत्त्वपूर्ण भूमिका रहन्छ । मेलमिलाप, अन्तरनिर्भरता, सहयोग, सहकार्य, खुशी, माया, आदर सम्मान, अवसर, विभेद, शान्ति आदि समान व्यवहारका मुख्य आधारहरू हुन् । यस पाठमा समान व्यवहार (असल बानी व्यवहारहरू) र यसबाट हुने फाइदाहरूको चर्चा गरिएको छ। जसको सहजीकरणले विद्यार्थीहरू आफ्नो समुदायमा भएका विभिन्न व्यक्तिहरूसँग असल व्यवहार गर्न र यसवाट हुने फाइदा बुझी सो अनुरूप कार्य गर्न सक्षम बनाउने अपेक्षा गरिएको छ ।

## ३. शैक्षणिक सामग्री

- समुदायमा भएका विभिन्न व्यक्तिहरू (भाषिक समुदाय, लैङ्गिक विविधता, अपाङ्गता भएका व्यक्ति, विभिन्न क्षेत्र र पेसाका मानिसहरू) सँग गरिएका सामाजिक व्यवहार र गतिविधि झल्कने चित्र, फोटो, भिडियो
- समान व्यवहार गर्दा हुने फाइदा लेखिएको चार्ट

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

- समान व्यवहार झल्कने तस्वीर वा भिडियो क्लिप्सहरू (जस्तै : मान्यजनहरूलाई सम्मान गरेको, अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गरेको, नियम पूर्वक सबै मिली काम गरेको, छोरा छोरी दुवैलाई विद्यालय पठाएको, विभिन्न चाडपर्वमा सहभागी भएको, विभिन्न प्रकारका कामलाई सम्मान र इज्जत गरेको आदि) देखाउने ।
- अनि विद्यार्थीहरूलाई यो तस्वीर वा भिडियो क्लिप्स केसँग सम्बन्धित छ, यसले दिन खोजेको सन्देश के हो ? जस्ता प्रश्नहरू गर्नुहोस् र विद्यार्थीहरूबाट जवाफ आइसकेपछि पृष्ठपोषण सहित उक्त तस्वीर तथा भिडियोबाट समान व्यवहार झल्कने कुराहरू प्रष्ट पार्दै समान व्यवहार गर्न अभिप्रेरित गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. २

- विद्यार्थीहरूलाई पेज नं. ६० मा दिइएको विनिशाको कथा कथाकथन विधिबाट रोचक ढङ्गले हाउभाउसहित पढेर सुनाउने वा कुनै विद्यार्थीलाई सबैले सुन्ने गरी पढेर सुनाउन लगाउनुहोस्
- यस कथा सुनेर के शिक्षा पाउनुभयो ? भनी प्रश्न गर्दै समान व्यवहारमा कस्ता कस्ता व्यवहारहरू पर्दछन् ? र समान व्यवहार बाट हुने फाइदाहरूको बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् र पालै पालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

- समाजका कुनै असल व्यक्तिको उदाहरण दिएर उनले गर्ने राम्रो र असल व्यवहारको परिचय दिनुहोस् । त्यसपछि समान व्यवहारका फाइदाहरू के के होलान् भनी विद्यार्थीहरूसँग प्रश्न गर्नुहोस् । उनीहरू सबैलाई पालो पालो भन्ने मौका दिने । उनीहरूबाट आएको जवाफ बोर्डमा टिप्दै जाने ।

### ❖ क्रियाकलाप ४

समान अर्थात असल व्यवहारका फाइदा लेखिएका चार्टपेपर कोठा वाहिरका भित्तामा ४ वा ५ ठाउँमा टाँस्ने र विद्यार्थीलाई समूहमा विभाजन गरी हरेक समूहका एकजना टिपोट गर्ने व्यक्ति छनोट गर्नुहोस् र हरेक समूहका बाँकी सदस्यहरूलाई बाहिर भित्तामा टाँसेको फाइदाहरू टिपोट गर्ने व्यक्तिलाई सम्झेको आधारमा भन्न लगाउनुहोस् । यसरीभन्दा कापीमा टिपेर वा फोटो खिचेर भन्न नपाइने कुरासमेत बताइदिने ।

- अन्त्यमा जुन समूहले छिटो टिपोट गरेर सक्छ , सो समूहलाई विजयी घोषित गर्ने ।
- हरेक समूहलाई आफूले गरेको कामको समीक्षा गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई अगि उनीहरूले भनेका र चार्टपेपरमा भएका के कति मिलेका

छन् र कति फरक थपिएका छन् भनी छलफल गराउँदै समान व्यवहारका फाइदाहरूको बारेमा प्रष्ट पारिदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. ५

समुदायमा समान व्यवहार गर्दा के के फाइदा हुन्छ भनी चार्ट, चित्र, भिडियो प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ६

- समान व्यवहार झल्कने कथा वा कविता वा गीत वा घटना कक्षामा रोचक ढङ्गले सुनाउने र उक्त कथा वा कविता वा गीत वा घटना प्रश्नोत्तर, छलफल, भूमिका अभिनयको माध्यमबाट प्रष्ट पारिदिने ।
- विद्यार्थीहरूलाई पनि त्यस्तै समान व्यवहार झल्कने कथा वा कविता वा गीत वा घटना वा समाचार लेख्न वा सङ्कलन गर्न लगाई कक्षामा सुनाउन र सूचना पाटीमा टाँस्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ७

विद्यार्थीहरूको विभिन्न समूह बनाई हरेक समूहलाई विभिन्न प्रकारका समान व्यवहार पालना गरेको भूमिका अभिनय गर्न लगाउनुहोस् ।

## ५. मूल्याङ्कन/ प्रतिविम्बन

**क)** समूह छलफल गर्दा विद्यार्थीहरूले देखाएको सक्रियता, सहभागिता र छलफलमा भाग लिए नलिएको सम्बन्धमा निम्नअनुसार मूल्याङ्कन गर्नुहोस् :

| क.सं. | विद्यार्थीको नाम थर | समूहमा सहभागिता/सक्रियता | आफ्नो विचारको प्रस्तुति | अभिलेखकर्ता भए अभिलेख लेखनमा सहभागिता |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

धेरै राम्रो ३, राम्रो २ र सुधार गर्नुपर्ने १

**ख**. तल दिइए जस्तै प्रश्नहरू सोधेर पनि मूल्याङ्कन वा प्रतिविम्बन गराउन सकिन्छ ।

(क) कस्ता व्यवहारलाई समान व्यवहार भनिन्छ ?

ख) समूहले गर्नुभएको कुनै दुईओटा समान व्यवहारहरू के के हुन् ।

(ग) समान व्यवहारको कुनै दुईओटा फाइदा उल्लेख गर्नुहोस् ।

(घ) समान व्यवहार नगर्दाका के के बेफाइदाहरू हुन्छन् ?

## ६. थप अध्ययन सामग्रीहरू

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा तयार गरिएको स्रोत सामग्री : https://www.youtube.com/watch?v=ljXm_MH1UUs

# पाठ ७ सेवाप्रदायक निकायहरू

अनुमानित कार्य घण्टा : ४

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| स्थानीय स्तरका सेवाप्रदायक निकायले प्रदान गर्ने सेवाहरूको पहिचान र उपयोग गर्न | – स्थानीय स्तरमा कार्यरत विभिन्न सेवाप्रदायक निकायहरूको पहिचान गरी सूची तयार गर्न<br>– वडा कार्यालयवाट सम्पादन हुने स्थानीय विकास निर्माण र आधारभूत प्रशासनिक सेवाको बारेमा बताउन<br>– प्रहरीचौकीद्वारा जनताको सेवा सुरक्षामा पुगेका सहयोग उल्लेख गर्न<br>– स्वास्थ्य चौकीबाट उपलब्ध हुने आधारभूत स्वास्थ्य सेवाको बारेमा बताउन<br>– स्थानीय स्तरमा रहेका सामाजिक सङ्घसंस्थाहरू र तिनले गर्ने कार्यहरू बताउन |

## २. पाठ परिचय

यस पाठमा स्थानीय स्तरमा रहेका सेवा प्रदायक निकायहरूको पहिचान गराई त्यस्ता निकायहरूले प्रदान गर्ने सेवाहरूका सम्बन्धमा चर्चा गरिएको छ । जसको सहजीकरणले विद्यार्थीहरूलाई वडा कार्यालय वाट सम्पादन हुने स्थानीय विकास निर्माण र आधारभूत प्रशासनिक सेवाका सम्बन्धमा, प्रहरीचौकीले जनताको सेवा सुरक्षामा पुऱ्याएको सहयोग, स्वास्थ्य चौकीले उपलब्ध गराउने आधारभूत स्वास्थ्य सेवालगायत स्थानीय स्तरमा रहेका सामाजिक सङ्घसंस्थाहरू र तिनले गर्ने कार्यहरू समेतका बारेमा बुझी सोअनुरूप कार्य गर्न सक्षम बनाउने अपेक्षा गरिएको छ ।

## ३. शैक्षणिक सामग्री

– स्थानीय स्तरमा कार्यरत विभिन्न सेवा प्रदायक निकायहरू उल्लिखित चार्ट, विभिन्न सेवाप्रदायक निकायहरूका कार्यहरू झल्कने चित्र र भिडियो क्लिप्सहरू

– वडा कार्यालयबाट सम्पादन हुने स्थानीय विकास निर्माण र आधारभूत प्रशासनिक

सेवा उल्लिखित चार्ट । स्थानीय स्तरमा कार्यरत प्रहरी चौकीले जनताको सेवा सुरक्षामा पुऱ्याएको सहयोगलगायत विभिन्न कार्यहरू झल्कने चित्र र भिडियोहरू

- स्थानीय स्तरमा कार्यरत स्वास्थ्य चौकीले उपलब्ध गराउने आधारभूत स्वास्थ्य सेवालगायत विभिन्न कार्यहरू झल्कने चित्र र भिडियोहरू
- स्थानीय स्तरमा रहेका सामाजिक सङ्घसंस्थाहरू र तिनले गर्ने कार्यहरू उल्लिखित चार्ट

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

स्थानीय स्तरमा कार्यरत विभिन्न सेवा प्रदान गर्ने निकायहरूको चित्र, फोटो, भिडियो देखाउँदै विद्यार्थीहरूलाई समूहहरूको स्थानीय स्तरमा कार्यरत सेवाप्रदायक निकायहरू के के छन् ? यस्ता निकायहरूबाट समूहहरूले के कस्ता सेवा तथा सुविधाहरू लिँदै आउनु भएको छ ? जस्ता प्रश्नहरू गर्दै स्थानीय ठाउँमा कार्यरत सेवा प्रदान गर्ने निकायहरूको सम्बन्धमा छलफल गर्नुहोस् । उनीहरूले बुझ्न नसकेका वा गलत बुझाइ भएका निकायहरूमा शिक्षकले सुधार गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. २

- स्थानीय निकायहरूसँग सम्बन्धित चित्र फोटो भिडियोहरू (जस्तै : बैङ्क, खानेपानी कार्यालय, वडा कार्यालय, विद्युत् कार्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, दुरसञ्चार कार्यालय, बालक्लब, युवाक्लब) देखाउने
- विद्यार्थीहरूलाई यी चित्रबाट के बुझ्न सक्छौँ ? समूहहरू बस्ने ठाउँ वरपर पनि यी र यस्ता निकायहरू छन् होला ? यस्ता निकायहरूबाट हामीले पनि विभिन्न प्रकारका सेवा सुविधा लिँदै आइरहेका छौँ । यसरी हामीलाई सेवा दिने निकायहरूलाई सेवा प्रदायक निकाय भनिन्छ भनी प्रष्ट पारिदिनुहोस् ।
- स्थानीय स्तरमा सेवा प्रदान गर्ने निकायहरूको सूची बनाउन लगाउनुहोस् र आवश्यक छुटपुट भएका निकायहरूलाई थप गर्न सहयोग गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

- स्थानीय स्तरमा सेवा प्रदान गर्ने निकायमध्ये वडा कार्यालयबाट सम्पादन हुने स्थानीय विकास निर्माण र आधारभूत प्रशासनिक सेवाका सम्बन्धमा सम्बन्धित वडाका जनप्रतिनिधि वा कर्मचारीलाई कक्षामा आमन्त्रण गरी स्रोत कक्षा लिन लगाउनुहोस् वा अनुकूल भएमा विद्यार्थीलाई नै स्थानीय तहको वडा कार्यालयमा नै लगेर छलफल गराउनुहोस् र आवश्यक बुँदा टिपोट गर्न लगाउनुहोस् ।

– विद्यार्थीहरू समक्ष सबैले देख्ने गरी वडा कार्यालयबाट सम्पादन हुने स्थानीय विकास निर्माण र आधारभूत प्रशासनिक सेवा उल्लिखित चार्ट प्रदर्शन गर्नुहोस् र यस अगि उनीहरूले टिपोट गरेका र चार्टपेपरमा भएका के कति बुँदा मिलेका छन् र कति फरक थपिएका छन् भनी छलफल गराउँदै वडा कार्यालयबाट सम्पादन हुने कार्य र उपलब्ध सेवाहरूका सम्बन्धमा थप प्रष्ट पारिदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. ४

प्रहरीचौकीको भूमिकाका सम्बन्धमा विद्यालयमा विद्यार्थीहरूबिच झैझगडा भएको र विद्यालयले प्रहरीको सहयोगमा झगडाको समाधान गरेको घटनासँग सम्बन्धित रही भूमिका अभिनय गर्न लगाउनुहोस् । शिक्षकले प्रहरीचौकीको कार्यहरू झल्कने विभिन्न चित्र र भिडियोहरू प्रदर्शन गर्दै विभिन्न उदाहरणमार्फत शान्तिसुरक्षा र सेवामा पुगेका सहयोग सम्बन्धमा थप प्रष्ट पारिदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. ५

विद्याथीहरूलाई अर्को स्थानीय सेवाप्रदायक निकाय स्वास्थ्य चौकी हो भन्दै यसबाट उपलब्ध हुने विभिन्न आधारभूत स्वास्थ्य सेवा सल्लाह सुझाव र विभिन्न कार्यहरूको सम्बन्धमामा पावर पोइन्ट स्लाइड वा चित्र वा भिडियोहरू देखाएर अन्तर्क्रिया तथा छलफलमार्फत प्रष्ट पारिदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. ६

स्वास्थ्य चौकीबाट कसले के के सेवा प्राप्त गरेको छ भनी प्रश्न गर्ने र प्राप्त सेवा सुविधामा छलफल गरी निष्कर्षमा पुग्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ७

स्थानीय सेवाप्रदायक निकायहरूबाट प्राप्त हुने सेवा सुविधाका सम्वन्धमा स्थानीय जनप्रतिनिधि वा कर्मचारीलाई कक्षामा आमन्त्रण गरी स्रोत कक्षामार्फत छलफल गर्न लगाउनुहोस् वा अनुकूल भएमा विद्यार्थीहरूलाई नै स्थानीय तहको सेवा प्रदायक निकायहरूमा स्थलगत भ्रमण गराई तिनीहरूले सम्पादन गर्ने कार्यहरूको जानकारी लिन लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ८ :

स्थानीय स्तरमा रहेका सामाजिक सङ्घसंस्थाहरू र तिनले गर्ने कार्यहरू उल्लिखित चार्ट प्रदर्शन गर्दै विद्यार्थीहरूलाई सामाजिक सङ्घसंस्थाहरूले गर्ने कार्यहरू फरक-फरक प्रकृतिका हुने कुरा सम्झाउँदै सामाजिक सङ्घसंस्थामध्ये कुनै एक संस्था र उक्त संस्थाको कार्य भन्नका लागि विद्यार्थीलाई “तातोआलु” खेल खेलाउनुहोस् ।

## तातो आलु खेल

"तातोआलु" खेल खेलाउनका लागि सर्वप्रथम विद्यार्थीहरूलाई खुला ठाँउमा लिएर गई गोलो घेरामा उभिन लगाउनुहोस् र ती विद्यार्थीहरूमध्ये कुनै एकजना विद्यार्थीलाई एउटा भकुन्डो वा किताब दिनुहोस् । त्यसलाई क्रमशः अर्को विद्यार्थीलाई पास गर्न लगाउनुहोस् । मादल वा गीतको धुन बजाउने र रोक्ने । धुन रोकिँदा जसको हातमा बल वा किताब पुगेको हुन्छ, उसलाई कुनै एक सामाजिक सङ्घसंस्था र उक्त संस्थाले गर्ने कुनै एउटा कार्य भन्न लगाउनुहोस् र प्राप्त बुँदाहरूलाई टिपोट गर्दै जानुहोस् । यो क्रमलाई निश्चित समयसम्म दोहोऱ्याउनुहोस् र प्राप्त बुँदाहरू उपर पृष्ठपोषण प्रदान गर्नुहोस् ।

❖ क्रियाकलाप नं. ९

विद्यार्थीहरूको विभिन्न समूह निर्माण गरी स्थानीय विभिन्न कार्यालयबाट सेवा दिएको र सेवा लिएको विषयमा सम्बन्धित रहेर भूमिका अभिनय गर्न लगाउनुहोस् ।

## ५. मूल्याङ्कन/ प्रतिविम्बन

क. स्थानीय स्तरमा कार्यरत विभिन्न सेवाप्रदायक निकायहरूले प्रदान गर्ने सेवाहरू खोजी गरी निम्नलिखित नमुना तालिकामा भर्न लगाउनुहोस् :

| क्र.स.स. | सेवा प्रदायक निकाय | तिनले प्रदान गर्ने सेवा |
|---|---|---|
| १ | वडा कार्यालय | जन्म,मृत्यु, विवाह र बसाइसराइँलगायतका घटनाहरूको दर्ता गरी प्रमाणपत्र दिने |
| २ | प्रहरीचौकी | जनताको सेवा र सुरक्षामा सहयोग गर्ने |
| ३ | विद्युत् कार्यालय | |
| ४ | बालक्लब | |
| ५ | खानेपानी कार्यालय | |
| ६ | युवाक्लब | |
| ७ | आधारभूत स्वास्थ्य कार्यालय | |
| ८ | आमा समूह | |
| ९ | नेपाल रेडक्रस सोसाइटी | |
| १० | बैङ्क | |

ख. पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

एकाइ ४

# सामाजिक समस्या र समाधान

पाठ १

## असल समाज

अनुमानित कार्य घण्टा : ५

### १. सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| असल समाजको परिचय दिन र विशेषता वताउन | – असल समाजको परिभाषा दिन र यसका विशेषताहरू बताउन<br>– आफ्नो समाजका विशेषताहरू पहिचान गरी असल समाज हो कि होइन भन्ने यकिन गर्न<br>– समाजका मानिसहरूले एक अर्कालाई कसरी सहयोग गर्छन् भन्ने कुरा जानकारी प्राप्त गरी सहयोगी बन्न<br>– कुनै पनि समाजलाई असल बनाउन गर्नुपर्ने क्रियाकलापहरू पहिचान गरी आफू पनि त्यस्ता गतिविधिहरूमा सहभागी हुन |

### २. पाठ परिचय

मानिस सामाजिक प्राणी हो । समाजमा जन्मेर समाजमा नै आफ्नो जीवन व्यतित गर्छ । मानिसलाई समाजले विभिन्न प्रकारका संस्कारहरू सिकाउँछ । समाज आफैँमा असल वा खराब हुँदैन । सामाजमा बस्ने मानिसहरूले समाजलाई असल र खराब बनाउँछन् । सामूहिक भावना, सहयोग, सहकार्य एवम् मेलमिलाप विकास भएको समाजलाई असल समाज भनिन्छ । असल समाजका गुणहरूका विषयमा छलफल गरिएको छ । समाजमा भेदभाव नहुनु, अपाङ्गता भएका व्यक्तिलाई सम्मान गरिनु, अन्धविश्वास नहुनु, मानिस बिरामी हुँदा स्वास्थ चौकी वा अस्पताल जानु, बिरामीलाई भेटघाट गर्न जानु आदि असल समाजका विशेषताहरू हुन् भन्ने उदाहरण दिँदै विद्यार्थीलाई आफू पनि सहयोगी बन्नु पर्छ भन्ने सन्देश प्रदान गरिएको छ ।

### ३. शैक्षणिक सामग्री

– समाजमा मानिसहरूले मिलेर काम गरेका तस्वीर, भिडियो

- असल समाजको अवस्था झल्कने चित्र, पोस्टर, व्यानर, प्लेकार्ड आदि
- असल समाजका गुणहरू लेखेका चार्ट

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप १

असल समाजका विशेषताहरू झल्काउने तस्वीर, पोष्टर आदि प्रदर्शन र कथा वा घटना विवरण प्रस्तुत गरी समाजमा रहेका राम्रा पक्षहरू पहिचान गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप २

असल समाजका विशेषताहरू उल्लिखित चार्ट वा तालिका प्रदर्शन गरी विशेषता स्पष्ट पारिदिनुहोस् ।

### ❖ क्रियाकलाप ३

असल समाजका कुन कुन विशेषताहरू समूह रहेको समाजमा पनि छन् भनी प्रश्न गर्नुहोस् र उनीहरूको समाजमा विद्यमान असल समाजका विशेषताहरू समूहगतरूपमा छलफल गरी कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप ४

पाठमा रहेको संवादलाइ पालैपालो भूमिका अभिनय गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप ५

असल समाज निर्माणमा विद्यार्थीले पुऱ्याउन सक्ने योगदान सम्बन्धमा जोडी जोडीमा छलफल गराई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप ६

तलका मध्ये कुन कुन क्रियाकलापले असल समाज निर्माणमा सहयोग पुऱ्याउने ठान्नुहुन्छ ? पहिचान गर्नुहोस् ।

चोरी कार्यमा सहभागी हुनु , समुदायमा सबैसँग मिलेर बस्नु , अशक्त , अपाङ्गता भएका व्यक्ति तथा असहायलाई सहयोग गर्नु, भेदभाव गर्नु, दुर्व्यसनबाट टाढा रहनु, सार्वजनिक सम्पदाको संरक्षण कार्यमा सरिक रहनु

## ५.मूल्याङकन/प्रतिविम्बन

क) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा

विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

ख) निम्नानुसारको रुजुसूचीमार्फत विद्यार्थीको व्यवहार र ज्ञानको मूल्याङ्कन गर्नुहोस् :

| विद्यार्थीको व्यवहार | गरेको | नगरेको |
|---|---|---|
| परिवार वा समाजका सदस्यहरू बिरामी परेमा अस्पताल जानुपर्छ भन्ने | | |
| जाँड, रक्सी, चुरोट सेवन गर्ने मानिसलाई यो हानीकारक छ भन्ने | | |
| सबै जात, धर्म, लिङ्ग तथा शारिरिक अवस्थाका मानिसलाई समान व्यवहार गर्ने | | |
| जोखिमपूर्ण काम गर्ने | | |
| नचाहिने काममा पैसा खर्च गर्ने | | |
| समाजमा झगडा परेमा नेतृत्वमा रहेका मानिसलाई जानकारी दिई झगडा मिलाउन भन्ने | | |
| अन्य | | |

# पाठ २ सामाजिक समस्याबाट बचौं र बचाऔं

**अनुमानित कार्य घण्टा : ५**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| सामाजिक समस्याहरूको पहिचान गर्न र समाधानका उपायहरू बताउन | – सामाजिक समस्याहरू पहिचान गर्न<br>– सामाजिक समस्याको उदाहरण दिन<br>– सामाजिक समस्याले व्यक्ति र समाजलाई पार्ने नकारात्मक असरहरू पहिचान गर्न<br>– कुलतबाट टाढा रहने उपायहरू पहिचान गरी व्यवहारमा प्रयोग गर्न<br>– स्वार्थी मानिसको सङ्गतबाट जोगिन |

## २.पाठ परिचय

हरेक समाजमा अनेक प्रकारका समस्याहरू रहेका हुन्छन् । देखासिकी, फजुल खर्च, सामाािजक सञ्जालको दुरूपयोग, आदि खराब आदतहरू हुन् र यस्ता आदतहरूले मानिसको मानसिकतामा समेत प्रभाव पार्छन् भन्ने विषयवस्तुलाई पाठमा उठान गरिएको छ । मानिस कुलतमा लाग्दा विभिन्न प्रकारका लक्षणहरू देखिन्छन् र ती कुलतहरूबाट बच्ने विभिन्न उपायहरू छन् । ती कुलतका लक्षण र कुलतहरूबाट बच्ने उपायसमेत पाठमा दिएको छ । विभिन्न उदाहरणहरू दिएर विद्यार्थीलाई कुलत र खराब गतिविधिबाट टाढा राख्नु यस पाठको केन्द्रिय धारणा हो ।

## ३. शैक्षणिक सामग्री

- चिठीको नमुना लेखेको चार्ट पेपर
- विकृतिहरू देखाउने तस्वीर, मानिसहरू सुधार भएका तस्वीर/भिडियो
- विकृतिका उदाहरण लेखेका मेटाकार्ड, खराब आदत वा सङगतले मानिसमा देखिने लक्षणहरू लेखेका चार्ट पेपर
- मानिसले गर्न नहुने गतिविधिको सूची
- समस्या र विकृतिहरूबाट बच्ने उपायहरू लेखेका चार्ट, विद्यार्थीहरूको व्यवहारको स्वमूल्याङ्कनको रुजुसूचि आदि ।

## ४.सिकाइ सहजीकरण क्रियाकलाप

❖ **क्रियाकलाप १**

सामाजिक समस्या र विकृतिसँग सम्बन्धित तस्वीरहरू देखाई ती विकृतिहरू केसँग सम्बन्धित छन् भनी  कक्षामा छलफल गराउनुहोस् ।

❖ **क्रियाकलाप २**

समस्या र विकृतिहरूको असर सम्वन्धमा समूह समूहमा छलफल गर्न लगाई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

समूह क मादक पदार्थ सेवनको असर

समूह ख मोबाइलको अनावश्यक प्रयोग

समूह ग फजुल खर्च

समूह घ अरूलाई हेप्नु जिस्क्याउनु

समूह ङ अपरिचित व्यक्तिसँग सावधानीपूर्ण व्यवहार

❖ **क्रियाकलाप ३**

पोस्टर निर्माण वा कथा , गीत वा भूमिका अभिनय गर्न लगाई समस्या र विकृति विरुद्धको सन्देशमूलक प्रस्तुति तयार पार्न लगाउनुहोस् ।

❖ **क्रियाकलाप ४**

यस पाठमा सिकिएका विषयववस्तुमा आधारित भई प्रश्नवली क्रियाकलाप गराउनुहोस्।

❖ **क्रियाकलाप ५**

विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी हरेक समूहलाई गर्न हुने र नहुने क्रियाकलापहरूको नाम भएको साना साना कार्डहरूको गट्टी हरेक समूहलाई उपलब्ध गराउने र उनीहरूलाई ती विषयवस्तु चार्ट पेपरमा निम्नानुसारको तालिका बनाई टाँस्न लगाउनुहोस् :

| गर्न हुने क्रियाकलाप | गर्न नहुने क्रियाकलाप |
|---|---|
| | |
| | |
| | |
| | |

## ५.मूल्याङकन/प्रतिविम्बन

पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

# पाठ ३ सामाजिक समस्या र यसका समाधानका उपायहरू

अनुमानित कार्य घण्टा : ५

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| सामाजिक समस्याहरूको पहिचान गर्न र समाधानका उपायहरू बताउन | – सामाजिक समस्याहरू पहिचान गर्न<br>– मादक पदार्थका उदाहरण दिन<br>– मादक पदार्थ सेवनलाई सामाजिक समस्याको रूपमा लिइनुको कारण बताउन<br>– मादक पदार्थका बेफाइदाहरू बताउन<br>– चोरी डकैती जस्ता समस्याका विरुद्ध सावधानी अपनाउन<br>– सामाजिक समस्याहरू समाधान गर्ने उपाय बताउन |

## २.पाठ परिचय

जहाँ समस्या हुन्छ त्यहाँ समाधान पनि हुन्छ र समस्याले समाधान लिएर आएको हुन्छ भन्ने भनाइ पनि रहेको छ । समाजमा रहेका समस्याहरू एकै पटक समाधान हुँदैनन् र एक व्यक्तिले मात्र त्यस्ता समस्याहरू समाधान गर्न सक्दैन । पाठ्यपुस्तकमा समूहगत छलफलको आधारमा यस पाठको प्रस्तुतीकरण भएको छ । यस पाठमा मुख्यत: मादक पदार्थ सेवन र यसका बेफाइदा, चोरी डकैतीप्रति सजगता र सामाजिक समस्या समाधान गर्ने उपायहरूका सम्बन्धमा छलफल गरिएको छ । समाज विकासमा बाधा पुऱ्याउने खालका प्रचलित सामाजिक हित विपरीतका कार्य र तिनबाट सिर्जित समस्या सामाजिक समस्या हुन् । यसबाट व्यक्ति तथा समाजको उन्नति र प्रगतिमा बाधा पुग्छ ।

## ३.शैक्षणिक सामग्री

- सामाजिक समस्याहरू र तिनीहरूको समाधान गरिएका चित्र, भिडियो
- सामाजिक समस्याका सूची वा चार्ट
- समाधानका उपायहरू उल्लिखित सूची वा चार्ट

## ४.सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप १

- सामाजिक समस्या र समाधानका उपायहरू समेटिएको सामग्रीहरू कक्षामा पालैपालो प्रस्तुत गरी छलफल गराउनुहोस् ।
- विद्यार्थीलाई आफ्नो समुदायमा भएका सामाजिक समस्याको उदाहरणहरू पालैपालो भन्न लगाउनुहोस् ।
- लागु पदार्थ र यसका असरसम्बन्धी बुँदा सङ्कलन गर्नुहोस् ।
- पालैपालो विद्यार्थीहरूलाई, चोरी डकैती र सामाजिक समस्या समाधानका उपायहरू सम्बन्धमा छलफल गराउनुहोस् ।

### ❖ क्रियाकलाप २

- कक्षालाई तीन समूहमा विभाजन गर्नुहोस् ।
- हरेक समूहलाई आफूहरूमध्येबाट टोली नेता चयन गर्न लगाउनुहोस् ।
- पहिलो समूहलाई मादक पदाथ सेवन र यसका बेफाइदा सम्बन्धमा टिपोट गरी प्रस्तुत गर्न लगाउनु होस् ।
- दोस्रो समूहलाई चोरी डकैतीसम्बन्धी र तेस्रो समूहलाई सामाजिक समस्या समाधान गर्ने उपाय टिपोट गरी प्रस्तुत गर्न लगाउनु होस् ।
- शिक्षकले प्रत्येक समूहलाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

### ❖ क्रियाकलाप ३

प्रश्न बलको माध्यमबाट विद्यार्थीहरूले सिकेका कुराहरूलाई अझ सबलीकरण गर्नुहोस् ।

## ५.मूल्याङ्कन/प्रतिविम्बन

क) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

ख) **व्यवहार परिवर्तन स्वमूल्याङ्कन**

यसप्रकारको रुजुसूची बनाई विद्यार्थीलाई दिनुहोस् र गृहकार्यका रूपमा स्वमूल्याङ्कन गर्न लगाउनुहोस् :

| | गरेको | नगरेको |
|---|---|---|
| कुनै मानिसले रक्सी सेवन गरेका देखेमा उसलाई यसो गर्नु हुँदैन भन्ने | | |
| आफ्नो परिवारमा कसैले रक्सी सेवन गर्ने | | |
| मादक पदार्थ सेवनले परिवार र समुदायमा झैझगडा हुने | | |
| चोरी डकैतीबाट होसियार हुने | | |
| घरबाट बाहिर निस्कदा झ्याल ढोका राम्रोसँग लगाउने | | |
| घरबाहिर निस्कँदा घरमा अरूलाई जानकारी गराउने | | |
| सामाजिक समस्या हटाउन हुने जनचेतनामूलक र्‍याली प्रदर्शनमा जाने | | |
| अन्य | | |

# पाठ ४ सामाजिक समस्या समाधानमा स्थानीय सङ्घसंस्थाहरू

**अनुमानित कार्य घण्टा : ५**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| सामाजिक समस्या समाधानमा स्थानीय टोल/समुदाय स्तरमा भएका सङ्घसंस्थाहरूको योगदान बताउन | – सामाजिक समस्या समाधानमा क्रियाशील स्थानीय संस्थाहरूको पहिचान गर्न<br>– स्थानीय सङ्घसंस्थाहरूले सामाजिक समस्या समाधानमा गरेका कार्यहरूको परिचित हुन<br>– सामाजिक समस्या समाधानमा क्रियाशील सङ्घसंस्थाका गतिविधिमा सहभागी हुन् । |

## २.पाठ परिचय

समस्याहरू हरेक समुदायमा फरक फरक प्रकारका हुन्छन् । यस्ता समस्या समाधानमा स्थानीय समुदायको नै भूमिका रहेको हुन्छ । स्थानीय सङ्घसंस्थाहरूले विभिन्न प्रकारले सामाजिक कार्यहरू गरिरहेका हुन्छन् । कूलतमा लागेका युवाहरूलाई परामर्श दिने, बेरोजगार युवाहरूलाई सिपमूलक तालिम प्रदान गर्न, गाउँ समाजमा हुने महिला हिंसा विरुद्ध अभियान चलाउने, घरेलु हिंसा नियन्त्रणमा सहयोग गर्ने आदि क्रियाकलापहरू गरी सामाजिक संस्थाहरूले समाजमा काम गरिरहेका हुन्छन् । यस पाठमा पनि विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूलाई स्रोतव्यक्तिका रूपमा आमन्त्रण गरेर एवम् संस्थाहरूमा भ्रमण गराएर यी विषयमा जानकारी गराउन सकिन्छ ।

## ३.शैक्षणिक सामग्री

- विभिन्न सङ्घसंस्थाहरूको लोगो
- स्थानीय सङ्घसंस्थाहरूको नामको सूची
- स्थानीय सङ्घसंस्थाहरूको कामको सूची
- सङ्घसंस्थाहरूको नाम लेखेका चिट्ठा
- विभिन्न सङ्घसंस्थाहरूले काम गरेका चित्र वा भिडियो क्लिपहरू, रुजु सिट आदि

## ४.सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप १

विद्यार्थीलाई आफू रहेको समुदायमा रहेका सामाजिक समस्या समाधानमा क्रियाशील सङ्घसंस्थाहरूको नाम पालैपालो बताउन लगाउनुहोस् ।

### ❖ क्रियाकलाप २

विभिन्न सङ्घसंस्थाहरूले काम गरेका चित्रहरू देखाउनुहोस् र कुन सामाजिक समस्याका विरुद्धमा काम भइरहेको होला भनी अनुमान गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप ३

स्थानीयस्तरमा रहेका संस्थाहरूको नाम र तिनीहरूले गर्ने कामको सूची देखाउँदै छलफल गराउनुहोस् ।

### ❖ क्रियाकलाप ४

विद्यार्थीलाई जोडी जोडीमा विभाजन गरी युवा क्लब, महिला समूह, टोल सुधार समाज, बालक्लब तथा अन्य सङ्घसंस्थाहरूका नाम लेखेका चिट्ठाहरू तान्न लगाउनुहोस् । जोडीले जुन संस्थाको नाम लेखेको चिट्ठा तान्छन् सोही संस्थाको कामका विषयमा छलफल गर्न लगाई कक्षामा भन्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप ५

तलका काम कुन संस्थाले गर्छ पहिचान गरी तल तालिकामा भर्नुहोस् ।

समुदायमा शान्ति सुरक्षा कायम राख्नु, समुदायमा हुने भोजभतेर फजुल खर्च गर्न नहुने नियम बनाउने, बालअधिकार सम्बन्धमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, युवाहरूलाई सिपमूलक कार्यक्रम सञ्चालन गर्ने, महिला हिंसा विरुद्ध आवाज उठाउने ।

| प्रहरी चौकी | आमा समूह | बालक्लब | युवा क्लब |
|---|---|---|---|
| | | | |
| | | | |

## ५.मूल्याङ्कन/प्रतिविम्बन

पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

एकाइ ५

# हाम्रो विगत

पाठ १

## मेरो परिवार र छिमेकीको विगत

**अनुमानित कार्य घण्टा : ४**

### १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| आफ्नो परिवार र छिमेकीको विगत बताउन | – परिवारका सदस्यहरूको नाता तथा कम्तीमा तीन पुस्ताको नाम बताउन<br>– आफ्नो परिवारको विगत र अहिलेको बसोबास र पेसा बताउन<br>– छिमेकीको विगत र अहिलेको बसोबास र पेसा सम्बन्धमा बताउन |

### २. पाठ परिचय

यस पाठमा विद्यार्थीलाई आफ्नो परिवार र छिमेकीको विगत र अहिलेको बसोबास सम्बन्धमा खोजी गर्ने बानीको विकास गराउन खोजिएको छ । विद्यार्थीहरूले आफ्नो परिवार अनि छिमेकी पहिला कहाँ बस्नुहुन्थ्यो ? कहिलेदेखि यहाँ बस्न थाल्नु भएको हो ? उहाँहरूले पहिले गर्ने काम वा पेसा र अहिले गर्ने काम वा पेसा के के हुन् ? के ती काम वा पेसामा परिवर्तन आएका छुन् ? जस्ता विषय सोधखोज गरी पत्ता लगाउन सक्ने बनाउनु नै यस पाठको मुख्य उद्देश्य रहेको छ ।

### ३. शैक्षणिक सामग्री

- परिवारका सदस्यहरूसँग नातासम्बन्धी चार्ट
- विभिन्न पेसासँग सम्बन्धित फोटो चित्र तथा भिडियो क्लिपहरू

### ४. सिकाइ सहजीकरण क्रियाकलाप

❖ क्रियाकलाप नं. १ :

विद्यार्थीहरूलाई पालैपालो आफ्ना परिवारमा को को सदस्यहरू हुनुहुन्छ ? भनी कक्षामा छलफल गराउनुहोस् र उनीहरू बाट आएका उत्तरलाई सिकाइ पाटीमा टिपोट गर्दै जानुहोस्

(जस्तै : बुबा , आमा, हजुरबुबा, हजुरआमा, दाइ, भाइ, दिदी, बहिनी, काका, काकी आदि) । विद्यार्थीले भनेका परिवारका सदस्यसँगको नाताका आधारमा परिवारका सदस्यहरूको परिचय र नाता स्पष्ट पारिदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. २

परिवारका सदस्यसँग नाता लगाएर सम्बोधन गर्ने चार्ट प्रस्तुत गर्दै विद्यार्थीहरूलाई आफ्नो परिवारका सदस्यहरूको नातालाई जेष्ठताको आधारमा चार्ट बनाई प्रस्तुत गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

कक्षाकोठामा विद्यार्थीलाई पाठ्यपुस्तकको पेज नं. ८५ मा रहेको पाठ पल्टाउन लगाउने र कुनै एक जना विद्यार्थीलाई पाठको वाचन गर्न लगाई पाठमा दिइए जस्तै विद्यार्थीहरूको परिवारका पुर्ख्यौली घर र हालको बसोबास गरेका ठाउँको बारेमा सोधपुछ गरी कक्षामा पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ४

विद्यार्थीहरूलाई छिमेकी को हुन् भनी प्रश्न गर्दै उनीहरूबाट आएको विचारलाई शैक्षणिक पाटीमा टिपोट गर्दै जाने र उनीहरूले प्रस्तुत गरेको विचारलाई समेट्दै छिमेकीको परिचय दिने साथमा छिमेकीको पुर्ख्यौली स्थल र अहिलेको बसोबास गरेको ठाउँको बारेमा छलफल गराउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ५

विभिन्न पेसासँग सम्बन्धित फोटो चित्र तथा भिडियो क्लिपहरू प्रदर्शन गर्दै विद्यार्थीका परिवारिक सदस्य तथा छिमेकीहरूले अपनाएका पेसाका सम्बन्धमा छलफल गर्न लगाउनुहोस् र उहाँहरूले पहिले र अहिले अपनाएका पेसाका सम्बन्धमा पनि तुलनात्मक **रूप**मा छलफल गर्न लगाउनुहोस् ।

## ५. मूल्याङ्कन/ प्रतिविम्बन

(क) बालबालिकाहरूलाई आफ्नो नजिकमा रहेको कुनै एक जना छिमेकीसँग सोधेर निम्नलिखित तथ्यहरू पत्ता लगाई भर्न लगाउनुहोस् :

| विषय | बसोबास गर्ने ठाउँ | काम,पेसा,व्यवसाय |
| --- | --- | --- |
| पहिले कहाँ / कस्तो | | |
| अहिले कहाँ / कस्तो | | |

ख) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकता अनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

# पाठ २ हाम्रा समुदायका असल व्यक्तिहरू

**अनुमानित कार्य घण्टा : ५**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| आफ्नो समुदायको विकासमा योगदान पुऱ्याउने व्यक्तिहरूको भूमिका बताउन | – आफ्नो समुदायको विकासमा योगदान पुऱ्याउने व्यक्तिहरूको पहिचान गर्न<br>– त्यस्ता व्यक्तिहरूको भूमिका बताउन<br>– ती व्यक्तिहरूबाट समुदायमा पुगेको योगदान उल्लेख गर्न |

## २. पाठ परिचय

समुदायको विकासमा उक्त समुदायका विभिन्न व्यक्तिहरू संलग्न हुने गर्दछन् । समुदायलाई सुविधा सम्पन्न बनाउन, त्यहाँ बस्ने व्यक्तिहरूलाई सहयोग गर्न लागि पर्ने व्यक्तिहरूलाई हामी आफ्नो समुदायको विकासमा योगदान पुऱ्याउने व्यक्तिहरू भन्दछौँ । यस पाठमा विद्यार्थीहरूको आफ्नो समुदायको विकासमा योगदान पुऱ्याउने व्यक्तिको पहिचान गर्न र उहाँहरूले समुदायको विकास र प्रगतिका लागि खेल्नु भएको भूमिका बताउन सक्षम हुने अपेक्षा गरिएको छ । साथै बालबालिकालाई भविष्यमा तिनै असल र समाजसेवी व्यक्तिका कार्यबाट प्रेरणा दिन त्यस्तै कार्य गर्न अभिप्रेरणा जगाउनु पनि यस पाठको मुख्य लक्ष्य हो ।

## ३. शैक्षणिक सामग्री

- समुदायमा योगदान दिने व्यक्तिको कथा, कविता, पत्रपत्रिकामा प्रकासित समाचारका कटिङ्
- समुदायको विकासमा योगदान पुऱ्याउने व्यक्तिका योगदानका क्षेत्रहरू लेखिएको चार्ट
- समुदायको विकासमा योगदान पुऱ्याउने व्यक्तिले गरेका विभिन्न कामहरूको फोटो, भिडियो

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

विद्यार्थीहरूलाई कथा, कविता, पत्रपत्रिकामा प्रकासित समाचार, भिडियोहरूका माध्यमबाट

राष्ट्रियस्तरका व्यक्तित्वहरूसँग जोड्दै समुदायमा योगदान दिने व्यक्तिहरूको नाम भन्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. २

विद्यार्थीहरूलाई समुदायमा योगदान दिने व्यक्तिका सम्बन्धमा समूहगत**रूप**मा छलफल गर्न लगाई उनीहरूले गरेको काम, सहयोग पुऱ्याएको क्षेत्र र योगदान दिएका विषयहरूका सम्बन्धमा पालैपालो भन्न लगाई सिकाइ पाटीमा टिपोट गर्नुहोस् र समुदायको विकासमा योगदान पुऱ्याउने व्यक्तिहरूका योगदानका क्षेत्रहरू उल्लेख गरिएको चार्ट प्रदर्शन गर्दै उनीहरूले पहिला टिपोट गरेका र चार्टमा भएका बुँदाहरूबिचमा तुलना गर्दै छलफल गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

कक्षाकोठामा विद्यार्थीहरूलाई पेज नं. ८७ मा रहेको पाठ पल्टाउन लगाई पाठमा विद्यार्थीहरूले तयार पारेको समुदायमा योगदान दिने व्यक्तिहरूका सम्बन्धमा खोजी गरेर ल्याएका उदाहरणीय व्यक्तिहरूको विवरण पालैपालो पढ्न लगाउनुहोस् र त्यस्तै असल व्यक्तिहरू हाम्रा समुदायमा पनि रहेका र त्यस्ता व्यक्तिहरूबाट समुदायलाई पुगेको फाइदा खोजी गर्न लगाउनुहोस् ।

**सम्भाव्य फाइदा**

- समुदायको विकास र प्रगतीमा मदत पुगेको
- सामाजिक जागरण र रूपान्तरणमा योगदान रहेको
- सामाजिक विकृति र समस्या निराकरणमा मदत पुगेको
- सामाजिक सहयोग र सद्भाव वृद्धिमा भूमिका खेलेको
- सामाजिक एकता मजबुत बनाउन योगदान पुगेको
- समस्यामा रहेका मानिसलाई सहयोग गरेको

### ❖ क्रियाकलाप नं. ४

समूहको स्थानीय समुदायमा बसेर समुदायलाई योगदान पुऱ्याउने व्यक्तिहरूलाई कक्षाकोठामा आमन्त्रण गरी उनीहरूले समुदायको विकासमा खेलेको भूमिकाका सम्बन्धमा प्रष्ट पार्न लागाउनुहोस् ।

सोभन्दा अगाडि उनलाई सोध्नुपर्ने सम्भाव्य प्रश्नको सूची तयार पार्न लगाउनुहोस् । कसले कसरी सोध्ने भन्ने सम्बन्धमा पनि तयारी गराउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ५

समुदायको विकासमा योगदान पुऱ्याउने अग्रणी व्यक्तिले गरेका विभिन्न कामको भिडियो प्रदर्शन गर्दै ती व्यक्तिबाट समुदायमा पुगेको सहयोगका सम्बन्धमा छलफल गर्न लगाई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

## ५. मूल्याङ्कन/ प्रतिविम्बन

(क) अभिभावकको सहयोगमा विद्यार्थीहरूलाई दिइएको तालिकामा आफ्नो ठाउँमा रहनु भएका अग्रणी व्यक्तिहरू र उहाँहरूले आफ्नो समुदायमा पुऱ्याउनु भएको सहयोगहरूको सूची बनाउन लगाउनुहोस् ।

| आफ्नो ठाउँमा रहनु भएका अग्रणी व्यक्तिहरू | आफ्नो समुदायमा पुऱ्याउनु भएको सहयोगहरू |
|---|---|
| | |
| | |

(ख) विद्यार्थीहरूले स्रोतव्यक्तिसँग गरेको छलफलको अवलोकन गरी उनीहरूको सक्रियता, क्रियाशीलता, जिज्ञासु बानी आदि पक्षहरूको मूल्याङ्कन गरी अभिलेख राख्नुहोस् ।

ग) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्न गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

## नमुना प्रश्नहरू

(१) आफ्नो समुदायको विकासमा योगदान पुऱ्याउने व्यक्तिहरूको नाम उल्लेख गर्नुहोस् ।

(२) समुदायको विकासमा अग्रणी व्यक्तिले खेलेको भूमिका उल्लेख गर्नुहोस् ।

**पाठ ३**

# मेरो रमाइलो गाउँ

**अनुमानित कार्य घण्टा : ५**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
| --- | --- |
| आफ्नो गाउँठाउँको नाम र सो नाम रहनको कारण बताउन | – आफ्नो गाउँ / ठाउँको परिचय दिन<br>– आफ्नो गाउँ / ठाउँको नाम रहनको कारण बताउन<br>– आफ्नो गाउँ / ठाउँको महत्त्व बताउन |

## २. पाठ परिचय

यस पाठमा विद्यार्थीलाई आफ्नो गाउँ ठाउँको परिचय दिई उक्त गाउँ ठाउँको नाम रहनाको कारण खोजी गर्ने बानीको विकास गराउन खोजिएको छ । विद्यार्थीहरूलाई परिवार र छिमेकीको विगत र अहिलेको बसाइको बारेमा खोजी गर्ने बानीको विकास गराउन खोजिएको छ। विद्यार्थीहरूले आफ्नो परिवार अनि छिमेकी पहिला कहाँ बस्नुहुन्थ्यो ? कहिलेदेखि यहाँ बस्न थाल्नु भएको हो ? उहाँहरूले पहिले गर्ने काम वा पेसा र अहिले गर्ने काम वा पेसा के के हुन् ? के ती काम वा पेसामा परिवर्तन आएका छन् ? जस्ता कुराहरू सोधखोज गरी पत्ता लगाउन सक्ने बनाउनु नै यस पाठको मुख्य उद्देश्य रहेको छ।

## ३. शैक्षणिक सामग्री

- गाउँ ठाउँका विभिन्न सुन्दर दृश्यसहितका चित्र, फोटो वा भिडियो
- पूर्वाधारको महत्त्वसम्बन्धी चार्ट

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

विद्यार्थीहरूलाई गाउँ ठाउँका विभिन्न सुन्दर दृश्यसहितका चित्र, फोटो वा भिडियोहरू देखाउँदै समूहहरूको गाउँ ठाउँ वा बस्ती वरपरका क्षेत्र पनि यस्तै सुन्दर अनि प्यारो छ ? भन्दै विद्यार्थीहरूलाई मस्तिष्क मन्थन गराउने र सिकारुलाई आफ्नो गाउँ ठाउँको नाम पालैपालो भन्न उत्प्रेरित गर्नुहोस् ।

## ❖ क्रियाकलाप नं. २

हरेक गाउँठाउँको आ-आफ्नौ महत्त्व रहने कुरालाई जोड्दै विद्यार्थीहरूको आफ्नो गाउँ ठाउँको महत्त्व सम्बन्धमा विद्यार्थीबिच छलफल र अन्तर्क्रिया गर्न लगाउनुहोस् ।

## ❖ क्रियाकलाप नं. ३

आफ्नो गाउँ ठाउँको नाम कसरी रहन गएको हो ? भन्ने सम्बन्धमा समाजका जानकार व्यक्तिहरूसँग सोधखोज गरी वा प्रचलित किंबदन्तीहरू सङ्कलन गर्न लगाई खोजी गर्न लगाउनुहोस् र कक्षामा पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

## ❖ क्रियाकलाप नं. ४

पाठमा दिइएको धादिङ जिल्ला सिद्धलेक गाउँपालिका नाम रहनाका कारण र महत्त्व सम्बन्धमा छलफल गराई विद्यार्थीहरूलाई आफ्नो गाउँ ठाउँको महत्त्व बताउन प्रोत्साहन गर्दै बुदाँगत टिपोट गर्न लगाउनुहोस् ।

## ५. मूल्याङ्कन/ प्रतिविम्बन

पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

## नमुना प्रश्नहरू

(१) समूह बसेको गाउँठाउँको नाम के हो ?

(२) समूहको गाउँठाउँको कुनै दुईओटा महत्त्व उल्लेख गर्नुहोस् ।

(३) समूहको गाउँठाउँमा के कस्ता विकासका पूर्वाधारको विकास भएका छन् ।

**पाठ ४**

# हाम्रा पूर्वज

**अनुमानित कार्य घण्टा : ४**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| आफ्ना पुर्खाको योगदानको पहिचान र सम्मान गर्न | – आफ्ना पुर्खाहरूले गरेको योगदानको पहिचान गर्न<br>– आफ्ना पुर्खाहरूको सम्मान गर्न |

## २. पाठ परिचय

समाज सेवामार्फत गरिब, दुःखी र असहायलाई सेवा र सहयोग गर्नु हाम्रो ठुलो धर्म हो । त्यस्तै समाजका विभिन्न पक्षहरूमा सुधार गरि समाज विकासमा टेवा पुऱ्याएर समाजलाई योगदान दिनु पनि हाम्रो सामाजिक कर्तव्य हो । यी र यस्तै अन्य कार्यमा संलग्न भई समुदायमा योगदान दिने हाम्रा पुर्खाहरू हाम्रा लागि उदाहरणीय हुनुहुन्छ । विद्यार्थीहरू बसोबास गरेको क्षेत्र पनि एउटा समाज हो । यस समाजभित्र बसेर समाजलाई टेवा पुऱ्याउने हाम्रा पुर्खाहरूको योगदानका क्षेत्रहरू पहिचान गरी उहाँहरूले गर्नु भएका कामहरू प्रति सम्मान प्रकट गर्दै विद्यार्थीहरूले पनि समाज सुधारका काममा सहभागि हुनपर्ने विषयसँग यस पाठ सम्बन्धित रहेको छ ।

## ३. शैक्षणिक सामग्री

- पुर्खाहरूको योगदानसँग सम्बन्धित कामहरूको चित्र, फोटो तथा भिडियोहरू
- पुर्खाहरूको नामावली (वंशावली) सङ्कलीत चार्ट, पुर्खाका योगदानहरू समेटिएको चार्ट

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

विद्यार्थीहरूलाई आफ्ना पुर्खाहरू कुन ठाउँबाट हाल बसोबास गरेको ठाउँमा आएका हुन ? भन्ने प्रश्न गर्दै उनीहरूबाट आएका जवाफलाई संकलन गर्ने र जवाफ थाहा नभएका विद्यार्थीहरूलाई अभिभावकसँग सोधखोज गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

## ❖ क्रियाकलाप नं. २

विद्यार्थीहरूलाई आफ्ना पुर्खाहरूको नाम र नाता सोध्दै उनीहरूबाट आएका उत्तरहरूलाई सम्बोधन गर्दै शिक्षकले आफ्ना पुर्खाहरूको वंशावली चार्ट प्रस्तुत गर्ने र विद्यार्थीहरूलाई पनि त्यस्तै प्रकृतिको आफ्ना पुर्खाहरूको नामावली उल्लिखित चार्ट तयार पार्न लगाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

**वंशावली चार्टको नमुना**




## ❖ क्रियाकलाप नं. ३

पुर्खाहरूको योगदान सँग सम्बन्धित उहाँहरूले गर्नुभएका विभिन्न क्षेत्रका कामहरूको चित्र, फोटो तथा भिडियोहरू प्रदर्शन गर्दै विद्यार्थीहरूलाई समूहहरूको पुर्खाहरूले पनि समुदायमा गर्नु भएका यी र यस्तै कामहरू के के छन् भनी प्रश्न गर्ने र उनीहरूलाई थाहा भएका जानकारी टिपोट गर्न लगाउदै जानकारी नभएका विद्यार्थीहरूलाई सोधखोज गरी टिपोट गरी ल्याउन लगाउनुहोस् ।

| पुर्खाको नाम र नाता | समुदायमा गर्नुभएका राम्रा काम |
|---|---|
| | |
| | |
| | |

### ❖ क्रियाकलाप नं. ४

शिक्षकले आफ्नो पुर्खाका सम्बन्धमा सङ्क्षेपमा केही जानकारी गराई विद्यार्थीलाई पनि आफ्नो पुर्खाको योगदानको पहिचान गरी सम्मान गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ५

विद्यार्थीहरूलाई हाम्रा पुर्खाहरूको योगदान धेरैजसो समाजको सुधार र विकासका लागि नै हुने कुरा बुझाउदै पुर्खाहरूले समाजको सुधार र विकासका लागि गर्नु भएका कार्य भन्नका लागि विद्यार्थीहरूलाई तातोआलु खेल खेलाउनुहोस् ।

## तातो आलु खेल

तातोआलु खेल खेलाउनका लागि सर्वप्रथम विद्यार्थीहरूलाई गोलो घेरामा उभिन लगाउनुहोस् र ती विद्यार्थीहरूमध्ये कुनै एक जना विद्यार्थीलाई एउटा बल दिने । त्यसलाई क्रमश: अर्को विद्यार्थीलाई पास गर्न लगाउनुहोस् । मादल वा गीतको धुन बजाउने र रोक्ने । धुन रोकिँदा जसको हातमा बल पुगेको हुन्छ, उसलाई हाम्रा पुर्खाहरूले गर्नु भएको कुनै एउटा कार्य भन्न लगाउनुहोस् र प्राप्त बुँदाहरूलाई टिपोट गर्दै जाने । यस कार्यलाई निश्चित समयसम्म दोहोऱ्याउने र प्राप्त बुँदाहरू उपर पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ६

हाम्रा पुर्खाले गरेका समाजसुधारका कार्य, जीवनका लागि गरेको सङ्घर्ष आदिको सम्मान गर्ने खालका क्रियाकलाप गराई सम्मानका लागि अभिप्रेरित गर्नुहोस् ।

## ५. मूल्याङ्कन/ प्रतिविम्बन

पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

## केही नमुना प्रश्नहरू

(क) समूहको पुर्खाले गरेका कुनै दुई योगदानको बारेमा उल्लेख गर्नुहोस् ।

(ख) हामीले हाम्रा पर्खाहरूको योगदानलाई किन सम्मान गर्नुपर्छ ?

(ग) "हाम्रा पुर्खा र हामी" शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् ।

एकाइ ६

# हाम्रा आर्थिक क्रियाकलाप

पाठ १

## कामको सम्मान गरौँ

अनुमानित कार्य घण्टा : ५

### १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| आफ्नो समुदायका मानिसले गर्ने कामको पहिचान गरी सम्मान गर्न | – आफ्नो समुदाय/गाउँ टोलका मानिसहरूले गर्ने सबै प्रकारका कामहरू बताउन<br>– कामको महत्त्व बताउन<br>– आफ्नो समुदायमा गरिने कामको सम्मान गर्न |

### २. पाठ परिचय

हरेक समुदायका मानिसहरू कुनै न कुनै काम र पेसाहरूमा संलग्न रहेका हुन्छन् । काम र पेसाको इतिहासलाई हेर्ने हो भने विभिन्न कालखण्डमा र हरेक समुदायमा फरक फरक रहेका छन् । कृषि तथा खेतीपाती र पशुपालन कार्य, चित्रकला तथा वास्तुकलाका कार्य, सिलाइ बुनाइ, भाडा बर्तनका सामान निर्माण, विभिन्न सरकारी सेवा तथा नोकरी, ज्याला मजदुरी, डकर्मी, सिकर्मी, विभिन्न घरेलु उद्योगधन्दा, व्यापार व्यवसाय, घरभित्रको काम, जुत्ता बनाउने, माटाका भाँडाहरू बनाउने काम, बाँस वा चोयाको काम, नेपाली कागज बनाउनु आदि समुदायमा गरिने काम र पेसाहरू हुन् । यस पाठमा यी काम / पेसाा र यसको महत्त्वको चर्चा गरिएको छ । जसको सहजीकरणले विद्यार्थीहरूलाई आफ्नो समुदायका मानिसले गर्ने कामको पहिचान गर्न र सबै कामको आ आफ्नो क्षेत्रमा रहेको महत्त्व बोध गरी सम्मान गर्न सक्ने अपेक्षा गरिएको छ ।

### ३. शैक्षणिक सामग्री

- समुदायमा मानिसहरूले गर्ने विभिन्न प्रकारका कामहरू झल्कने चित्र
- मानिसले गर्ने सबै प्रकारका काम लेखिएको चार्ट
- सबै कामको आआफ्नो क्षेत्रमा भएको महत्व झल्कने चित्र तथा भिडियो क्लिपहरू

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

सर्वप्रथम शिक्षकले विद्यार्थीहरूलाई उनीहरूको आफ्नो परिवारमा र समुदायमा कुन कुन काम र पेसामा संलग्न व्यक्तिहरू हुनुहुन्छ भनी प्रश्न गर्दै उनीहरूबाट आएको जवाफलाई टिपोट गर्नुहोस् । समुदायमा अपनाइएका काम र पेसाहरू समेट्ने गरी कथा वा किंवदन्ती सुनाउदै कामलाई परिभाषित गरिदिनुहोस् । *जस्तै : पहिले पहिले मानिसहरू धेरै जसो कृषि कार्यमा संलग्न हुन्थे । उनीहरू खेतीपाती लगाउने, पशुपालन कार्य गर्ने, तथा फलफूल खेतीसमेत गर्दथे । तर उत्पादित बस्तुहरू एक ठाउँ बाट अर्को ठाउँ लैजाने मानिस र बाटाहरू नहुदाँ वस्तुहरू उत्पादित ठाउँमै खेर जान थाले । आफूले उत्पादन गरेको सामान एक ठाउँबाट अर्को ठाउँमा लैजाने र बेच्ने कार्य सुरु भए सँगै व्यापारको सुरुआत हुन पुग्यो । बिस्तारै मानिसका आवश्यकताहरू बढ्न थाले र नयाँ नयाँ काम तथा पेसाका क्षेत्रहरूमा संलग्न हुन थाले (जस्तै : (खेती, व्यापार, उद्योग, घरभित्रको काम, जुत्ता बनाउने, कपडा सिलाउने, माटाको काम, चोयाको काम, मूर्ति बनाउने, नेपाली कागत बनाउनु आदि) । यसरी बिस्तारै समुदायमा आवश्यकताका आधारमा मानिसले गर्ने काम तथा रोजगारीको सिर्जना हुन पुग्यो ।*

### ❖ क्रियाकलाप नं. २

विद्यार्थीहरूलाई ४ समूहमा विभाजन गर्नुहोस् । हरेक समूहलाई पुस्तकमा दिइएका समुदायमा गरिने कामका सम्बन्धमा आआफ्ना अनुभव र धारणा राख्ने व्यक्तिहरूका भनाइ पढ्न लगाउनुहोस् । ती समुदायमा अपनाइएका पेसाका सम्बन्धमा टिपोट गरी प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीहरूले गरेको प्रस्तुतिलाई शिक्षकले आवश्यकताअनुसार उदाहरणसहित पृष्ठपोषण दिँदै निष्कर्ष प्रस्तुत गरिदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

समदायका मानिसहरूले गर्ने काम लेखिएको चार्ट / चित्र प्रदर्शन गर्दै (खेती, व्यापार, उद्योग, नोकरी, घरभित्रको काम, जुत्ता बनाउने, कपडा सिलाउने, चोयाको काम, मूर्ति बनाउने, नेपाली कागज, ज्याला मजदुरी, माटाको भाँडाहरू बनाउने आदि) तीमध्ये कुन कुन काम र पेसाहरू विद्यार्थीहरूका समुदायमा पनि गरिन्छन् छलफल गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ४

विद्यार्थीहरूलाई खुल्ला ठाउँमा लगेर गोलो घेरा बनाई उभिन लगाउनुहोस् । शिक्षकले विद्यार्थीहरूलाई आफु बसोबास गरेको समुदायका मानिसहरूले गर्ने कुनै एक काम र पेसा भन्नुहोस भनी कुनै विद्यार्थीलाई बल फ्याँक्नुहोस् र बल प्राप्त गर्ने विद्यार्थीले उत्तर दिएपछि उसलाई त्यस्तै प्रश्न गर्न लगाई बल अर्को जो सुकै व्यक्तितर्फ फ्याँक्न लगाउनुहोस् यसरी सबै विद्यार्थीलाई पालैपालो प्रश्न सोध्दै उत्तर भन्न लगाउनुहोस् । र यसै क्रममा एक जना विद्यार्थीलाई

दिइएका उत्तर सङ्कलन गरी प्रस्तुत गर्न लगाउदै समुदायमा विभिन्न काम र पेसा अपनाइएका हुन्छन् र यी सबै काम र पेसाका आआफ्नो नै महत्त्व भएको कुरामा छलफल गराई निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ५

विद्यार्थीहरूलाई आआफ्नो समुदायमा गरिने सबै काम र पेसा को उत्तिकै महत्त्व रहेकाले यी सबै कामको सम्मान गर्नुपर्ने सन्दर्भलाई विभिन्न उदाहरणसहित स्पष्ट पारिदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. ६

विभिन्न कामको सम्मान झल्कने गरी भूमिका अभिनय गर्न लगाउनुहोस् । भूमिका अभिनय गर्दा कसले कुन भूमिका गर्ने, के के कुरामा संवाद गर्ने आदि विषयमा तयारीसमेत गराउनुहोस् ।

## ५. मूल्याङ्कन/ प्रतिविम्बन

(क) समूहमा संलग्न भएर सफलता पूर्वक सिकाइमा र छलफलमा भाग लिए नलिएको सम्बन्धमा निम्नअनुसार मूल्याङ्कन गर्नुहोस् :

| क.सं. | विद्यार्थीको नाम थर | समूहमा सहभागिता/सक्रियता | आफ्नो विचारको प्रस्तुति | समूहको प्रस्तुति र विषयवस्तु | अन्य समूहलाई आवश्यक पृष्ठपोषण |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

ख) विद्यार्थीले गरेको भूमिका अभिनयमा उनीहरूको हाउभाउ, प्रस्तुति, सक्रियता आदि पक्षलाई समेटेर मूल्याङ्कन गर्नुहोस् ।

ग) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

# पाठ २

# हाम्रा उत्पादन, राम्रा उत्पादन

**अनुमानित कार्य घण्टा : ५**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| आफ्नो क्षेत्रमा उत्पादित तथा निर्मित बस्तुहरूको उपयोग गर्न | – आफ्नो क्षेत्रमा उत्पादित/निर्मित बस्तुको पहिचान गर्न<br>– आफ्नो क्षेत्रमा उत्पादित/निर्मित बस्तुको महत्त्व बताउन<br>– आफ्नो क्षेत्रमा उत्पादित/निर्मित बस्तुको उपयोग गर्न |

## २. पाठ परिचय

हामीले दैनिक जिवन सञ्चानका क्रममा विभिन्न किसिमका बस्तुहरूको उपयोग गर्ने गर्दछौँ । यसरी दैनिक रूपमा उपभोग गर्ने सामानहरू स्थानीय स्तर, स्वदेश वा विदेशमा समेत उत्पादित हुन्छन् । हाम्रै गाउँघरमा, समुदायमा उत्पादित सामानहरू हाम्रा स्थानिय उत्पादन हुन् । जस्तै : स्थानीय स्तरमा उत्पादन हुने कपडा उत्पादन , खाद्यपदार्थ उत्पादन, टोपी, झोला, राडी, पाखी, जुत्ता, स्विटर, गलैँचा, मैनबत्ती, सिसाकलम, सलाई, धुप आदि जस्ता बस्तुहरूको उत्पादन । यी र यस्ता आफ्नो क्षेत्रमा उत्पादित तथा निर्मित बस्तुहरूको बारेमा विद्यार्थिहरूलाई जानकारी गराई उक्त बस्तुहरूको उपयोग गर्न प्रेरित गर्नु यस पाठको मुख्य लक्ष्य रहेको छ । त्यस्तै विद्यार्थीहरूलाई आफ्नो क्षेत्रमा उत्पादित बस्तुहरूको उपयोगको महत्त्वका बारेमा बताई उत्पादित बस्तुहरूको नमुना सङ्कलन गरेर समुदायमा उक्त कुराको बारेमा जानकारी गराउन अभिप्ररित गर्नु यस पाठको उद्देश्य रहेको छ ।

## ३. शैक्षणिक सामग्री

- स्थानीय क्षेत्रमा उत्पादित बस्तुहरूसँग सम्बन्धित चित्र, फोटो तथा भिडियोहरू
- आफ्नो क्षेत्रमा उत्पादित बस्तुहरूको सूची
- स्थानीय क्षेत्रमा उत्पादित केही वास्तविक बस्तुहरू
- आफ्नो क्षेत्रमा उत्पादित बस्तुहरूको उपयोगको महत्त्व उल्लिखित चार्ट, वाक्यपत्तीहरू

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १ :

सर्वप्रथम विद्यार्थीहरूलाई स्थानीय क्षेत्रमा उत्पादित बस्तुहरूसँग सम्बन्धित वास्तविक बस्तु, चित्र, फोटो तथा भिडियोहरू प्रदर्शन गर्नुहोस् ।(जस्तै : कपडा उत्पादन गरिरहेको, खाद्यपदार्थ उत्पादन गरी बिक्री वितरणसमेत गरेको, टोपी, झोला, राडी, पाखी, जुत्ता, स्विटर, गलैँचा, मैनबत्ती, सिसाकलम जस्ता बस्तुको उत्पादान र प्रयोगसँग सम्बन्धित रहेर) विद्यार्थीहरूलाई यी के का तस्वीर तथा भिडियो हुन् ? भनी पहिचान गर्न लगाउदै उत्पादित त्यस्ता वस्तुहरूको प्रयोगका सम्बन्धमा थप चित्र वा भिडियो प्रदर्शन गरी छलफल गराउनुहोस् ।

### ❖ क्रियाकलाप नं. २

विद्यार्थीहरूलाई आफ्नो क्षेत्रमा उत्पादित वा निर्मित विभिन्न बस्तुहरूको सूची तयार पार्न लगाउनुहोस् र शिक्षकले तयार पार्नु भएको आफ्नो क्षेत्रमा उत्पादित बस्तुहरूको सूची (जस्तै : कपडा, खाद्यपदार्थ, डोको, डालो, नाम्लो, नाङ्लो, मान्द्रो, सुक्कुल, पाउरोटी, खुवा, टोपी, झोला, राडी, पाखी, जुत्ता, स्विटर, गलैँचा, मैनबत्ती, सिसाकलम, सलाई, हस्तकलाका सामग्रीहरू आदि) प्रदर्शन गर्दै विद्यार्थीहरूलाई तुलनात्मक रूपमा छलफल गर्न लगाई निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

सम्भव भएसम्म विद्यार्थीहरूलाई आफ्नो क्षेत्रमा उत्पादित बस्तुहरूको नमुना सङ्कलन गरेर ल्याउन लगाउनुहोस् र उक्त बस्तुहरूको उपयोग गर्न प्रेरित गर्दै त्यसबाट हामीलाई हुने फाइदाका सम्बन्धमा छलफल गरी प्रष्ट बनाईदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. ४

कक्षाका विद्यार्थीहरूलाई **समूह अनुसन्धान विधि (Group investigation method)** को प्रयोगबाट पाठ्यपुस्तकमा तयार पमरेका तीनओटा परियोजना कार्यको अध्ययन गर्न लगाउनुहोस् ।

यसका लागि विद्यार्थी सङ्ख्याको आधारमा विभिन्न तीन समूहमा विभाजन गर्नुहोस् । ती समूहहरूलाई पाठ्यपुस्तकमा भएको गाउँटोलमा उत्पादित बस्तुहरूको उपयोगका सम्बन्धमा तयार पारेका तीनओटा परियोजना कार्यमध्ये एक एकओटाको अध्ययन गर्न लगाउनुहोस् र तल दिइएका शीर्षकमा केन्द्रित रहेर समूहमा छलफल गरेर परियोजनाको बारेमा टिपोट गर्न लगाउनुहोस् र कक्षामा समूहको टोलीनेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

- उत्पादित बस्तुको नाम :

- उत्पादनकालागि आवश्यक पर्ने कच्चा बस्तुहरू :
- घरायसी **रूप**मा प्रयोगमा आउने क्षेत्रहरू :
- उत्पादित कार्यबाट समुदायलाई पुगेको फाइदा :

यी माथि दिइएका शीर्षकमा केन्द्रित रहेर समूहले गरेको टिपोट कक्षामा पालैपालो प्रस्तुतीकरण गरिसकेपछि एक समूहको प्रस्तुतिमा अन्य समूहलाई आवश्यक पृष्ठपोषण दिन लगाउनुहोस् ।

अन्त्यमा शिक्षकले सबै समूहलाई धन्यवाद ज्ञापन गर्दै आवश्यक सल्लाह, सुझाव र पृष्ठपोषण दिनुहोस् ।

## ❖ क्रियाकलाप नं. ५

- विद्यार्थीहरूलाई आफ्नो क्षेत्रमा उत्पादित बस्तुहरूको उपयोगको महत्त्व उल्लेख गरिएको साना साना वाक्यपत्तीहरू समेटी गट्टी तयार पार्नुहोस् र हरेक समूहलाई एक एक गट्टी दिनुहोस्
- समूहमा आफ्नो क्षेत्रमा उत्पादित बस्तुहरूको महत्त्वसँग मिल्ने महत्वमात्र छनोट गरी छुट्याउन लगाउनुहोस् ।
- त्यसलाई जुन समूहले छिटो छुट्याउँछ ,त्यो समूहलाई विजयी घोषणा गर्नुहोस् ।
- आफ्नो क्षेत्रमा उत्पादित बस्तुहरूको उपयोगको सम्बन्धमा समूहगत छलफल र प्रस्तुति गर्न लगाउनुहोस् । आफूले तयार पारेको महत्त्व उल्लिखित चार्ट प्रदर्शन गर्दै निष्कर्ष दिनुहोस् ।

## ❖ क्रियाकलाप नं. ६

विद्यार्थीहरूलाई दैनिक रूपमा उपभोग गर्ने सामानहरू स्थानीय स्तर, स्वदेश वा विदेश कहाँ उत्पादन भएका हुन् ? भन्ने सम्बन्धमा जोडी जोडीमा छलफल गर्न लगाउनुहोस् र उक्त बस्तुहरूको छुट्टाछुट्टै सूची बनाउन लगाउनुहोस् सोसम्बन्धमा हामीले स्थानीय स्तरमा उत्पादित बस्तुहरूलाई कत्तिको महत्व दिएका रहेछौ र दिनुपर्ने कुरालाई आत्ममूल्याङ्कन गर्न लगाई आवश्यक पृष्टपोषण दिनुहोस् ।

## मूल्याङ्कन/ प्रतिविम्बन :

(क) कक्षामा शिक्षण सिकाइका क्रममा विद्यार्थीहरूको सक्रिय सहभागिता, सहयोग, मेलमिलाप, सहकार्य, अनुशासन, इमानदारिता आदि पक्षको अवलोकन गर्नुहोस् र मूल्याङ्कन गर्नुहोस् ।

(ख) समूह अनुसन्धान विधि (Group investigation method) विधिको प्रयोगबाट सफलता

पूर्वक सिकाइमा र छलफलमा भाग लिए नलिएको सम्बन्धमा निम्नअनुसार मूल्याङ्कन गर्नुहोस् ।

| क्र.सं. | विद्यार्थीको नाम थर | समूहमा सक्रियता | आफ्नो विचारको प्रस्तुति | समूहको प्रस्तुति र विषयबस्तु | अन्य समूहलाई आवश्यक पृष्ठपोषण |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

धेरै राम्रो ३, राम्रो २ र सुधार गर्नुपर्ने १

**ग)** पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयबस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयबस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

## ६. थप अध्ययन सामग्री

### समूह अनुसन्धान विधि (Group investigation method)

समूह अनुसन्धान विधि उच्च तहको ज्ञान निर्माण गर्न र सिप सिक्नका लागि प्रयोग गरिने विधि हो । यसमा विद्यार्थीहरूलाई परियोजना कार्य दिइन्छ । विद्यार्थीहरूले सानो सानो समूह बनाई उनीहरूलाई दिइएको परियोजना कार्यमा सहभागी भई सामूहिक रूपमा प्रस्तुत गर्छन् ।

**पाठ ३**

# हाम्रा आयआर्जनका कार्य

**अनुमानित कार्य घण्टा : ५**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| समुदायमा हुने आर्थिक क्रियाकलापको खोजी र अवलोकन गर्न | – समुदायमा हुने आर्थिक क्रियाकलापको खोजी गर्न<br>– समुदायमा हुने आर्थिक क्रियाकलापको अवलोकन गरी बताउन |

## २. पाठ परिचय

आम्दानी हुने सबै आर्थिक क्रियाकलाप हाम्रा आयआर्जनका कामहरू हुन् । नेपालमा आम्दानीका विभिन्न माध्यम मध्ये कृषि महत्त्वपूर्ण आर्थिक क्रियाकलाप हो । हाम्रा समुदायमा धेरैलाई आयआर्जनको अवसर प्रदान गर्ने मुख्य आर्थिक क्रियाकलापका कार्यहरू जस्तै : डोका तथा डाला बुन्ने , इटा र टायल बनाउने, स्विटर, मोजा तथा पन्जा बुन्ने , खेलौना, झोला बनाउने , चिया खेती, अन्न खेती, फलफूल खेती, च्याउ खेती, तरकारी खेती, कुखुरापालन, मौरीपालन, गाई भैसी पालन, बाख्रापालन, माछा पालन, घरेलु उद्योग, व्यापार व्यवसाय आदि पर्दछन् । नेपालमा थुप्रै उद्योगहरू कृषिमा आधारित छन् । ती उद्योगहरूको सञ्चालनबाट पनि आयआर्जनका कार्यहरूमा धेरै मानिस संलग्न हुने गरेका छन् । यस पाठको मुख्य उद्देश्य पनि विद्यार्थीहरूलाई समुदायमा हुने आर्थिक क्रियाकलापको खोजी गर्न र ती आर्थिक क्रियाकलापको समुदायमा गई अवलोकन गर्न उत्प्रेरित गर्नु नै रहेको छ ।

## ३. शैक्षणिक सामग्री

- समुदायका आर्थिक क्रियाकलाप झल्काउने चित्र, फोटो तथा भिडियोहरू
- समुदायका आर्थिक क्रियाकलापहरूको सूची,

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

समुदायका आर्थिक क्रियाकलाप झल्काउने चित्र, फोटो तथा भिडियोहरू प्रदर्शन गर्दै विद्यार्थीहरूलाई निम्नानुसारका प्रश्नहरू सोध्दै अनुभव आदानप्रदानसहित छलफल गराउनुहोस् ।

(क) चित्र, फोटो तथा भिडियोमा के के कार्य गरेको देखाइएको छ ?

(ख) यस्ता कामबाट के फाइदा हुन्छ ?

(ग) समूहको समुदायमा यस्तै कुन कुन आयआर्जन हुने कार्य सञ्चालन भएका छन् ?

### ❖ क्रियाकलाप नं. २

विद्यार्थीहरूलाई समूहहरूको घर खर्च केबाट चलेको छ ? पैसा के केबाट आउने गरेको छ ? भन्ने जस्ता प्रश्नहरू गर्दै समूहको घरमा पैसा प्राप्त गर्नका लागि गरिने जागिर, व्यापार, कृषि, पशुपालन, घरभाडा आदि सबै आम्दानीका स्रोत हुन् भनी प्रष्ट पारिदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

विद्यार्थीहरूलाई समुदायमा सञ्चालन हुने आर्थिक क्रियाकलापहरूका सम्बन्धमा जोडी जोडीमा छलफल गरि आयआर्जन कार्यको सूची तयार पार्न लगाउनुहोस् (जस्तै : डोका तथा डाला बुन्ने, इटा र टायल बनाउने, स्विटर, मोजा तथा पन्जा बुन्ने , खेलौना, झोला बनाउने , फलफूल खेती, च्याउ खेती, तरकारी खेती, कुखुरापालन, मौरीपालन, गाई भैंसी पालन, बाख्रापालन, व्यापार व्यवसाय, घरेलु उद्योग आदि) र पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् उनीहरूले भनेका कुरा टिपोट गर्दै छलफल गर्नुहोस् र ती आर्थिक क्रियाकलापको महत्त्व बोध गराउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ४

विद्यार्थीहरूलाई स्थानीय तहमा विद्यालयनजिक रहेका आर्थिक क्रियाकलाप सञ्चालन भएका क्षेत्रहरूमा अध्ययन भ्रमणका लागि लैजानुहोस् । त्यहाँ हुने गरेका र भएका मुख्य मुख्य कुराहरू छलफल, सोधपुछ, प्रश्नोत्तर र प्रत्यक्ष अवलोकनका आधारमा टिपोट गर्न लगाउनुहोस् र कक्षामा पालैपालो प्रस्तुत गर्न लगाउनुहोस्  ।

### ❖ क्रियाकलाप नं. ५

विद्यार्थीहरूलाई घरपरिवार र छिमेकमा भएका आर्थिक क्रियाकलापमा सहभागिताका लागि अभिप्रेरित गर्ने खालको चार्ट वा स्लाइड प्रदर्शन गर्दै आर्थिक क्रियाकलापमा सहभागिताका लागि के के गर्नुहुन्छ ? र के के गर्नुहुँदैन ? भनी छलफल गराउनुहोस् । उनीहरूले पनि आर्थिक क्रियाकलापमा हुने गतिविधिमा आफ्नो क्षमता र फुर्सद भएको समयमा सहभागी हुन प्रोत्साहित गर्नुहोस् ।

## ५. मूल्याङ्कन/ प्रतिविम्बन

क) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

(ख) समुदायमा सञ्चालित आर्थिक क्रियाकलापहरूको अवलोकनमा सहभागिता, सूचना सङ्कलन, सञ्चार र सम्बन्ध स्थापना आदि पक्षमा देखाएको सक्रियता आदि पक्षको अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् ।

# पाठ ४

# मितव्ययी बनौं

अनुमानित कार्य घण्टा : ५

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| वस्तुहरूको प्रयोगमा मितव्ययिता अपनाउन | – दैनिक जीवनमा प्रयोग हुने वस्तुहरूको उपयोगमा मितव्ययिता अपनाउन<br>– मितव्ययी व्यवहारबाट हुने फाइदा उल्लेख गर्न |

## २. पाठ परिचय

हामीलाई दैनिक जीवन सञ्चालनका लागि विभिन्न वस्तु तथा सामग्रीको आवश्यकता पर्दछ। ती वस्तु तथा सामग्रीहरूको उत्पादन गर्न र आफूसँग नभएका वस्तु प्रयोग गर्न रकम तिरी खरिद गर्नुपर्ने हुन्छ। यसरी रकम जुटाई खरिद गरेका वा दुःख गरी उत्पादन गरेका वस्तु तथा सामानको प्रयोग गर्दा सावधानी पूर्वक आवश्यकताअनुसार प्रयोग गर्ने, वस्तुहरू फारु गर्ने, बचत गर्ने र खेर नफाली जतन साथ प्रयोग गर्ने बानी बसाल्नुपर्छ। घर, विद्यालय, समुदाय तथा हामीले काम गर्ने हरेक ठाँउ तथा क्षेत्रमा हामीले विभिन्न वस्तु तथा सामानहरूको प्रयोग जिम्मेवारी पूर्वक नियममा बसेर गर्नुपर्ने हामी सबैको साझा दायित्व पनि हुन्छ। यस पाठमा विद्यार्थीहरूलाई आवश्यक काममा मात्र खर्च गर्ने, कम खर्च तथा प्रयोग गर्ने, चाहिनेभन्दा बढी खर्च नगर्ने जस्ता मितव्ययी व्यवहार अपनाउन अभिप्रेरित गर्ने उद्देश्य राखिएको छ।

## ३. शैक्षणिक सामग्री

- दैनिक जीवनमा प्रयोग हुने वस्तुहरूको प्रयोगमा मितव्ययी व्यवहार झल्कने चित्र, फोटो तथा भिडियोहरू
- मितव्ययी व्यवहारहरू लेखिएको चार्ट

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

विद्यार्थीलाई खानेकुरा खेर फाल्ने गरे नगरेको, मुख धुँदा धारा बन्द राख्ने गरे नगरेको, कापी च्यातेर फ्याँक्ने गरे नगरेको जस्ता प्रश्नहरू सोध्नुहोस् र ती बानी राम्रो नराम्रो कस्तो बानी हो भनी छोटो छलफल गराउनुहोस् र मितव्ययी व्यवहारको अवधारणा स्पष्ट पारिदिनुहोस्।

## ❖ क्रियाकलाप नं. २

विद्यार्थीहरूलाई दैनिक जीवनमा प्रयोग हुने वस्तुहरूको प्रयोगमा मितव्ययी व्यवहार झल्कने चित्र, फोटो तथा भिडियो प्रदर्शन गर्दै चित्रमा देखाउन खोजिएको कुरा के होला भनी प्रश्न गर्ने र छलफलका लागि समय दिँदै विद्यार्थीहरूको विचारलाई समेट्दै यी व्यवहारहरू मितव्ययितासँग सम्बन्धित छन् भनी प्रष्ट पारिदिनुहोस् ।

## ❖ क्रियाकलाप नं. ३

यी व्यवहारहरूलाई किन मितव्ययी व्यवहार भनिएका हुन् ? भनी प्रश्न गर्ने । विद्यार्थीहरूबाट आएको जवाफलाई सम्मान गर्दै जुन व्यवहारले सामानको जतनका साथसाथै अनुशासन पनि प्रदान गर्दछन् त्यस्ता सबै व्यवहारहरू मितव्ययी व्यवहारहरू हुन् भनी उदाहरणसहित प्रष्ट पारिदिनुहोस । (जस्तै : कापी, किताब, पेन्सिल, खानेपानी, मञ्जन, साबुन हामीले प्रयोग गर्ने सामानहरू हुन् भने यी सामानहरूको आवश्यकताअनुसार प्रयोग गर्ने, वस्तुहरू फारु गर्ने, बचत गर्ने, जतन गर्ने, अनावश्यक खर्च नगर्ने काम मितव्ययी व्यवहारहरू हुन्।)

## ❖ क्रियाकलाप नं. ४

मितव्ययी व्यवहारहरू लेखिएको चार्ट प्रदर्शन गर्दै प्रत्येक व्यवहारलाई किन मितव्ययी व्यवहार भनिएको हो भनी उदाहरणसहित प्रष्ट पारिदिनुहोस् ।

## ❖ क्रियाकलाप नं. ५

विद्यार्थीहरूलाई आवश्यकताका आधारमा समूह विभाजन गरी विभिन्न अवस्थामा सामान तथा वस्तुहरू प्रयोग गरिरहेको चित्र, फोटो तथा भिडियोहरू प्रदर्शन गर्दै समूहमा छलफलका लागि समय दिनुहोस् र कुन कुन बानी व्यवहार ठिक र कुन कुन बानी व्यवहार बेठिक हो टिपोट गर्न लगाउनुहोस् र कारणसहित पालैपालो सबै समूहलाई प्रस्तुत गर्न लगाउनुहोस् ।

## ❖ क्रियाकलाप नं. ६

विद्यार्थीहरूलाई पाठ्यपुस्तकको पृष्ठ नं. ११० मा दिइएको रोसनीको बानी व्यवहार कथाकथन विधिबाट रोचक ढङ्गले हाउभाउसहित पढेर सुनाउने वा कुनै विद्यार्थीलाई सबैले सुन्ने गरी पढेर सुनाउन लगाउनुहोस् । कथा पढ्दै गर्दा निम्नानुसार प्रश्न बिच बिचमा सोध्नुहोस् ।

क) रोशनीको कुन कुन बानी समूहलाई मन पर्छ ?

ख) समूह र रोशनीको कुन कुन बानीमा समानता छन् ?

ग) रोशनीले खानेकुरा खेर नफाल्ने बानी समूहलाई कस्तो लाग्छ ?

घ) समूहको अभिभावकले कुन कुन कुरामा समूहलाई हौसला दिनुहुन्छ ?

## ❖ क्रियाकलाप नं. ७

यस कथा सुनेर के शिक्षा पाउनुभयो ? भनी प्रश्न गर्दै मितव्ययी व्यवहारमा कस्ता कस्ता व्यवहारहरू पर्दछन् ? र मितव्ययी व्यवहारबाट हुने फाइदाहरूको बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् र पालै पालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

## ❖ क्रियाकलाप नं. ८

विद्यार्थीहरूलाई समूहहरूले प्रयोग गर्ने वस्तु तथा सामग्रीहरू के के हुन् र त्यसका लागि के के मितव्ययी व्यवहार अपनाउनु भएको छ भन्ने सम्बन्धमा तलको जस्तै तालिका बनाई भर्न लगाउनुहोस् र प्रस्तुत गर्न लगाउदै छलफल गर्नुहोस् ।

| प्रयोग गर्ने वस्तु तथा सामग्रीहरूको नाम | मितव्ययी व्यवहार |
|---|---|
| | |
| | |

## ❖ क्रियाकलाप नं. ९

**राउन्ड टेबल छलफल (Round table discussion)** विधिको प्रयोगबाट वस्तुहरूको प्रयोगमा मितव्ययिताको फाइदाहरू पत्ता लगाउन लगाउनुहोस् ।

- यसका लागि शिक्षकले विद्यार्थी संख्याको आधारमा समूह निर्माण गरिदिनुहोस् । प्रत्येक समूहमा एक जना विद्यार्थीलाई अभिलेखकर्ताको भूमिका दिने । समूहका बाँकी सदस्यहरूलाई पालैपालो समूहमा आआफ्नो विचार राख्न लगाउनुहोस् ।
- शिक्षकले वस्तुहरूको प्रयोगमा मितव्ययिताको फाइदाहरू प्रत्येक विद्यार्थीहरूले भन्नुपर्ने भनेर बताइदिने । समूहका प्रत्येक सदस्यले घडीको सुई घुम्ने दिशाअनुसार आआफ्नो विचार राख्दै जानुपर्ने कुरा पनि प्रष्ट पारिदिने । प्रत्येक सदस्यको विचारलाई अभिलेखकर्ताले अभिलेख राख्न लगाउनुहोस् । सबै सदस्यहरूले आफ्नो विचार

नराखेसम्म यो प्रक्रिया चलिरहन्छ भनी प्रष्ट पारिदिनुहोस् ।

- अन्त्यमा अभिलेखकर्ताले आफ्नो अभिलेख प्रस्तुतीकरण गरिसकेपछि शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. १०

विद्यार्थीहरूलाई उनीहरूले दैनिकरूपमा प्रयोग गर्दै आएका वस्तु तथा सामग्रीहरूका सम्बन्धमा चित्र, फोटो तथा पोस्टरहरू प्रदर्शन गरी प्रश्नोत्तर र छलफलमार्फत मितव्ययी व्यवहारका फाइदाका सम्बन्धमा थप प्रष्ट पारिदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. ११

विद्यार्थीलाई कक्षाकोठा र विद्यालयमा रहेका समान जतन र मितव्ययी प्रयोग गर्न नियम बनाउन लगाउनुहोस् र जिम्मेवारी दिनुहोस् । दिइएको जिम्मेवारी पालन गरे नगरेको विषयमा अवलोकन गरी विद्यार्थीहरू एक अर्का बिच मूल्याङ्कन गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. १२

विद्यार्थीहरूको विभिन्न समूह निर्माण गरी घर, विद्यालय तथा समुदायमा प्रयोगका लागि राखिएका सामग्रीहरूको मितव्ययी रूपमा प्रयोग गरेको र त्यसबाट विभिन्न फाइदा भएको विषयमा सम्बन्धित रहेर भूमिका अभिनय गर्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. १३

विद्यार्थीहरूलाई खुला चउर वा ठाउँमा लैजानुहोस् । उनीहरूलाई गोलोघेरामा उभिन लगाउनुहोस् । एक एउटा धागोको डल्लो लिनुहोस् र त्यसको एक छेउमा समाती आफूले गर्ने कुनै एक मितव्ययी व्यवहार भन्नुहोस र डल्लो कुनै एक जना विद्यार्थी तर्फ फ्याँक्नुहोस् अब धागोको डल्लो पाउने विद्यार्थीले पनि आफूले गर्ने एउटा मितव्ययी व्यवहार भन्ने छ । उनले पनि धागोको एक छेउ समाउँदै अर्कोलाई धागो फ्याँक्न लगाउनुहोस् । यसरी पालैपालो धागो फ्याँक्दै सबै विद्यार्थीलाई यो क्रियाकलाप गराउनुहोस् । अन्तिममा सबै विद्यार्थीलाई धागो तन्काउन लगाउनुहोस् । सबै जनालाई हामी मितव्ययी हुन प्रतिबद्ध छौं भनी प्रतिबद्धता व्यक्त गर्न लगाउनुहोस् ।

## ५. मूल्याङ्कन/ प्रतिविम्बन

(क) विद्यालयमा प्रयोग गरिने सामग्रीहरूको नियम पूर्वक जिम्मेवारीमा रही जिम्मेवारी पालना गरी मितव्ययी रूपमा सामान प्रयोग गरे नगरेको अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् ।

**(ख) राउन्ड टेबल छलफल (Round table discussion)** विधिको प्रयोगबाट सफलता पूर्वक सिकाइमा र छलफलमा भाग लिए नलिएको सम्बन्धमा निम्नअनुसार मूल्याङ्कन गर्नुहोस् ।

| क्र.सं. | विद्यार्थीको नाम थर | समूहमा सक्रियता | आफ्नो विचारको प्रस्तुति | अभिलेखकर्ता भए अभिलेख लेखनमा सहभागिता |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(ग) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

## ६. थप अध्ययन सामग्री

### राउन्ड टेबल छलफल (Round table discussion)

राउन्ड टेबल छलफल विधि ससाना समूहमा छलफल गर्न उपयोगी मानिन्छ । यो ४-६ जनासम्मको सानो समूह बनाएर प्रयोग गर्न सकिन्छ । यसमा एक जना विद्यार्थीलाई अभिलेखकर्ताको भूमिका दिनुपर्छ । समूहका बाँकी सदस्यहरूले पालैपालो समूहमा आआफ्नो विचार राख्छन् । शिक्षकले विषय वा प्रश्न समूहमा राख्छन् र समूहका प्रत्येक सदस्यले घडीको सुईको चालअनुसार आआफ्नो विचार राख्छन् । प्रत्येक सदस्यको विचारलाई अभिलेखकर्ताले अभिलेख गर्छन् । सबै सदस्यहरूले आफ्नो विचार नराखेसम्म यो प्रक्रिया चलिरहन्छ ।

# पाठ ५

# हाम्रो हाटबजार

**अनुमानित कार्य घण्टा : ५**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| स्थानीय हाटबजारमा हुने आर्थिक क्रियाकलापको पहिचान गरी महत्त्व बताउन | – स्थानीय हाटबजार/बजार तथा मेला पर्वको परिचय दिन<br>– स्थानीय हाटबजारमा हुने आर्थिक क्रियाकलापको पहिचान गर्न<br>– हाटबजारमा हुने आर्थिक क्रियाकलापको महत्त्व बताउन |

## २. पाठ परिचय

गाँउघरमा उत्पादन भएका वस्तुहरू बेचबिखन गर्नका निमित्त हप्तामा कुनै एक वा दुई दिन स्थानीय स्तरमा हाटबजार लाग्ने गर्दछ । यस्ता हाटबजारमा हाम्रौ गाँउघरमा उत्पादन भएका वस्तु तथा सामानले बजार पाउछन् भने मूल्य पनि सरल अर्थात सस्तो सामान पाइन्छन् । सामान किन्न टाढा जानु नपर्ने, मानिसहरूले रोजगारी पाउने, आम्दानीमा वृद्धि हुने, स्थानीय सामानको प्रचार प्रसार हुने, स्थानीय कला संस्कृतिको विकासलगायतका कुरामा फाइदा हुने हुँदा गाँउघरमा हाटबजार बढी प्रचलित छ । यस पाठको मूल उद्देश्य भनेको नै विद्यार्थीहरूमा स्थानीय हाटबजारमा हुने आर्थिक क्रियाकलापको बारेमा जानकारी गराई यसको महत्त्व सम्बन्धमा अवगत गराउनु रहेको छ ।

## ३. शैक्षणिक सामग्री

- स्थानीय हाटबजारमा हुने आर्थिक क्रियाकलाप झल्कने चित्र, फोटो तथा भिडियोहरू
- स्थानीय हाटबजारमा हुने आर्थिक क्रियाकलापको सूची
- स्थानीय हाटबजारमा हुने आर्थिक क्रियाकलापका महत्त्व उल्लिखित चार्ट

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

विद्यार्थीलाई आफ्ना परिवारका सदस्यहरूसँग हाटबजार वा मेला गएको अनुभव भए नभएको सोधी अनुभव भए सुनाउन प्रेरित गर्नुहोस् ।

## ❖ क्रियाकलाप नं. २

स्थानीय हाटबजारमा हाट लागेका वा बजारमा हुने आर्थिक क्रियाकलाप नं.सँग सम्बन्धित चित्र, फोटो तथा भिडियोहरू क्लिप्सहरू प्रदर्शन गर्दै ती हाटबजारमा के के क्रियाकलापहरू हुने रहेछन्, हाटबजार के रहेछ भन्न लगाउनुहोस् र उनीहरू बाट प्राप्त विचारलाई समेट्दै हाटबजारको अवधारणा प्रष्ट पानुहोस्

## ❖ क्रियाकलाप नं. ३ :

विद्यार्थीहरूलाई जोडीमा पढाइ र जोडीमा सारांश (paired reading,paired summarizing) विधिबाट हाट बजार पाठसँग सम्बन्धित विषयवस्तु अध्ययन गर्न लगाउनुहोस् ।

## ❖ क्रियाकलाप नं. ४

विद्यार्थीहरूलाई सम्भव भएसम्म पाठमा दिइए जस्तै नजिकको हाटबजारको भ्रमणका लागि लैजानुहोस् र त्यहाँ हुने आर्थिक गतिविधिहरूको सूची बनाउन लगाई कक्षामा पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

## ❖ क्रियाकलाप नं. ५

हाटबजारमा हुने गतिविधिलाई भूमिका अभिनयको माध्यमबाट अभिव्यक्त गर्न लगाउनुहोस् । जसका लागि विद्यार्थीहरूलाई सम्भव भएसम्म समूह निर्माण गरी आफ्नै घरमा उत्पादान भएका वस्तु तथा सामान सरल मूल्य राखी ल्याउन लगाउने (जस्तै : साग, तरकारी, गुन्द्रुक, मस्यौरा, मकै, भटमास लगायतका गेडागुडी, फलफूल, सिन्की आदि) र सानो हाटबजार तथा मेलाको अवधारणा राखी खुल्ला ठाउँमा लगी भूमिका अभिनयसहित हाटबजारमा हुने क्रियाकलाप तथा गतिविधि सञ्चालनका लागि सहजीकरण गरिदिनुहोस् र निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

## ❖ क्रियाकलाप नं. ६

हाटबजारको महत्व सम्बन्धमा मस्तिष्क मन्थन गर्न लगाउनुहोस् । स्थानीय हाटबजारमा हुने आर्थिक क्रियाकलापको महत्वहरू लेखिएको चार्टपेपर प्रदर्शन गर्दै बुँदागत रूपमा प्रश्नोत्तर, छलफल र अन्तक्रिया गर्दै प्रष्ट पारिदिने ।

## ❖ क्रियाकलाप नं. ७

पेज ११७ को स्वप्रतिविम्बन खण्डमा भएका आर्थिक क्रियाकलापसम्बन्धी शब्द र त्यसको अर्थ खोज्न लगाउनुहोस् ।

मेला: कुने चाडपर्व वा असवर विशेषमा हुने जमघट, भेला, सभा, खानपान र मनोरञ्जनात्मक कार्यको अवलोकन आदि

हाट : तोकिएको दिन लाग्ने साप्ताहिक बजार

आयआर्जन : कखाई हुने ?

धन : सम्पति

पशुपालन : व्यावसायिक वा रैथाने तरिका पशुपन्छी पाल्ने कार्य
हली : खेतबारी जोत्ने व्यक्ति
मितव्ययी : कम र आवश्यक ठाउँमा खर्च गर्ने असल बानी व्यवहार

## ५. मूल्याङ्कन/ प्रतिविम्बन

क) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

(ख) विद्यार्थीले भूमिका अभिनयसँग सम्बन्धित क्रियाकलाप गरिरहँदा उनीहरूको सहभागिता, सक्रियता, सहकार्य र कार्य सम्पादनको अवस्थाका आधारमा मूल्याङ्कन गरी तत्काल पृष्ठपोषण दिने ।

जस्तै : क्रियाकलाप नं.. ४ को मूल्याङ्कन गर्न निम्नानुसारको श्रेणीमापन फाराम प्रयोग गर्न सकिन्छ :

| समूहको नाम | विषयवस्तुमा स्पष्टता | सबैको सक्रिय सहभागिता | सहकार्य | जिम्मेवारी बोध |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

धेरै राम्रो =क    राम्रो =ख    ठिकै =ग

**(ग)** जोडीमा पढाइ र जोडीमा सारांश (paired reading-paired summarizing) विधिको प्रयोगबाट सफलता पूर्वक सिकाइमा भाग लिए नलिएको सम्बन्धमा निम्नअनुसार मूल्याङ्कन गर्नुहोस् ।

| क्र.सं. | नाम थर | कक्षामा सहभागिता/सक्रियता | सारांश प्रस्तुति | आफ्नो विचारको प्रस्तुति | विषयवस्तुमा स्पष्टता |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

धेरै राम्रो ३, राम्रो २ र सुधार गर्नुपर्ने १

एकाइ ७

# हाम्रो पृथ्वी

पाठ १

## पृथ्वी : हाम्रो साझा घर

अनुमानित कार्य घण्टा : ४

### १. सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| हाम्रो पृथ्वीको सामान्य परिचय दिन | – पृथ्वीको आकार बताउन<br>– पृथ्वीको भूस्वरूपको वर्णन गर्न<br>– सूर्य, चन्द्रमा र ताराको परिचय दिन र उपयोगिता बताउन |

### २.पाठ परिचय

बालबालिकाहरूलाई हामी बसेको पृथ्वी कस्तो होला ? पृथ्वी सूर्य, चन्द्रमा र ताराभन्दा ठुलो छ वा सानो छ ? सूर्य दिनमा र चन्द्रमा र ताराहरू रातमामात्र किन देखिन्छन् ? पृथ्वीमामात्र जीवजन्तु र वनस्पति छन् कि अरूग्रहमा पनि छन् ? भन्ने जस्ता धेरै जिज्ञासाहरू हुन्छन् । ती जिज्ञासा मेटाउन र पृथ्वीको सामान्य परिचय गराउनका लागि यो पाठ यहाँ समावेश गरिएको हो ।

यस पाठमा पृथ्वीको आकार, भूस्वरूप , सूर्य, तारा र चन्द्रमाको परिचय , पृथ्वी र चन्द्रमाको गतिसम्बन्धी विषयवस्तु समावेश गरिएको छ । पृथ्वीको भूस्वरूप एकै प्रकारको छैन । यहाँ ठुला ठुला महासागर, समुन्द्र, नदी ताल, खोला र पोखरीहरू रहेका छन् । पहाड, पर्वत, हिमाल, मरुभूमि, मैदान, पठार आदि जमिनका स्वरूपहरू छन् । पृथ्वीको परिवारमा सूर्य, चन्द्रमा र ताराहरू पर्दछन् । यी सबैको हाम्रो जीवनमा निकै महत्व रहेको छ भन्ने कुराको महसुस गराउन यस पाठले खोजेको छ । पृथ्वी र यसको परिवारको सम्बन्धमा विद्यार्थीहरूमा भएका जिज्ञासालाई मेटाउन र भविष्यमा यसको रहस्यलाई अझ खोजी गर्न उत्प्रेरित गर्नु पनि यस पाठको उद्देश्य हो । साना बालबालिकाहरूलाई यसमा भएका विषयवस्तुको धारणा दिन कठिन हुनु स्वभाविकै हो । यसको लागि विद्यार्थीका पूर्व अनुभव र दैनिक जीवनसँग जोडेर सरलरूपमा प्रस्तुत गरी विद्यार्थीमा आवश्यक ज्ञान, सिप र धारणाको विकास गराउनु पर्दछ ।

## ३.शैक्षणिक सामग्री

ग्लोब, सौर्य मण्डलको मोडल वा चित्र, सुन्तला वा यस्तै गोलाकार वस्तु, चित्र वा भिडियो

### ❖ क्रियाकलाप नं. १

विद्यार्थीहरूलाई हामी बसेको पृथ्वी कस्तो छ होला भनी अनुमान गर्न लगाउनुहोस् । उनीहरूबाट विभिन्न प्रकारका जवाफहरू आउन सक्छन् सबै जवाफलाई धैर्यता पूर्वक सुन्नुहोस् । विद्यार्थीहरूबाट आएका जवाफलाई सुनिसकेपछि वास्तविक स्याउ, सुन्तला वा भकुन्डो देखाउदै पृथ्वी सिक्का पैसा, थाल वा नाङ्लो जस्तो चेप्टो नभइ सुन्तला वा स्याउ जस्तै गोलाकार छ भन्ने कुरा बताउनुहोस् । पृथ्वी भकुन्डो जस्तो पुरै गोलो नभई स्याउ वा सुन्तला जस्तै गोलाकार छ भन्ने अवधारणा पनि प्रष्ट पार्नुहोस् ।

### ❖ क्रियाकलाप नं. २

ग्लोब देखाउदै यो के हो भनी सोध्नुहोस् र विद्यार्थीहरूले नचिनेमा ग्लोवको सामान्य जानकारी दिनुहोस् । जस्तैः यो पृथ्वीको नमुना हो । हामी बसेको पृथ्वी पनि यस्तै गोलो छ भनी पृथ्वीको आकारसम्बन्धी धारणा प्रष्ट पार्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

विद्यार्थीहरूलाई समूह समूहमा ग्लोब दिएर अवलोकन गर्न लगाउनुहोस् । पृथ्वीमा भएको पानीको भाग र जमिनको भाग कुन धेरै छ पत्ता लगाउन भन्नुहोस् । विद्यार्थीहरूले भनेको उत्तरको आधारमा पृथ्वीको कुल क्षेत्रफलको एक तिहाइ भाग जमिनले र दुई तिहाइ भाग पानीले ढाकेको छ भन्ने कुरा ग्लोबमा देखाउँदै प्रष्ट पार्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ४

पृथ्वीमा भएका पानीका भागहरू केके होलान् भनी जिज्ञासा राख्नुहोस् र विद्यार्थीबाट आएको जवाफको आधारमा पृथ्वीमा भएका पानीका भागहरू महासागर, समुद्र, नदी, ताल, पोखरी , खोला आदि हुन् भनी बताइदिनुहोस् ।

### ❖ क्रियाकलाप नं. ५

पृथ्वीको जमीन सबै ठाउँमा एकैनासको छ कि फरकफरक छ भनी प्रश्न सोध्नुहोस् । विद्यार्थीहरूलाई आफूले देखेको जमिनको स्वरूपहरू पालैपालो भन्न लगाउनुहोस् । उनीहरूले भनेका कुराहरू एक अर्कोसँग नदोहरिने गरी सिकाइ पाटीमा टिप्दै जानुहोस् । विद्यार्थीहरूले दिएको जवाफको आधारमा पथ्वीमा हिमाल, पहाड, पर्वत, मैदान, मरुभूमि, खोच, पठार आदि भूस्वरूपहरू रहेको कुरा चित्र वा भिडियो क्लिप देखाउदै प्रष्ट पार्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ६

एनिमेटेट भिडियो देखाउदै पृथ्वी एक ग्रह हो र यो सूर्यको वरिपरि घुमिरहन्छ , चन्द्रमा पृथ्वीको उपग्रह भएकाले पृथ्वीको वरिपरि घुम्छ भन्ने कुरा बताउनुहोस् । सूर्यका आठ ग्रहमध्येको एउटा ग्रह पृथ्वी हो र यस ग्रहमा मात्र जीवजन्तु र वनस्पतिहरू रहेका छन् भन्ने कुरालाई कारणसहित प्रष्ट पार्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ७

सूर्यको वरिपरि घुम्नेलाई ग्रह र ग्रहको वरिपरि घुम्नेलाई उपग्रह भनिन्छ भन्ने सन्दर्भ प्रष्ट पार्नका लागि विद्यार्थीहरूलाई सूर्य, पृथ्वी र चन्द्रमाको भूमिका दिएर अभिनय गराउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ८

सूर्य, चन्द्रमा र ताराहरू नभएको भए के हुन्थ्यो होला भन्ने कल्पना गर्न लगाउनुहोस् वा कोठालाई पूर्णरूपमा अध्यारो पार्नुहोस् र सधैँ यस्तै भैरहेमा के हुन्थ्यो होला सोच्न लगाउनुहोस् र विद्यार्थीका कल्पना वा सोचाइलाई पालैपालो सुन्दै सिकाइपाटीमा टिप्नुहोस् र छलफल गर्नुहोस् । सूर्य, चन्द्रमा र ताराहरूको उपयोगिता लेखिएको चार्ट प्रस्तुत गर्दै थप प्रस्ट पार्नुहोस ।

## ५.मूल्याङ्कन/प्रतिविम्बन

क) निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् र पृष्ठपोषण प्रदान गर्नुहोस् :

१. पृथ्वीको आकार कस्तो छ ?

२. पृथ्वीले कस्को परिक्रमा गर्दछ ?

३. चन्द्रमा र तारामा के फरक छ ?

४.सूर्यबाट हामीले प्राप्त गर्ने फाइदाको सूची बनाउनुहोस ।

ख) विद्यार्थीले गरेको अभिनयलाई निम्नआधारमा मूल्याङ्कन गर्नुहोस् :

१. सक्रिय सहभागिता

२. आफ्नो जिम्मेवारी वहन

३. विषयवस्तुको अवधारणा प्रति स्पष्टता

४.हाउभाउ

# पाठ २ हाम्रो पृथ्वी र साधन स्रोत

अनुमानित कार्य घण्टा : ४

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| पृथ्वीबाट हामीले प्राप्त गर्ने विभिन्न साधनस्रोतको पहिचान गर्न | – पृथ्वीबाट हामीले प्राप्त गर्ने साधानस्रोतहरू पहिचान गर्न<br>– पृथ्वी र मानिसबिचको सम्बन्ध बताउन<br>– पृथ्वीको महत्त्व व्याख्या गर्न |

## २.पाठ परिचय

हामी पृथ्वीमा बस्छौँ । यो सम्पूर्ण जीवतन्तुको बासस्थान हो । पथ्वी हामी सबैको साझा घर हो । हामीले हाम्रा आवश्यकताहरू पृथ्वीबाट नै पूरा गर्दछौँ । हामीले पृथ्वीबाट विभिन्न किसिमका साधान स्रोतहरू प्राप्त गरेका छौं । पृथ्वीमा भएका यिनै साधन स्रोतले नै हाम्रो जीवन सम्भव भएको हो त्यसैले पृथ्वीको धेरै महत्त्व छ र यसको संरक्षण गर्नु हाम्रो दायित्व पनि हो भन्ने कुराको बोध गराउनु यस पाठको मुख्य उद्देश्य हो ।

यस पाठमा पृथ्वीबाट प्राप्त गर्न सकिने साधनस्रोतहरू, पृथ्वी र मानिसबिचको सम्बन्ध जस्ता विषयवस्तु समावेश गरिएको छ । यस पाठमा समावेस गरिएका विषयवस्तुको सिकाइ सहजीकरणबाट विद्यार्थीहरूलाई पृथ्वीबाट प्राप्तहुने यस्ता साधान स्रोतको सदुपयोग र संरक्षण गरी दिगो विकासमा टेवा पुऱ्याउनका लागि अभिप्रेरित गर्नुपर्दछ। यसमा भएका विषयवस्तुको धारणा दिनका लागि विद्यार्थीका पूर्व अनुभव र दैनिक जीवनसँग जोडेर सरल**रूप**मा प्रस्तुत गर्नुपर्दछ ।

## ३. शैक्षणिक सामग्री

पृथ्वीबाट प्राप्त साधन स्रोत साधनका चार्ट, चित्र, भिडियो

### ❖ क्रियाकलाप नं. १

हामीलाई बाँच्नका लागि के के कुराको आवश्यकता पर्दछ भनी प्रश्न सोध्नुहोस र उनीहरूबाट आएका उत्तरहरूलाई सिकाइपाटीमा टिप्दै जानुहोस् । विद्यार्थीहरूलाई उनीहरूको दैनिक जीवनमा खाना पकाउनका लागि चाहिने दाउरा, ग्यास कोइला आदि कहाँबाट प्राप्त हुन्छ होला

सोच्न लगाउनुहोस् । र उनीहरूको जवाफ सुन्नुहोस् र विभिन्न उदाहरण, चित्र, भिडियो देखाउँदै हामीलाई आवश्यक धेरै कुराहरू पृथ्वीबाट नै प्राप्त हुन्छ भन्ने प्रष्ट पार्नुहोस् ।

### ❖ क्रियाकलाप नं. २

विद्यार्थीहरूलाई समूहमा विभाजन गरी पृथ्वीबाट हामीले प्राप्त गर्ने साधनस्रोतहरू र तिनीहरूको उपयोग कुन कुन कामका लागि गरिन्छ भन्ने सन्दर्भमा सामूहिक **रूप**मा टिपोट गरी प्रस्तुत गर्न लगाउनुहोस् । उनीहरूको प्रस्तुतिमा छुटेका कुराहरू समेट्दै पृथ्वीको महत्त्व प्रष्ट पार्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

विद्यार्थीहरूलाई **"पृथ्वी हाम्रो जिउने आधार"** शीर्षकमा एक अनुच्छेद लेखी प्रस्तुत गर्न लगाउनुहोस् । यसमा कक्षाका सबै विद्यार्थीलाई सहभागी गराउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ४

यस पाठबाट सिकेका मुख्य मुख्य विषयवस्तुलाई ३ मिनेटभित्र लेख्नलाई समय दिनुहोस् । विद्यार्थीले लेखेका कुराहरू केही विद्यार्थीलाई पढ्न लगाउनुहोस् र पाठको सारांश प्रस्तुत गर्नुहोस् ।

## ५.मूल्याङ्कन/प्रतिविम्बन

निम्नलिखित प्रश्नहरूको आधारमा मूल्याङ्कन गर्नुहोस् र पृष्ठपोषणसमेत प्रदान गर्नुहोस् ।

१. पृथ्वीबाट हामीले प्राप्त गर्ने साधनस्रोतहरूको सूची बनाउनुहोस् ।

२. पृथ्वीलाई मानिसको जीवन जिउने आधार किन भनिएको हो ?

३. पृथ्वीको संरक्षण गर्न समूहले गर्नसक्ने कार्यहरूको सूची तयार गर्नुहोस् ।

४. पृथ्वी र मानिसबिचको सम्बन्ध प्रष्टपार्नुहोस् ।

५. पृथ्वीलाई किन सम्पूर्ण प्राणीहरूको साझा घर भनिएको हो ?

ख) विद्यार्थीले गरेको समूह कार्य र निबन्ध लेखनलाई निम्नआधारमा मूल्याङ्कन गर्नुहोस् ।

१. सक्रिय सहभागिता

२. आफ्नो जिम्मेवारी बहन

३. विषयवस्तुको अवधारणा प्रति स्पष्टता

४. प्रस्तुतीकरण

५. मौलिकता र सिर्जनशीलता

# पाठ ३ विपद्को परिचय र सावधानीका उपाय

**अनुमानित कार्य घण्टा : ४**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| विपद्को परिचय दिन र सावधानीका उपायहरू अवलम्बन गर्न | – बाढी पहिरो र महामारीको परिचय दिन<br>– बाढी पहिरो र महामारी हुने कारण, क्षति र सावधानीका उपायहरू बताउन<br>– आफ्नो स्थानीय स्तरमा हुने विपत्को पहिचान गरी सावधानीका उपायहरू अपनाउन |

## २.पाठ परिचय

मानवीय जीवनमा आपतकालीन अवस्था सिर्जना हुनु विपत् हो । यो मानवीय र प्राकृतिक कारणले हुने गर्दछ। विभिन्न प्राकृतिक प्रकोपहरू जस्तै बाढी, पहिरो, भूकम्प, हावाहुरी, चट्याङ आदिले विपत्का् अवस्था सिर्जना हुनसक्छ । त्यसै गरी मानवीय लापरवाहीको कारणले हुने आगलागी, डढेलो, महामारी आदिले पनि विपत् सिर्जना हुन्छ। विपत् जुनसुकै स्थान र समयमा आइपर्न सक्छ। विद्यार्थीहरूले मुख्यरूपमा आफ्नो स्थानीय स्तरमा हुने विपद्को पहिचान गरी सावधानीका उपायहरू अवलम्बन गर्न सकुन भन्ने यस पाठको मुख्य उद्देश्य हो। यस पाठमा स्थानीय विपत्का् रूपमा बाढी पहिरो र महामारीसम्बन्धी विषयवस्तु समावेश गरिएको छ।

## ३.शैक्षणिक सामग्री

विभिन्न प्रकोप र विपत् झल्किने चित्र वा भिडियो, प्रकोपका कारण र सावधानीका उपाय लेखिएको चार्ट

## ४.सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

विभिन्न प्रकारका प्रकोप, महामारी र विपत्को अवस्था झल्कने चित्र वा भिडियो प्रर्दशन गर्दै विद्यार्थीहरूलाई यो के हो भनी उनीहरूले बुझेका कुरा सोध्नुहोस् । उनीहरूबाट आएको जवाफको आधारमा विपत्को अवधारणा प्रष्ट पार्नुहोस् ।

### ❖ क्रियाकलाप नं. २

महामारीका सम्बन्धमा विद्यार्थीहरूले सुनेका, देखेका र भोगेका अनुभवहरू भन्न लगाउनुहोस् । सबैका अनुभवलाई सुन्नुहोस् । विद्यार्थीहरका अनुभवलाई जोड्दै पाठमा दिइएको बाढी पहिरो र महामारीसम्बन्धी घटना र विषयवस्तु सम्बन्धमा छलफल गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

विद्यार्थीहरूलाई समूहमा विभाजन गरी बाढी पहिरो, आगलागी, डढेलो र महामारीका कारण, त्यसबाट हुने क्षति र सुरक्षित रहने उपाय सम्बन्धमा सामूहिक रूपमा छलफल गरी चार्ट तयार पारी प्रस्तुत गर्न लगाउनुहोस् । एउटा समूहको प्रस्तुतिमा अर्को समूहले केही थप्ने वा सुझाव दिने अवसर प्रदान गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ४

विद्यार्थीहरूको प्रस्तुतिपछि आफूले बनाएको चार्ट प्रस्तुत गर्दै प्रकोपका कारण, त्यसबाट हुने क्षति र सावधानीका उपाय सम्बन्धमा थप प्रष्ट पार्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ५

विद्यार्थीहरूलाई विभिन्न प्रकोप र महामारीका सम्बन्धमा प्रकाशित समाचारहरू सङ्कलन गरी कटिङ गर्न र त्यसलाई एउटा ठुलो चार्टपेपरमा टाँसेर पोष्टर तयार गर्न लगाउनुहोस् ।

## ५.मूल्याङ्कन/प्रतिविम्बन

निम्नलिखित प्रश्नहरूको आधारमा मूल्याङ्कन गर्नुहोस् र पृष्ठपोषण प्रदान गर्नुहोस् :

१. विपत् भनेको के हो ? के कारणले हुन्छ ?

२. समूहको स्थानीय स्तरमा हुने मुख्य विपत्हरू के के हुन् ?

३. बाढी भनेको के हो ?

४.पहिरो जानुको कारण के हो ?

५. महामारीबाट जोगिन हामीले के के गर्नुपर्छ ?

ख) विद्यार्थीले गरेको समूह कार्य र सिर्जनात्मक कार्यलाई निम्नआधारमा मूल्याङ्कन गर्नुहोस् :

१. सक्रिय सहभागिता

२. आफ्नो जिम्मेवारी बहन

३. विषयवस्तुको अवधारणा प्रति स्पष्टता

४. विषयवस्तुको सङ्कलन

५. प्रस्तुतीकरण सिलसिला

६. सिर्जनात्मक, सजावट

# पाठ ४ हाम्रो स्थानीय तह

**अनुमानित कार्य घण्टा : ४**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| आफू बसेको स्थानीय तहको भौगोलिक स्वरूप, जनसङ्ख्या र सामाजिक रहनसहनको परिचय दिन | – काठमाडौँ महानगरपालिकाको भौगोलिक अवस्थिति, क्षेत्रफल, जनसङ्ख्या र सामाजिक रहन सहन बताउन<br>– आफू बसेको स्थानीय तहको भौगोलिक स्वरूप, जनसङ्ख्या र सामाजिक रहनसहनको परिचय दिन |

## २.पाठ परिचय

नेपाललाई हिमाल, पहाड र तराइ गरी तिनओटा प्राकृतिक प्रदेशमा विभाजन गरिएको छ । तिनओटै प्रदेशको भूस्वरूप, हावापानी र रहनसहन फरकफरक रहेको छ। त्यहाँ बसोबास गर्ने जातजाति, भाषा, रहनसहन ,आर्थिक गतिविधि फरक फरक रहेको छ । त्यसैगरी राजनीतिक रूपमा नेपाललाई सात प्रदेश र ७५३ स्थानिय तहमा विभाजन गरएको छ । विद्यार्थीहरूलाई आफ्नो बसोबास रहेको स्थानीय तहको भौगोलिक अवस्थिति , सीमाना , क्षेत्रफल, त्यहाँको जनसङ्ख्या, आर्थिक, सामाजिक, सांस्कृतिक गतिविधि सम्बन्धमा परिचित गराउनु यस पाठको मुख्य उद्देश्य रहेको छ । यस पाठको सहजीकरण गर्दा सम्बन्धित स्थानीय तहको क्षेत्र भ्रमण, विभिन्न तथ्य तथ्याङ्कसहितको नक्सा प्रदर्शन र स्थानीय जानकार व्यक्तिलाई स्रोत शिक्षकको रूपमा आमन्त्रण गर्न सकिन्छ ।

## ३.शैक्षणिक सामग्री

सम्बन्धित स्थानीय तहको नक्सा, तथ्य तथ्याङ्क लेखिएको चार्ट

## ४.सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

सर्वप्रथम शिक्षकले आफ्नो ठेगाना भन्नुहोस् । विद्यार्थीहरूलाई पनि पालैपालो उनीहरूको ठेगाना भन्न लगाउनुहोस्, भन्न नसकेमा सहजीकरण गर्नुहोस् । उनीहरूको ठेगाना फरक फरक

भएमा नदोहोरिने गरि सिकाइपाटीमा टिप्दै जानुहोस् । उनीहरू सबैको ठेगाना एउटै स्थानीय तहभित्रको छ छैन, छलफल गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. २

पाठमा दिएको विषयवस्तुको आधारमा काठमाडौँ महानगरपालिकाको सम्बन्धमा छलफल गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

विद्यार्थीहरूलाई विद्यालय रहेको स्थानीय तहको भ्रमण गराउनुहोस् वा स्थानीय जानकार व्यक्तिलाई स्रोत शिक्षकको रूपमा आमन्त्रण गरी विद्यालय रहेको स्थानीय तहको सम्बन्धमा छलफल गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. ४

विद्यार्थीहरूलाई आफ्नो स्थानीय तह वा समूदामा रहेका जातजाति, भाषा, भेषभूषा, खानपान, मनाइने चाडपर्व र आर्थिक क्रियाकलाप सम्बन्धमा खोजी गरी  तालिका बनाई प्रस्तुत गर्न लगाउनुहोस् ।

**बसोबास रहेको स्थानीय तह वा टोल :**

| जातजाति | भाषा | भेषभूषा | खानपान | चाडपर्व | आर्थिक क्रियाकलाप |
|---|---|---|---|---|---|
| | | | | | |

### ❖ क्रियाकलाप नं. ५

सम्बन्धित स्थानीय तहको नक्सा र तथ्य तथ्याङ्क लेखिएको चार्ट प्रदर्शन गर्दै स्थानीय तहको अवस्थिति, सीमाना, क्षेत्रफल, जनसङ्ख्या, सामाजिक सांस्कृतिक र आर्थिक गतिविधि सम्बन्धमा छलफल गरी प्रष्ट पार्नुहोस् ।

## मूल्याङ्कन/प्रतिविम्बन

निम्नलिखित प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् :

१. काठमाडौँ उपत्यकाको परिचय दिनुहोस् ।

२. समूहको स्थानीय तहको नाम के हो ?

३. समूहको स्थानीय तहको भौगोलिक अवस्थिति, क्षेत्रफल र सीमाना उल्लेख गर्नुहोस् ।

४.समूहको स्थानीय तहको हावापानी र रहनसहन कस्तो रहेको छ ?

ख) विद्यार्थीले गरेको परियोजना कार्यलाई निम्नआधारमा मङ्ल्याकन गर्नुहोस् :

१. विषयवस्तुको अवधारणा प्रति स्पष्टता

२. विषयवस्तुको सङ्कलन

३. प्रस्तुतीकरण सिलसिला

४. सिर्जनात्मक, सजावट

**पाठ ५**

# नक्सा कोरौँ

**अनुमानित कार्य घण्टा : ६**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| आफू रहेको स्थानीय तह र जिल्लाको नक्सा उतार गरी सङ्केतमा देखाउन | – नक्सा बनाउने आधारभूत तथ्यहरू पहिचान गर्न<br>– नक्सामा प्रयोग हुने सङ्केतहरू चिन्न र बनाउन<br>– स्थानीय तहको नक्सा निर्माण गर्न |

## २. पाठ परिचय

नक्सा निर्माण एक कला हो । यो कार्य गर्न नक्सा निर्माण सिप र विभिन्न सङ्केतको जानकारी आवश्यक हुन्छ । नक्सा निर्माण गर्दा यसका आधारभूत तथ्य र नक्सा निर्माण प्रक्रियाको जानकारी हुनुपर्छ । नक्सा छापेर र ट्रेसिङ गरेर कोर्न सकिन्छ । नक्सामा सीमाना, दिशा, नापो हुन्छ । नक्सा बनाएपछि यसमा नदी, ताल, धार्मिक स्थल, विद्यालय, अस्पताल आदि तथ्यहरू भर्नुपर्छ । विभिन्न तथ्यलाई नक्सामा विभिन्न सङ्केतको माध्यमबाट देखाइन्छ । यस पाठमा नक्सा बनाउने आधारभूत तथ्यहरू, नक्सामा प्रयोग हुने सङ्केत, आफू रहेको स्थानीय तहको नक्सा निर्माण गर्ने अभ्यास गराइने छ ।

## ३. शैक्षणिक सामग्री :

- आफूरहेको स्थानीय तहको नक्सा
- आफू रहेको जिल्लाको नक्सा
- कार्डबोर्ड पेपर
- विभिन्न भौगोलिक तथ्य र तथ्य जनाउने सङ्केत भएको चार्ट

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

विद्यार्थीहरूलाई सुरुमा आफू बसेको घरदेखि विद्यालयसम्मको नक्सा कोर्न लगाउनुहोस् ।

नक्सामा बाटामा पर्ने खोला, ताल, पोखरी, मन्दिर वा गुम्बा वा मस्जिद, चर्च, जङ्गल आदि समेत देखाउन लगाउनुहोस् । विद्यार्थीले बनाएको नक्सा आफू बसेको बेन्च नजिकैको भित्तामा टाँस्न लगाउनुहोस् । शिक्षकले हरेक नक्साको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. २

नक्सा के हो र नक्सा कसरी कोर्न सकिन्छ भन्ने प्रश्नहरू सोध्दै प्रश्नोत्तर गराउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

नक्सा निर्माण कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा आधारभूत ज्ञानको जानकारी प्रदान गर्नुहोस् ।

**जस्तै**

- नक्सा कोर्ने कार्य एक कला हो ।
- नक्सा कोर्दा पहिले बाहिरी रेखा हेर्दै सोहीअनुसार कोर्ने अभ्यास गर्नुपर्छ ।
- नक्सा कोर्ने अभ्यास निरन्तर गर्दा मात्र नक्सा राम्रो बन्दै जान्छ ।
- नक्सा छापेर र ट्रेसिङ गरेर कोर्न सकिन्छ । यसरी नक्सा बनाउँदा पछि बिस्तारै बानी बस्छ र राम्रो नक्सा बन्छ
- नक्सामा सीमाना, दिशा, नापो हुन्छ ।
- नक्सा बनाएपछि नक्सामा नदी, ताल, धार्मिक स्थल, विद्यालय, अस्पताल आदि तथ्यहरू भर्नुपर्छ ।
- विभिन्न तथ्यलाई नक्सामा विभिन्न सङ्केतको माध्यमबाट देखाइन्छ ।

### ❖ क्रियाकलाप नं. ४

नक्सामा प्रयोग हुने विभिन्न सङ्केतहरू चार्टको माध्यमबाट प्रदर्शन गर्दै त्यस्तै चार्ट बनाउने अभ्यास गराउनुहोस् र अगि विद्यार्थी बनाएको नक्सामा ती तथ्यहरू उपयुक्त ठाउँमा भर्ने अभ्यास गराउनुहोस् ।

नक्सामा प्रयोग हुने सङ्केतहरू

| तथ्यहरू | सङ्केत |
|---|---|
| टाकुरा | ▲ |

| | |
|---|---|
| नदी |  |
| पहाडी शृङ्खला |  |
| ताल |  |
| भञ्ज्याङ |  |
| मन्दिर |  |
| गोरेटो बाटो |  |
| सडक |  |
| पुल |  |

### ❖ क्रियाकलाप नं. ५

विद्यार्थीलाई पालैपालो सिकाइ पाटीमा समेत नक्सा बनाउने अभ्यास गराउनुहोस् । यसका लागि सुरुमा जोडी जोडीमा राखेर अभ्यास गराउनुहोस् र पछि व्यक्तिगत अभ्यास गराउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ६

विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी हरेक समूहलाई कार्डबोर्ड पेपरमा विभिन्न तथ्यलाई जनाउने सङ्केत बनाउन लगाउनुहोस् र बनाएरको सङ्केतलाई कक्षाका विभिन्न ठाउँमा टाँस्न लगाउनुहोस् । अब विद्यार्थीका समूहले वनाएका नक्सा सबैलाई अवलोकन गर्न लगाउनुहोस् र आफूलाई लागेका केही कुरा कापीमा टिप्न लगाई नक्सामा राम्रो लागेका पक्ष र सुधार गर्नुपर्ने पक्षसमेत भन्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ७

इन्टरनेट वा अन्य माध्यमबाट विद्यार्थीहरूलाई आफू बस्ने स्थानीय तहको नक्सा खोजी गर्न लगाउनुहोस् । सम्भव नभएमा आफैले खोजेर वा तयार पारेर उपलब्ध गराउनुहोस् । उक्त नक्सामा उल्लेख गरिएका तथ्यहरू सम्बन्धमा जोडी जोडीमा छलफल गराउनुहोस् । छलफल गरिएका कुराहरू कक्षामा सुनाउन लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ८

आफ्नो जिल्ला र स्थानीय तहको नक्सा छुट्टाछुट्टै आफ्नो कापीमा उतार्न लगाउनुहोस् र विभिन्न तथ्यहरू सङ्केतसहित भर्न लगाउनुहोस् । साथीहरूको नक्सासँग तुलना गरी आवश्यक सुझावहरू आदान प्रदान गर्न प्रेरित गर्नुहोस् ।

## ५. मूल्याङ्कन/स्वप्रतिविम्बन

क) विद्यार्थीको व्यक्तिगत कार्य र सामूहिक कार्यलाई उनीहरूको सक्रियता, सहभागिता, सफा र उपयुक्तता र जिम्मेवारी बोधको आधारमा मूल्याङ्कन गर्नुहोस् ।

ख) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

# पाठ ६ आफ्नो गाउँटोलको अवस्थिति

**अनुमानित कार्य घण्टा : ४**

## १. सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| हाम्रो गाउँ/टोल र विद्यालयको भौगोलिक अवस्थिति पहिचान गरी नक्सामा हुने मुख्य तथ्य सम्बन्धमा जानकारी लिन | – आफ्नो गाउँ वा टोलको भौगोलिक अवस्थिति पहिचान गर्न<br>– नक्सामा हुने मुख्य तथ्यहरू पहिचान गर्न<br>– आफ्नो गाउँटोलको सामान्य नक्सा निर्माण गर्न |

## २. पाठ परिचय

भौगोलिक अवस्थितिले कुनै पनि ठाउँको धरातलीय स्वरूप, नदी, सीमाना, भौगोलिक तथ्य आदिलाई जनाउँछ। यस्ता अवस्थितिहरूलाई नक्सा निर्माण गर्दा आफ्नो गाउँ टोल र विद्यालयको पनि नक्सा निर्माण गरी त्यस नक्सामा प्रयोग हुने मुख्य मुख्य तथ्यहरूको जानकारी लिन सक्नुपर्छ , यस पाठमा गाउँ टोल र विद्यालयको भौगोलिक अवस्थितिको चिनारी गरिन्छ । नक्सामा मुख्य तथ्यहरू जानकारी गराउनु यो पाठको मुख्य उद्देश्य हो ।

## ३. शैक्षणिक सामग्री

- आफू रहेको स्थानीय तहको नक्सा
- आफ्नो गाउँ टोलको नक्सा
- कार्डबोर्ड पेपर
- नक्सामा हुने मुख्य तथ्यहरूको सूची

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### ❖ क्रियाकलाप नं. १

विद्यार्थीहरूलाई आफ्नो स्थानीय तहको नक्सा वितरण गरी आफ्नो गाउँ र वडा पहिचान गर्न लगाउनुहोस् । कति जना विद्यार्थीले आफ्नो गाउँ र वडा पहिचान गर्न सके वा सकेनन् यकिन गर्ने । पहिचान गर्न नसक्नेलाई शिक्षकले पहिचानका लागि मदत गर्नुहोस् ।

### ❖ क्रियाकलाप नं. २

पाठमा जगदेव कामतीले भनेको जस्तै विवरण विद्यार्थीलाई तयार पार्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीलाई स्थानीय तहको नक्सा पनि त्यही विवरणको तल कोर्न लगाउनुहोस् । स्थानीय तहको नक्सामा आफ्नो गाउँ वा टोल, वडा, नदि, पोखरी, धार्मिक स्थल, चउर आदि विवरण सङ्केतसहित भर्न लगाउनुहोस् र तयार पारेको विवरण कक्षामा साथीहरूबिच साटासाट गरी साथीको विवरण पढ्न लगाउने र सुझाव भए सोसमेत दिन लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ३

नक्सामा आधारभूत कुरा के के हुन पर्छ होला भनी विद्यार्थीलाई अनुमान गर्न लगाउने । उनीहरूबाट आएका कुरा टिप्ने । नक्सामा हुनुपर्ने आधारभूत कुराहरूको चार्ट वा तालिका प्रदर्शन गरी जानकारी गराउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ४

विद्यार्थीलाई विद्यालयबाहिर खुला चउरमा लगी विद्यालयको नक्सा तयार पार्न लगाउनुहोस् । पाठ्यपुस्तकमा दिइए जस्तै क्रियाकलाप गरी विद्यालयको नक्सा निर्माण अभ्यास गराउनुहोस् । विद्यार्थीले बनाएका नक्सालाई प्रशंसा गर्नुहोस् । अझ राम्रो गर्न उत्साहित गर्नुहोस् । विद्यार्थीलाई पनि साथीहरूले बनाएका नक्सा निर्माण कार्यको प्रशंसा गर्न लगाउनुहोस् । कुनै सुधार गर्नुपर्ने पक्ष भए सुझाव दिन लगाउनुहोस् । राम्रो नक्सा भए बुलेटिन बोर्डमा टाँस्न लगाउनुहोस् ।

### ❖ क्रियाकलाप नं. ५

विद्यार्थीले सिकेका क्रियाकलापलाई घुलमिल स्थीर र जोडी विधिमार्फत सबलीकरण गराउनुहोस् । यो विधि निम्नानुसार चरणहरू पूरा गरी गराउनुपर्दछ ।

विद्यार्थीलाई खुला चउर वा कक्षाको खुला ठाउँमा लैजानुहोस् । उनीहरूलाई गीत वा ताली वा सङ्गीत आदिको तालमा नाच्न अभिप्रेरित गर्नुहोस् । ताली वा गीत वा सङ्गीत रोकिएपछि रोकिन भन्नुहोस् । अब रोकिँदा जुन साथी आफू नजिक छ । उसँग जोडी बनाउन लगाउनुहोस् । अब जोडी जोडीमा अगि सिकेका विषयवस्तुमा आधारित भई छलफल गराउनुहोस् । उदाहरणका लागि आफ्नो गाउँ वा टोलको छोटो परिचय दिनुहोस् । यो कार्य जोडीका दुवैले पालैपालो गर्नपर्ने कुरा बताउनुहोस् । यो कार्य गर्न दुई मिनेट समय दिनुहोस् जोडीमा पालैपालो आफ्नो गाउँ टोलको परिचय दिए नदिएको बुझ्नुहोस । अब फेरि ताली, गीत वा सङगीत बजाउने प्रक्रिया दोहोऱ्याउनुहोस् । अघिकै जस्तै ताली वा गित वा संगित रोकिएपछि फेरि अर्को विषयवस्तुमा साथीसँग जानेका कुरा share गर्न लगाउनुहोस् । उदाहरणका लागि नक्सामा हुनुपर्ने आधारभूत तथ्यहरू के के हुन् ? यसै गरी अन्य विषयवस्तुमा पनि सिकेका कुरा आदानप्रदान गराउनुहोस् ।

## ५.मूल्याङ्कन/ स्वप्रतिविम्बन

क) विद्यार्थीले गरेका विभिन्न क्रियाकलापमा उनीहरूले गरेको सहभागिता, सक्रियता, सहयोग, जिम्मेवारी बोध, प्रस्तुति आदि पक्षलाई समेटी मूल्याङ्कन गराउनुहोस् ।

ख) पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नको आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनको आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।